साहित्यिक पत्रिका

# नवप्रज्ञापन

प्रकाशनारम्भ : २०५०, पूर्णाङ्क : ९१, माघ–चैत २०७७

(प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार २०७७ द्वारा पुरस्कृत)

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**सह-सम्पादक**
प्रमोद पाण्डे

**उप-सम्पादक**
भक्त कार्की

**सहायक सम्पादक**
समीर पाख्रिन
बाबुराम लम्साल

**व्यवस्थापक**
गणेशराज रिजाल

**आवरण**
राजेश मानन्धर

**लेआउट**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
इमेज प्रिन्टर्स
चावहिल, काठमाडौं

**सहयात्री**
विश्वराज अधिकारी
राममणि दुवाडी
दामोदर पुडासैनी 'किशोर'
गोपाल अश्क
माधव गौतम
रमेश समर्थन
डा.पुष्कर भट्ट
वसन्तराज अज्ञात
गगनदीप सर्व
रश्मि असफल
भवानी तावा
लक्ष्मी श्रेष्ठ
रबेन्द्र 'रवि'
नन्दलाल आचार्य
इन्द्रकुमार श्रेष्ठ
रेणु गुप्ता
सुनिल कुमार
रामनिवास गुप्ता
केशव रूपाखेती
मिलन समीर
रमेश कडेल
प्रदीप धनञ्जय
जंगबहादुर यादव
संजु बाबा मोची

मूल्य : ७५/-

कार्यालयः स्वाभिमानवस्ती जीतपुर-सिमरा उपमहानगरपालिका-१६, बारा, प्रदेश-२, नेपाल
फोन नं.: ९८५५०२४९५५, काठमाडौं सम्पर्क : ९८५११३८६२४
e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com.np

## नवप्रज्ञापन प्राज्ञसभा

१. माया ठकुरी,ललितपुर २. विश्वराज अधिकारी, पर्सा ३. रुकु कार्की, मकवानपुर ४. रामप्रसाद अधिकारी, बारा ५. प्रा.डा. ध्रुवकुमार घिमिरे, बारा ६. वीणा पोखरेल, ललितपुर, ७. पीताम्बरा 'पीयूष', काठमाडौँ ८. ललिता दोषी, काठमाडौँ, ९. डा. सुषमा आचार्य, ललितपुर १०. निर्दोषकुमार, बारा ११. भद्रकुमारी घले, काठमाडौँ १२. हरिप्रसाद पाण्डेय, काठमाडौँ १३. वासुदेव अधिकारी, धादिङ १४. दीपेन्द्रसिंह थापा, धादिङ १५. ईशा शाह, काठमाडौँ १६. भगीरथ मिश्र, झापा १७. लक्ष्मी शर्मा, काठमाडौं १८. शर्मिला खड्का दाहाल, सुनसरी, १९. अनन्तप्रसाद वाग्ले, काभ्रे २०. छविरमण सिलवाल, काभ्रे २१. अर्जुन पाण्डे, धादिङ २२. कार्तिकेय घिमिरे, सर्लाही २३. पाण्डवराज कार्की, मकवानपुर २४. राजनप्रसाद सिलवाल, धादिङ २५. गंगा कर्माचार्य पौडेल, काठमाडौँ २६. वासुदेव श्रेष्ठ, धादिङ, २७. केशव रुपाखेती, धादिङ २८. निमायादेवी कायस्थ, तनहूँ २९. बाबुरामप्रसाद पौडेल, रौतहट ३०. तारा अनुरागी, झापा ३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, अर्घाखाँची ३२. रमेशमोहन अधिकारी, रौतहट ३३. यशु श्रेष्ठ, रौतहट ३४. गणेशराज रिजाल, बारा ३५. विद्याप्रसाद घिमिरे, काठमाडौँ ३६. बाबुराम लम्साल, तनहूँ ३७. प्रा.डा. कपिल लामिछाने, रुपन्देही ३८. तेजप्रकाश श्रेष्ठ, काठमाडौँ ३९. भक्त कार्की, म्याग्दी ४०. दीपबहादुर केसी, कपिलवस्तु ४१. राममणि पोखरेल, उदयपुर ४२. सौरभकिरण श्रेष्ठ, काठमाडौँ ४३. खगप्रसाद अर्याल, धादिङ ४४. नारायण क्षेत्री, बारा ४५. मञ्जु सेढाईं, धादिङ ४६. रमेश समर्थन, रुपन्देही ४७. रामकृष्ण काफ्ले, बारा ४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा ४९. विजय चालिसे, काठमाडौँ ५०. जयन्ती स्पन्दन, काठमाडौँ ५१. जनार्दन खनाल, मकवानपुर ५२. अच्यूत रिजाल, धादिङ ५३. पूर्णबहादुर थापा, धादिङ ५४. राम विनय, काठमाडौँ, ५५. भगवती अधिकारी, धादिङ ५६. घनश्याम अधिकारी, धादिङ ५७. प्रमोद प्रधान, मोरङ ५८. जय छाङ्छा, भोजपुर ५९. प्रमोद पाण्डे, काभ्रे ६०. युद्ध न्यौपाने, धादिङ ६१. अच्यूत शर्मा, धादिङ ६२. प्रदीप प्रधान, रुपन्देही ६३. सीताराम उप्रेती, झापा ६४. दुर्गाप्रसाद काफ्ले, उदयपुर ६५. कृष्ण खड्का, धादिङ ६६. मोहन दुवाल, काभ्रे ६७. रश्मि असफल, झापा ६८. समीर पाख्रिन, बारा ६९. प्रभात सापकोटा, काभ्रे ७०. विजय मैनाली, बारा ७१. राधेश्याम शिवाकोटी, बारा ७२. मुना भट्टराई, बारा ७३. बैकुण्ठ नेपाल, बारा ७४. ईश्वरराज लोहनी, धादिङ ७५. बगुवाखोला सा.सि. केन्द्र, म्याग्दी ७६. मनदेवी तण्डुकार, ललितपुर ७७. छायादत्त न्यौपाने, पर्वत ७८. दुर्गा रिमाल, काठमाडौँ ७९. भक्तबहादुर नेपाली, ललितपुर, ८०. खिमानन्द पोखरेल, गुल्मी, ८१. रञ्जुश्री पराजुली, काठमाडौँ, ८२. नन्दु उप्रेती, इलाम, ८३. समन श्रेष्ठ, काठमाडौँ,८४.गोपाल बराल काठमाडौ, ८५.भारद्वाज मित्र सिन्धुपाल्चोक, ८६.आरएम डंगोल नुवाकोट,८७. रामराज ज्ञवाली पाल्पा, ८८. गोपाल अश्क पर्सा, ८९. दिनेश गुप्ता पर्सा, ९०. हरिदेव खरेल बारा, ९१. हिर्दयनारायण चौधरी बारा ।

## सम्पादकीय

कोभिड १९ को भयावह स्थितिबाट विश्व एक वर्षसम्म वेचैन बन्यो । संसार मेरो पसरमा छ र मैले चाहे अनुसार ती चल्नु पर्छ भन्ने अभिमान बोक्नेहरूलाई यसले पञ्जामा बेरेरै छाड्यो ।

त्यति मात्र हैन मान्छेहरूलाई चिन्तन बदल्न विकल्प खोज्न समेत वाध्य बनायो । यसको मारबाट कोही अछुतो रहन सकेनन् अर्थात् केही कालसम्म भएपनि तिनीहरूका अभिमानले धर्मराउनु पर्‍यो ।

पक्कै हो, यतिखेर सारा विश्व विस्तारै तङ्ग्रने सुरसारमा छ । झण्डै एकवर्षसम्म रोगको आक्रमणबाट दिशाहीन बनेका देश अनि मानव समुदाय बाटो पहिल्याएर ठमठम्ती हिंड्ने सुरसारमा छन् । यसबाट के पुष्टि हुन्छ अन्धकारले कुनै कालखण्डमा साम्राज्य जमाए पनि सधैँ वर्चश्व कायम राख्न सक्दैन । अर्थात् जित अँध्याराको नभै उज्यालो कै हुन्छ ।

कोभिडको यो महामारीले सम्पूर्ण मानव समुदायलाई पञ्जामा मात्र राखेन विना कारण लाखौँलाखौँको ज्यान पनि लियो । कयौँलाई बेरोजगार र घरबार विहीन बनायो । विश्व अर्थतन्त्रलाई धरासायी र चौपट पाऱ्यो । यसको मारमा परेका गरिब राष्टहरूलाई लयमा फर्कन कति वर्ष लाग्ला आकलन गर्न सकिने स्थिति बनि सकेको छैन । यसले आफ्नो पहिचान विध्वंशक र कुरूपका पक्षपातीका रूपमा प्रस्तुत गऱ्यो ।

मानिस अझै यो रोगको मारमा परेर ज्यान गुमाई रहेछन् । तथापि आजको दिनसम्म आइपुग्दा निसन्देह यसको गति कम भएको छ । तर पनि निमिट्यान्न भैसकेको छैन । औषधीको सर्वसुलभता नभएसम्म यसले मानव जातिलाई दुःख दिन वा अप्ठेरोमा पार्न नछाड्ने यथार्थ धेरैले आकलन गरिरहेका छन् । औषधीको सर्वसुलभता नै मानव जातिले यो रोगबाट मुक्ति पाउने एकमात्र उपाय हो ।

अनुसन्धान कर्ताहरू विस्तारै यो रोगबाट मानव मुक्तिको बाटो खोजिरहेका छन् । उनीहरूका प्रयासले दिनप्रतिदिन सार्थकता पाईरहेको समाचार पनि प्रवाहित भैरहेछ । यसले धेरैतिर आशाको सञ्चार गराईरहेको छ । अर्थात् दिनप्रतिदिन आशावादी बन्न सकिने सम्भावनाहरू क्रमश : बढिरहेको अवस्था छ । यो सन्तोष र सकारात्मक बाटातिरको सफल हिँडाई पनि हो ।

साँच्चै हो, कोभिड १९को प्रारम्भिक अवस्था अत्यन्तै भयावह थियो । यसै र यही स्थितिमा हुन्छ भन्न सकिने अवस्थामा थिएन । दुनियाँमा डरको एकछत्र राज थियो । मनहरू आक्रान्त थिए । सन्त्रस्तता बोकेर वाँच्नु सारा संसारको अचम्मको विवशता थियो । यसलाई कोही पनि अस्वीकार गर्न सक्ने अवस्थामा थिएनन् । विवशता पूर्वक काँधमा बोक्नु अनिवार्य थियो ।

एउटा सत्य छ , सधैँ अन्धकारको साम्राज्य चल्दैन । अर्थात् उज्यालोले अँध्यारोलाई जित्ने कुरा दिउँसोको घाम झैँ छर्लङ्ग छ । त्यसैका कारण कोभिडले सबैलाई अन्धकारमा छोपिरहन सकेन । उसले पराजय स्वीकार

गर्नै पऱ्यो । हराउन अनेक खोजी र अनुसन्धानहरू भए । हामी पछि परेको प्रयास नगरेकैले हो । काम भन्दा कुरामा अधिक विश्वास गर्ने प्रवृतिकै कारण जहाँको त्यहीँ रहिरहन वाध्य भएका हौँ ।

संसारमा एउटा प्रयत्नका साथ आफूलाई विश्वास गर्नेहरू पछाडि परेका छैनन् मात्र हैन पर्दैनन् पनि । तर त्यसो भए हामी किन पऱ्यौँ त ? तपाई वा जो कोहीको प्रश्न हुन सक्छ । उत्तर पनि सजिलै छ । हामी हामी हुन नसकी सधैँ अरू र अरूका भयौँ । तर आफू र आफ्नो कहिल्यै हुन सकेनौँ । हैसियत र औकात बोकेर कर्ममा पनि लागेनौँ । यसै कारण पछि पऱ्यौ । आत्मसात गरेको बाटो नत्यागेसम्म हाम्रो अवस्था कुनै हालतमा नसुध्रिने निश्चित जस्तै छ ।

हजुर, कोभिडले संसारलाई अन्धकारमा पुऱ्याएका बखत पनि कतिपय मन मस्तिष्क यसको विपक्षमा जुटे । मुक्तीका उपायहरूको खोजी भयो । असफलताले काम गरिरहेकाहरूलाई रोक्न वा छेक्न सकेन । रातो दिनको कर्मले अन्त्यमा काम गर्नेहरूलाई सफलता दिलायो । त्यही सफलताबाट यतिखेर विश्व आशावादी बनेको छ ।

कम्पनीहरू कोभिडको औषधी निर्माणमा दिलो ज्यानले जुटेका छन् । कतिपयले उत्पादन गरेका औषधी प्रयोगमा सफल भई लगाउन पनि थालि सकिएको छ । कतिपय औषधी परिक्षणको अवस्थामा पनि छन् । तिनीहरूको सफलताले सबैको पहुँचमा औषधी पुऱ्याउन अझ सहज हुने कुरामा दुई मत हुन सक्दैन ।

सबैलाई औषधी पुऱ्याउनु चुनौतिको विषय हो । तर जस्तो सुकै चुनौति भएपनि पुऱ्याउनु नितान्त आवश्यक छ । बाँच्ने अधिकार सबैको बराबरी हो । धनी बाँच्ने र गरिब मर्ने अवस्था रहनु हुन्न । यसर्थ धनी मानिएका देशहरूले तेस्रो विश्वका जनताहरूको जीवन रक्षाका निम्ति गम्भीरता पूर्वक सोच्नु र पक्षमा काम गर्नू आवश्यक छ ।

यो महामारीको प्रकोपबाट बच्न औषधी खरिदमा गरिब देशलाई सहयोग नगर्ने धनी मुलुकहरूलाई मानवतावादी वा अशक्तहरूको सहयोगी अनि पक्षपातिको कोटिमा राख्न सकिन्न । निसन्देह अशक्तहरूलाई कुनै हालतमा औषधीबाट बञ्चित गर्न पाईदैन । औषधीबाट बञ्चित गर्नु भनेको मृत्युको मुखतिर धकेल्नु हो । यो विषयमा सम्पन्न राष्टहरूले मनग्गे सोचविचार गरून र कसैको पनि बाँच्ने अधिकार हनन् नगरून् नवप्रज्ञापन को आग्रह र अनुरोध छ ।

भर्खरै कोभिड विरूध्दको खोप हाम्रो मुलुकमा पनि आईपुगेको छ । सफाई र स्वास्थ्यकर्मी पहिलो खेपमा खोप लगाउनेहरूमा परेका छन् । यो स्वागत योग्य कुरा हो । दोस्रो चरणमा पत्रकार र विदेशी नियोगमा काम गरिरहेकाहरूको नाम छ ।

अब अग्रमेर्चामा खटिएर काम गरिरहेका सुरक्षा कर्मीहरूलाई प्राथमिकतामा राखिनु आवश्यक छ । हो ,खोप आइपुगेको छ र कोभिड पराजयको बाटोमा प्रवेश गरिसकेको छ । तसर्थ हामी सबै पहुँच खोज्नतिर नभै पालो कुर्नतिर लागौँ यो नै समयको सही आवाज हो ।



# हार्दिक अनुरोध !

नवप्रज्ञापन विगत २८ वर्षदेखि निरन्तर यात्रामा छ । यो बाराबाट प्रकाशित भइरहेको साहित्यिक पत्रिका हो । २९औँ वर्ष प्रवेशको अवसर पारी निकट भविश्यमा प्रदेश २ का गजल समेटी प्रदेश २ गजल विशेषाङ्क प्रकाशित गर्ने सोचमा छ । तसर्थ सो विशेषाङ्कमा यदि तपाई छुट्नु भएको भए यही फागुन मसान्तभित्र पाँच शेरसम्मका दुई गजलका साथ आफ्नो ठेगाना र फोटो हामीलाई प्रेषित गर्नु हुन अनुरोध छ ।

हालसम्म निम्न गजलकारका गजलहरू प्राप्त भएका छन् :

१.शिव सन्देश २.गान्धी गौतम ३.शिव के.भट्टराई ४.श्याम सहनी चन्द्रांशु ५.रमेश अजिब रश्मि ६.श्रुति आले ७.ध्रुवराज गिरी रोदन ८.बोधराज पौडेल ९.सञ्जय सुदामा १०.अर्जुन थापा ११.प्रितिञ्जला थापा १२.सुमन पौडेल १३.कुल क्षेत्री १४.शीतल गिरी १५.रेणुका जिसी १६.ममताज रानाभाट १७.श्रीराम पाण्डे १८.जीवन आचार्य निश्चल १९.रेणु गुप्ता २०.दीक्षा सुवेदी २१.नारायण निराशी २२.सौगात विश्वकर्मा २३.विश्वनाथ सञ्जेल २४. रितु गुप्ता २५.रमेशमोहन अधिकारी २६.रामचन्द्र तिमल्सिना २७.राम उदित २८.लक्ष्मण आचार्य २९.परशुराम घिमिरे निदान ३०.सुमन घिमिरे अग्रिम ३१.जिसी हरि ३२.कुमार दाहाल ३३.कृष्ण दाहाल ३४.प्रमिला पोखरेल ३५.कविराज सुवेदी कन्जुस ३६.विवश पौडेल ३७.रुपेश पटेल ३८.रुबि रौनियार ३९.रामपवित्र साह ४०.प्रकाश तिमल्सिना ४१.खेमप्रसाद बोलखे ४२. विक्रान्त शर्मा ४३.अमर त्यागी ४४. भक्ति रिजाल ४५. लीलाराज दाहाल ४६.गोपाल अश्क ४७. लक्ष्मी श्रेष्ठ ४८. भीम विराग ४९. मनु ब्राजाकी ५०. राम खनाल ५१. माधव काफ्ले ५२. रामकृष्ण काफ्ले ५३. सुनील कुमार ५४. रामप्रसाद साह ५५. बागियान शर्मा ५६. अङ्कित अधिकारी ५७. धीरकुमार श्रेष्ठ ५८. दिनेश गुप्ता ५९. जुनु क्षेत्री ६०. वैकुण्ठ नेपाल ६१. भवानी घिमिरे ६२. मिना देवकोटा ६३. निर्मोही व्यास

## रचना पठाउने ठेगाना

**mitrasanjya41@gmail.com**

**nabapragyapan@gmail.com**

# रचनाक्रम


- **स्मृति**
  - – देवीप्रसाद वनवासी/७
  - – प्रमोद प्रधान/१२
  - – वंशी श्रेष्ठ/१७
  - – नारायण तिवारी/२४
  - – बुलु मुकारुङ/२८
- **निबन्ध**
  - – माधव काफ्ले/३३
- **कथा/लघुकथा**
  - – गोपाल अश्क/३८
  - – दिला शाह/४४
  - – मनदेवी तण्डुकार /४९
  - – संजु बाबा मोची/५३
  - – कृष्ण बजगाईं/५५
  - – प्रदीप प्रधान/५६
  - – लीलाराज दाहाल/५७
- **कविता/गजल**
  - – श्यामकृष्ण डंगोल/ ३७
  - – दुर्गा रिमाल/५२
  - – दामोदर पुडासैनी/५८
  - – सीता अधिकारी/५९
  - – अनाकर/६०
  - – रामकृष्ण काफ्ले /६१
  - – रामप्रसाद साह/६२
  - – श्याम सहनी चन्द्राशुं/६२
  - – प्रदिप धनञ्जय/६३
  - – वैकुण्ठ नेपाल/६९
- **समालोचना/कृति समीक्षा**
  - – चूडामणि काफ्ले/६४
  - – श्रीराम पाण्डे/७०
  - – बाबुराम लम्साल/७२
  - – समीर पाखिन /७४
- **शब्दचित्र**
  - – राजेश मानन्धर/८०

# इतिहास पल्टाउँदै मन



● देवीप्रसाद वनवासी

मैले आफ्नो पूर्ख्यौली बेलो खोज्दै जाँदा लगभग ३०० बर्ष पुरानो प्रमाण भेटिएको छ । मेरा छ पुस्ता अघिका कुवेर रेग्मी / कुवेर जैसी थिए भन्ने प्रमाण पाइएको छ । हाम्रा छिमेकी विष्णु बल्लभ अर्याल र जागेश्वर काफ्लेको लाल मोहरमा रानाखोला र शंखरे डाँडा / घोत्राबोटका जग्गा जमिनको साँध किल्लामा कुवेर उपाध्याय रेग्मी / कुवेर जैसीको नाम उल्लेख भएको पाइन्छ । ती लालमोहरमा 'भिर्कोटे राजा तखत्मा छँदै विर्ता साँध लाई दियाको १८६२ सालमा भक्कल भै थामियाको' भन्ने उल्लेख भएको पाइएको छ । लगभग तीनसय बर्षदेखि रेग्मी परिवार दक्षिण - पश्चिम पाल्पा सर्दीबाट यहाँ आई बसोबास गरेको अनुमान हुन्छ । वि.सं. १८४२ सालमा भिर्कोट नेपाल अधिराज्यमा एकीकृत भएको हुनाले त्यसभन्दा एकडेढ सय बर्ष अघिदेखि नै यहाँ स्थायी रूपमा बस्न थालेको अनुमान गर्न सकिन्छ ।

कुवेर उपाध्याय रेग्मी / कुवेर रेग्मीबाट - दामोदर / श्यामलाल / प्यामनारायण / टीकाराम / देवीप्रसाद / सुदर्शन / दिगम्वर रेग्मी / नाती सहित ७ पुस्ता कुटो कोदालो / उकालो ओरालो गरेर दशनङ्ग्री खियाएर जीवन यापन गर्दै आएका हुन् । कुवेर रेग्मी पछिका प्राय सबै बाजे बराजुहरू साक्षर / वेद चण्डी सम्म पढेका हुँदा हुन् । यी कुरा मैले अन्यत्र पनि यत्रतत्र उल्लेख गर्दै आइरहेको छु ।)

विक्रम सम्वत् / बीसौं शताब्दीको /अन्तिम दशकको / सातौं बर्षमा मेरो जन्म भयो । संजोगै भन्नु पऱ्यो / म जन्मदा (वि.सं. १९९७ साल कात्तिक २७ गते) राणा शासनको विरूध्द भूमिगत रूपमा नेपाल प्रजापरिषद्ले आन्दोलन गर्न थालिसकेको थियो । नेपालका केही सपूतहरूलाई गाथ गादी ताकेको / ढुंगाको खलल गर्न खोजेको भनी देशद्रोहको अभियोग लगाई, पक्राउ गरी कठोर कारागृहमा थुनी मुद्दा चलाइ सकेको थियो ।

उता भारतमा निर्वासनमा रहेका / देशबाट निकाला गरिएका बुध्दिजीवीहरू पनि महात्मा गान्धीको अहिंसात्मक /असहयोग आन्दोलनबाट प्रभावित भई शुक्रराज शास्त्रीले 'जय नेपाल' को सन्देश दिएर नेपालका र भारतमा रहेका नेपाली विद्वान / बुध्दिजीवी/ विद्यार्थीहरूका कानमा राष्ट्रिय चेतनाको ध्वनि प्रक्षेपण गरीसकेका थिए । त्यसको प्रभावबाट गोप्य रूपमा नेपाल प्रजापरिषदको नाममा संगठित भई राणा विरूध्द अहिंसात्मक आन्दोलनको घोषणा गरेर राणा शासकका कानमा आन्दोलनको बीउ रोपीसकेका थिए ।

शुक्रराज शास्त्री लगायतका व्यक्तिहरू विरूध्द मुद्दा चलाई फाँसीको सजायका साथसाथै गणेशमान सिंह सहितका व्यक्तिहरूलाई विविध दण्ड सजाय तोकी कालकोठरीमा थुनीसकेका थिए ।

पश्चिम ४ नम्बर भिर्कोट दभुङ् अरमादी शङ्खरे डाँडामा आमा तीलाकुमारी उपाध्याय रेग्मी/पिता टीकाराम उपाध्याय रेग्मीको कोखबाट दोस्रो सन्तानको रूपमा मेरो जन्म भयो । म भन्दा अघि मेरा मातापितालाई पहिलो सन्तान / जेठो छोराको असामयिक निधनबाट, खास गरेर मेरी आमालाई पुत्रशोकको पीडाले एकपटक विचलित बनाइसकेको थियो । उहाँले चिनाटिपन हेराएर/ विविध ब्रत/ उपवास बसेर/ भाकल गरेर दुई वर्षपछि मेरो जन्म भएको थियो ।

नेपालको त्यस अवस्थाको परिवेश एवम् वातावरणले गर्दा यी सानातिना रोग / बालव्यथाबाट ग्रस्त भै रहदा आमालाई निकै पिरलो परिरहन्थ्यो । २००० साल लाग्दा नलाग्दै मेरा पितालाई जाली फटाहाहरूले जग्गा जमिनका मुद्दा मामिला पारी दिए । पिताजी मुद्दामा हिडीरहनु हुन्थ्यो । म पछि तीनोटा बहिनी र तीनोटा भाई पनि जन्मदै गए । माहिलो भाई अधबेस्रो थियो । उसको एघार वर्षको उमेरमा कर्म नचल्दै मृत्यु भयो । माहिली बहिनीको विवाह भैसके पछि मृत्यु भयो । मेरो कान्छो भाई २०१२ सालमा जन्मेको थियो । अहिले मेरा दुई वहिनी र दुइटा भाइहरूको भौतिक उपस्थिति छँदै छ ।

मेरा पिताजीलाई आठ महिनामै बाजेले छोडेर जानु भयो । बज्यैले पनि मेरा माता पितालाई किशोर किशोरीको अवस्थामा छोडेर आफ्ना पतिकै बाटो लाग्नुभयो । खेती गरेर खाने जग्गा जमिन प्रशस्तै हुँदा हुँदै पनि निर्ध्याई परेको हुनाले माता पिताले जिनुतिनु जीवन निर्वाह गर्दै रहनु भयो । वि.सं. १९७४ सालमा जन्मनु भएका पिता १९ वर्षमा वि.सं. १९९३ तिर आमालाई एक्लै घरमा छोडेर बर्मा जानु भयो । बर्माको नेपाली बस्तीमा गाई गोठमा बसेर / दूध दुहेर/बजारमा लगेर बेच्ने काम गर्नु भयो । तर त्यहाँको हावा पानी नमिलेर उहाँ विरामी पर्नुभयो । कसैले लगेर अस्पतालमा भर्ना गरीदिएछन् । तर साथमा केही पैसा खर्च नभएको र अरू कुनै अभिभावक पनि कोही हेर्न नआएकोले बेवारिसी भनेर उहाँलाई सामान्य ओखती दिएर सिंगल कोठामा लगेर राखी दिएछन् । बर्मामै व्यवसाय गरी बसेका हाम्रै छिमेकी गाउँ दभुङ्का बासिन्दा एक जना सज्जन अस्पतालमा आएर पिताजीलाई हेर्न पुगेछन् । सोध खोज गर्दा हाम्रै बावु बाजेका परिचित व्यक्ति रहेछन् । उनकै सौजन्य र सहयोगले पिताजी रोगबाट निको हुनु भएछ । बर्मामै बसेका नेपाली एकजना ज्योतिषिलाई हेराउँदा 'तपाईंको घर भन्दा एक कोश पर पूर्वपट्टि पूर्ख्यौली जग्गा रहेछ । त्यो अहिले बाँझिएर पाती घारी भैसकेको रहेछ । त्यहाँ घर बनाएर बस्नुभयो भने परिवारको खाएजिय हुन्छ' भनी दिएछन् । सात महिनामै बर्माबाट फर्केर पिताजीले रानाखोलाको जन्मथलो छोडेर शङ्खरे डाँडामा आएर १९९४ सालमा घर बनाएर बस्न लाग्नुभएछ । त्यही शङ्खरे डाँडामा १९९७ साल कात्तिक २७ गते मेरो जन्म भएको रहेछ । मेरी आमाको २०३५ सालमा निधन भयो । मेरा पिता / भाइहरू सँगै रानाखोलाको पुरानो घरेडीमा सर्नुभयो । वि.सं. १९६७ साल जेठ ३२ गते ९१ बर्षको उमेरमा उहाँको निधन भयो । म पनि अहिले ७८ वर्षमा विचरण गर्दै रहेको छु, शङ्

खरेडाँडाको घरेडी कुरेर । मेरी आमाको माइत प. ४ नं गर्ह्रौं / अहिलेको वालिङ् -३ भीमटारीमा थियो । पहिलो सन्तान खेर गएकोले आमाले मलाई मामाघरमा लगेर भातख्वाई गराई दिनुभयो । मेरा मातामह पं. मेदिनीप्रसाद अर्याल सुप्रसिध्द पंडित हुनुहुन्थ्यो । उहाँले नै मलाई भात ख्वाईदिनुभयो । विशेष गरेर मातामहको पनि म जेठो नाती भएको र मामाहरूका सन्तान भैनसकेका हुनाले म सबैको प्यारो थिएँ । चार बर्ष पुगेपछि आमाले मामाघरमा लगेर छोडीदिनुभयो । म दुब्लो पातलो कदको भए पनि टाठो थिएँ । मातामहले बिहान उठेर नुहाईधुवाई वलि वैश्वदेव / पंचाङ्ग पूजा नगरी खानुहुन्नथ्यो । उहाँलाई चाहिने कुरा मैले भित्रबाट बाहिर मन्दिर सम्म ल्याइदिन्थे । उहाँले आफ्नो नित्यकर्म पाठपूजा गरीसकेपछि मलाई नैबेद्य दिनु हुन्थ्यो । त्यही आशाले पनि म उहाँकै निकटमा आज्ञाकारी बालकको भूमिका निर्वाह गरीरहन्थें ।

मातामह धुरन्धर पंडित हुनुहुन्थ्यो । उहाँले वेद/चण्डी/ कर्मकाण्ड/ सारस्वत (व्याकरण) श्रीमद्भागवत पढाउनुहुन्थ्यो । कतिपय विद्यार्थीहरूले घोकेको सुनेर मैले पनि कण्ठै पारेको हुन्थें । पाँचै बर्षमा मातामहले मलाई धुलौटामा लेखेर कखहरा चिनाउनु भयो / हातमा समाएर लेखाउनुभयो । मैले ठूलो वर्णमाला एकै वर्षमा कण्ठ पारेर उहाँलाई सुनाउँथें । बाह्रखरी खारेपछि मातामहले मलाई ठूलो वर्णमालाका सरस्वती स्तोत्र / गणेश स्तोत्र / सूर्य स्तोत्र घोकाउनु भयो । मैले कण्ठै पारेर सुनाउँथें । त्यतिन्जेल मैले उहाँले बिहान बेलुकी पूजा / आरती गर्दा भन्ने गरेका कतिपय संस्कृत स्तोत्रहरू पनि कण्ठै पारेर सुनाउँदा मख्ख परेर मलाई स्यावासी दिनुहुन्थ्यो । औंसी / पूर्णिमा / द्वादसी / संक्रान्तिमा टीका लगाएर पाँच पैसा ढयाक दिने गर्नुहुन्थ्यो । मैले बज्यैलाई राख्न दिन्थें । आमा आउँदा मेरो पैसा आमालाई दिएर पठाउनुहुन्थ्यो । २००३ सालतिर मैले दुर्गा कबच र चण्डी पढ्न थाले । दिनदिनै मैले मातामह र मामाहरूलाई आफुले लिएको पाठ कण्ठ गरेर सुनाउँथें र अर्को पाठ लिने गर्दथें । लगभग एक डेढ बर्षमै मैले दुर्गा कवच र सप्तसती चण्डी पढेर सिध्याएँ । म सात वर्ष पुगेर आठ वर्ष लाग्नासाथै २००४ सालमा मातामहको निधन भयो । मातामहको निधनले मलाई केही समय टुहुरो भएको अनुभव भयो । २००४ सालको हिउँदमा मेरो व्रतबन्ध भयो । त्यसपछि मैले वेद पढ्न थालें । चालिस अध्याय वेद पनि मैले ठूलामामा पं. त्रिलोचन र सानामामा पं. मोहिनी प्रसादसँग पढ्न थालें । लगभग दुई तीन वर्षमा मैले वेद पनि पढेर पाठ गर्न सक्ने भएँ । मामाहरूले पनि कतै सप्ताह/रूद्री कार्यमा जाँदा मलाई पनि लिएर जानुहुन्थ्यो । मैले पनि वेद चण्डी पाठ गर्थें र मोहर/रूपियाँ दक्षिणा कमाउँथें । कतैबाट पितृभोजमा सुपारी आयो भने मामाहरूले मलाई पठाउने गर्नुहुन्थ्यो । मलाई केही पैसा पनि आम्दानी हुन्थ्यो । घरमा बा आमालाई पनि केही सगाउ पुग्थ्यो ।

त्यतिन्जेल म संस्कृत स्तोत्रहरू / नेपाली भगवती स्तोत्र कण्ठै पारेर शुध्द उच्चारण साथ पढ्न सक्ने भैसकेको थिएँ । रामायण / कृष्ण चरित्र / स्वस्थानी ब्रतकथा पढेर आमालाई पनि सुनाउने गर्थें । आमा पंडितकी छोरी हुनाले आफै पनि साक्षर हुनुहुन्थ्यो । प्राय पौराणिक कथाहरू उहाँले सानै देखि सुन्ने गर्नु भएको हुनाले सनातन धर्मका व्रत / पूजा आजा/ तिथिपर्वहरू गृहिणीको रूपमा सँधैं पालन गर्नुहुन्थ्यो ।

धर्म / संस्कारको पालना गर्नुहुन्थ्यो । त्यसले गर्दा ममा त्यो प्रभाव परेको थियो मामाहरू पनि पंडित परिवार भएका हुनाले त्यही संस्कारले गर्दा म पनि आफ्नो आचार व्यवहार ब्राह्मण संस्कारमा हुर्केको थिएँ । सात आठ बर्ष भएपछि म मामाघर र घरमा एक्लै आवत जावत गर्न सक्ने भैसकेको थिएँ । आठ वर्ष लागेपछि म गाईगोरू लिएर बर्षामा डाँडा/पाखा/पखेरातिर चराउन जान्थें । हिउँदमा धान काटी सकेपछि आँधी खोला/ मिर्दीखोला र अरमादी खोलाका फाँटमा गाईगोरू चराउन लान्थें ।

मेरो उमेर अवस्था अनुसार केही नयाँ कुरा जान्ने, सुन्ने, पढ्ने, उत्सुकता, जिज्ञासा र जागरूकता पनि बढ्दै गयो । वेद, चण्डी स्तुती स्तोत्रबाट म आधुनिक नेपाली भाषामा लेखिएका सवाई/लहरी/झ्याउरे गीततिर लहसिदै गएँ । २००७ सालको परिवर्तनले आँधीखोलामा नयाँ लहर पैदा भएको थियो । लहरीहरू मनोरञ्जन प्रधान हुन्थे । सवाईहरू ऐतिहासिक र समसामयिक पनि हुन्थे । २००७ सालपछि झ्याउरे गीतहरू / पार्टीका प्रचार सामग्रीहरू छापा पर्चा / पम्पलेट / पुस्तक पत्रिका पनि आँधीखोलाका मूल बाटामा यत्रतत्र फ्याकिएका पाइन्थे । खास गरेर झ्याउरे लयका कविता तथा गीतहरू चाख लाग्दा र रोचक हुन्थे । त्यतिखेर पढ्ने कुनै स्कूल थिएनन् । तान्सेन, पोखरा / बुटवल, काठमाडौं र वनारसतिरबाट कसैकसैले विविध पुस्तक पत्रिका लिएर आउथे । फेला परे सम्मका लेखनाथका कविताहरू / धर्मराज थापा र अलिमियाँका झ्याउरे गीतहरू मैले प्राय कण्ठै गरेको हुन्थें । २००७ सालमा आन्दोलन भई नेपालमा प्रजातन्त्र आएको चर्चा परिचिर्चा भएको कुरा बूढापाकाहरूबाट सुन्दा त्यसप्रति पनि म जागरूक हुदै गएँ । त्यो वातावरणले ममा केही राष्ट्रिय चेतनाको विजारोपण गऱ्यो । म राष्ट्रिय भावनाले ओतप्रोत हुँदै गएँ । यसरी २००७ सालसम्ममा म एउटा साक्षर टाठो केटो भैसकेको थिएँ । आँधीखोलामा पार्टीका जुलूस/ नारावाजी/ भाषण पनि हुन थाले । म पनि त्यस्ता कार्यक्रममा एउटा श्रोताको रूपमा घुलमिल भएर आफ्ना जिज्ञासा मेट्ने प्रयास गर्थे ।

सात सालको परिवर्तनको लहरमा बहेलिदै मैले १० बर्षमा पाइला टेकैँ । त्यतिखेरको गाउँले जनजीवनमा आफ्नो घरमा केही न केही आफूले सक्ने काम गर्ने पर्थ्यो । घरमा मैले आमालाई सघाउनु पर्थ्यो ।

मामाघरमा पनि बिहान बेलुका पढ्दै दिउँसो लाए अह्राएको काम गर्नुपर्थ्यो । आमा घरधन्दा / कामकाज गरेर फुर्सद भएपछि बेलुकी तोरीको तेलमा दियो बालेर दूना टपरी गाँस्ने / बाती कात्ने गर्नुहुन्थ्यो भने। मैले रामायण / कृष्ण चरित्र / स्वस्थानी व्रतकथा पढेर सुनाउने गर्थे । २००८ सालमा एउटा मुद्दामा म्याद आएकोले पिताजी नेपाल / काठमाडौं जानु भयो । आमाले रातभरी तोरीको तेलमा बत्ती बालेर घरधन्दा साथै मुद्दाको हारजीत के कसो हुने हो भनी मनमन भगवानको नाम सम्झी चिन्ता गरीरहनुहुन्थ्यो । म पनि रामायण कृष्णचरित्र / स्वस्थानी पढेर सुनाउने गर्थे । आखिरमा २००८ साल फागुनमा मुद्दा जितिएको खबर आयो । त्यसको पन्ध्र दिनपछि पिताजी पनि घरमा आइपुग्नुभयो । त्यो मुद्दा जग्गाजमिनको हक बेहकको मुद्दा थियो । सफल भएको हुनाले बा आमाले सप्ताह गर्ने संकल्प गर्नु भएको रहेछ । २००९ सालको भाद्र कृष्ण

पक्षमा सप्ताह गरियो । त्यो सप्ताहमा मैले सातै दिन बसेर भागवत कथा सुनेको थिएँ । झगडा मुद्दामा हिड्दा धेरै ऋण लागेको थियो । मुद्दा जितेपछि प्राप्त भएको केही जग्गा बन्धकी दिएर ऋण छम्कटिएकोले हाम्रो आर्थिक स्थितिमा पनि केही सुधार हुँदै गयो ।

तिनैताका सानामामा पं. मोहिनी प्रसादले छाङ्छाङ्दीको बजारमा 'चाणक्य नीति दर्पण' को पुस्तक किनीदिनुभयो । मैले चाणक्य नीति पढ्न थालें । त्यसमा संस्कृतका श्लोक थिए भने नेपाली भाषामा टीका पनि थियो । सानामामा सँगै मैले चाणक्य नीति दर्पण कण्ठै गरेर पढें । नेपाली टीकाबाट मैले त्यसको अर्थ अलिअलि बुझ्दै गएँ । चाणक्य नीति पढी सकेपछि 'सारस्वत र अमरकोष' पढ्न थालें । सारस्वत संस्कृत सरल व्याकरण थियो । दध्यानय साध्न नभ्याउँदै मेरो संस्कृत पढ्ने क्रम भंग भयो ।

हाम्रा सानातिना जग्गा जमिनका केही मुद्दा छँदैथिए । पिताजीका झगडा मुद्दाका कागजपत्र हेर्न पढ्न पर्थ्यो मलाई पनि । छाङ्छाङ्दीको बजारबाट एक दुई कोरी नेपाली कागज किनेर ल्याएर पिताजीले मलाई सोझो हरफ पारेर लेख्न लगाउनुभयो । खयर मसी र निगालाका कलम पनि बनाई दिनुभयो । मैले निगालाको कलमले नेपाली कागज घुँडामाथि राखेर लेख्न थालें । २०१० सालमा म १२ बर्ष नाघेर १३ बर्ष लागेको थिएँ । त्यसपछि म इलम सिक्न भनेर नुवाकोटमा गएर बस्न थालें । अड्डाखाना र घरसारमा प्रचलित विभिन्न व्यहोराका कागज लेख्ने अभ्यास गर्दै गएँ । दुई बर्ष जति त्यतातिर भुलें । त्यहाँ कर्मचारी / हाकिम / सुब्बा / डिट्ठा विचारी कर्मचारीको लवाई / खवाई / बोलीचाली / व्यवहारको पनि संगत अनुभव भयो मलाई । चौध पन्ध्र बर्षतिर चार पाँच महिना पाल्पा / तानसेनमा गएर बसें । स्याङ्जा नुवाकोटका भन्दा धेरै सभ्य थिए पाल्पा / तान्सेनका मानिस । त्यहाँ मैले पहिलोपल्ट पानीका कलधारा देखे । 'रेडियो र फोनबाजा बजेको सुनें । तान्सेनमा राती १० बजे तोप चल्थ्यो । बाँदरभालुका नाँच पनि देखें । पं. ४ नं देखि प्यूठान सम्मको अपिल अड्डा पनि त्यहीँ थियो । त्यहाँ मैले पाल्पाली सभ्यता र शहरिया वातावरणको झलक पनि देख्न सुन्न पाएँ । त्यस पछिका चार पाँच बर्ष मैले घरमै बसेर खेती बाली र पशुपालनको काम गर्दै गएँ । सोह्र सत्र नाघेपछि मेरो विवाहको चर्चा चल्न थाल्यो । केही पढेलेखेको / घर व्यवहारमा पनि प्रशिक्षित भैसकेको हुनाले टाढा टाढाबाट पनि मेरो घर र मलाई पनि केटो हेर्न आउने गरेको मैले थाहा पाएकै थिएँ । त्यस्तैमा, बा आमाले सल्लाह गरेर पिताजी ज्योतिषी चण्डीप्रसाद तिवारीकहाँ मेरो चिना हेराउन जानुभएछ । अझै तीन चार वर्ष विवाह गर्न जुरेको छैन भनी दिएछन् जैसीले । चण्डीप्रसाद तिवारी मेरा मातामहका गायत्री शिष्य र भागवत पुराणका शिक्षक थिए । उनले मलाई 'राजग्रह परेको छ, तपाईंको छोराको जागिर खाने योग परेको छ' भनी दिएछन् । भित्र अगेनाको छेउमा बसेर बा आमाले गरेको कुरा सुनेपछि मलाई घरमा बस्नै मन लागेन । त्यतिखेर रानाखोलामा भैंसी पाल्ने गरेको थिएँ मैले । केही पैसा सानामामासँग सापटी मागें । एक जनासँग मकै बेचेको दाम लिनुपर्ने थियो । त्यो पनि जम्मा गरी बाटा खर्चको जोहो गरी रू. ६० ।- साथमा लिएर खाली खुट्टा नेपाल जान भनी एकाबिहानै उठेर म भागेर काठमाडौं तिर लागें ।

*– शङ्खरे डाँडा, स्याङ्जा*

# हिजो हिजै थियो



● प्रमोद प्रधान

बाल्यकालको कुरा कहाँबाट सुरू गरूँ ? अन्योलमा छु । वास्तवमा बाल्यकाल मानिसको जीवनको सबैभन्दा उत्कृष्ट समय हो । बाल्यकालको संसार अत्यन्त रमणीय पनि हुन्छ । बालबालिकामा हुने निश्चलता र इमानदारी उमेरसँगसँगै सकिने भएकाले पनि बाल्यकाल सबैभन्दा राम्रो भएको हुनसक्छ । २०१५ सालको दशैं छेक्दै मेरो जन्म भएको हो । मैले बुबापट्टिको हजुरआमा र हजुरबुबालाई देख्नै पाइँन । आमापट्टिको भने हजुरआमालाई मात्र देख्न पाएँ । तर अत्यन्त थोरै समयमात्र हजुरआमाको साथ रहेकोले त्यत्ति धेरै कुरा सम्झन्नँ । आमा गङ्गादेवी र बुबा डिगमप्रसाद प्रधानकै न्यानो माया, ममता र स्नेहमा बालापन बित्यो । तर विराटनगरमा हुँदा चमा (आमाकी बहिनी) गायत्रीको न्यानो माया र स्नेह पनि सम्झिरहन्छु म ।

वर्माको सेनाको आकाशवाणीको काम छाडेर राणाशासनविरूद्ध नेपाली काङ्ग्रेसले थालेको क्रान्तिमा सहभागी हुन मेरो बुबा नेपाल आउनु भएको थियो । काङ्ग्रेसले मुक्तिसङ्ग्राममा सहभागी हुन गरेको आह्वानबाट अभिप्रेरित भई आप्ूनै देश फर्कने निधो गर्नुभएको थियो उहाँले । त्यसपछि उहाँ विराटनगरको सीमावर्ती भारतीय बजार जोगबनीमा तत्कालीन नेपाल प्रजातन्त्र रेडियोको पहिलो प्राविधिकका रूपमा काम गर्न थाल्नुभयो । मुक्तिसङ्ग्राम सकिएपछि रेडियो काठमाडौं लगिने भयो तर उहाँ जान चाहनु भएन । त्यसपछि उहाँको सरूवा आकाशवाणीमा भयो ।

### क. प्रश्नपत्र सारेरै उत्तीर्ण

मेरो अक्षरारम्भ कसरी भयो भन्ने कुरा पनि अहिले म सम्झन्नँ । तर प्राथमिक कक्षाका बेलाका दुई घटना भने अझै मेरो मनमा ताजा छ । मेरो पढाइ विराटनगरमै प्रारम्भ भयो । त्यसबेला विराटनगरको वनस्खण्डीमा रहेको प्राथमिक विद्यालयमा मलाई भर्ना गरिएको थियो । त्यहाँ साथीहरूबीच भएको झगडामा दुई पक्षबीच ढुङ्गा हानाहान हुँदा अरूसँगै म पनि रमिते थिएँ । तर अचानक उनीहरूले एकअर्कालाई हानेको ढुङ्गा आएर मेरो गालामा लाग्दा निकै ठूलो घाउ भयो । म रूँदै घर आएर सिम्रिक लगाएको घटना सम्झँदा मलाई नरमाइलो लाग्छ । त्यस घटनापछि मैले झगडाका घटनामा दर्शक पनि हुनुहुन्न भन्ने बुझैं ।

त्यसै विद्यालयमा पढ्दाको अर्को

घटना सम्झँदा भने अहिले पनि रमाइलो लाग्छ । कक्षा १ बाट २ मा उक्लिनका लागि लिइएको परीक्षामा मैले जे प्रश्नपत्र दिइएको थियो, त्यही सारेर कपी बुझाएँ । तर म उत्तीर्ण भएँ । अहिले ती दिनहरू सम्झँदा आफैलाई कुतकुती लाग्छ । अहिले वनस्खण्डीबाट विद्यालय सरिसकेको छ । त्यसपछि बुबाको सरुवा विराटनगरबाट जलेश्वर भइहाल्यो ।

**ख. गीतको नाममा जिङ्गल**

त्यसबेला विराटनगरबाट जलेश्वर जान नेपालबाट यातायात चल्ने बाटो र साधन दुवै थिएन । यो २०२२ सालको कुरा हो । त्यसैले हामी सपरिवार जोगबनीबाट भारतको बाटो भएर सीतामढी, भिट्टामोड हुँदै जलेश्वर पुग्यौँ । जलेश्वरमा २०२५ सालसम्म हाम्रो बसाइ भयो । जलेश्वर महादेव मन्दिरसँगैको पोखरीको किनार र सार्वजनिक पुस्तकालयसँगै जोडिएको प्राथमिक विद्यालयमा कक्षा ३ मा बुबाले मलाई भर्ना गरिदिनुभयो ।

जलेश्वरको उक्त विद्यालयमा त्यसबेलै पढाइका साथसाथै दौड र गायनको नम्बर पनि प्राप्ताङ्कमा जोडिने चलन थियो । त्यस्तो चलन मैले विराटनगरमा भने देखेको थिइँन । दौडमा म तेस्रो भएँजस्तो लाग्छ मलाई तर गीत गाउन त कहाँ आउनु ? तथापि जलेश्वर पुगेपछि २०२२ सालमै घरमा जापानमा बनेको सोनी ट्रान्जिष्टर भित्रिसकेको थियो । त्यो भित्रिनुको पनि अर्को कथा छ । त्यसैले रेडियोमा धेरै बजिरहने जनकपुर चुरोट कारखानाबाट उत्पादित जानकी चुरोट र बाँसबारी छालाजुत्ता कारखानाबाट उत्पादित जुत्ताको जिङ्गललाई नै मैले गीत ठानेको रहेछु । त्यसैले मैले सबैको अगाडि त्यही दुई जिङ्गल (विज्ञापन गीत) गाइदिएँ :

बाँसबारी छालाजुत्ता कारखाना नाउँ
साह्रै असल जुत्ता बन्छ आजै किनी लाऊँ
बाँसबारीको साह्रै असल जुत्ता,
बलियो र फस्टक्लास...

सम्भवतः यस्तै थिएँ बाँसबारी जुत्ताको विज्ञापन गीतका शब्दहरू । तर जानकी चुरोटको विज्ञापन गीतका पङ्क्तिहरू भने अहिले सम्झना छैनन् । तथापि गीतको अन्तरा सुरू हुनुअघि तीनपटक 'जानकी... जानकी... जानकी... भन्ने गरिएको पनि अझै याद छ । अहिले त न बाँसबारी छालाजुत्ता कारखानाको अस्तित्व छ न त जनकपुर चुरोट कारखानाको । राजनीतिक हस्तक्षेप र उदारीकरणका नाममा सत्तासीनहरूले राष्ट्रको सम्पत्ति कसरी सक्दारहेछन् भन्ने उदाहरणका रूपमा यी दुई उद्योगको अवसानलाई लिन सकिन्छ ।

जलेश्वरको आकाशवाणी कार्यालयको पछिल्तिर खेतैखेत थियो । हामी खेतमा जमेको पानीमा माछा मार्न जान्थ्यौँ । माछा मार्न जानुअघि दाइ र म खुर्पीले माटो खनेर गड्यौला झिक्थ्यौँ र एउटा कागजको थुङ्गामा राखेर लैजान्थ्यौँ । असाध्यै रमाइलो हुन्थ्यो । चङ्गा उडाउन पनि मैले जलेश्वरमै सिकेँ । बुबाले दाइ र मलाई लट्टाइ किनिदिनुभएको थियो । तर दाइको लट्टाइ काठको बलियो, राम्रो र ठूलो थियो भने मेरो बाँसको कमजोर, नराम्रो र सानो थियो । दाइको जस्तो लट्टाइ नकिनिदिएकोमा मलाई साह्रै

नराम्रो लागेको थियो ।

**ग. फुटबल खेल्दा च्यातियो मुख**

जलेश्वरमै मेरो दाइभन्दा पनि जेठो शिव दाइ, शङ्कर दाइसहितसँग म पनि फूटबल खेल्थेँ । अफिसको कम्पाउण्ड ठूलो थियो । किनभने आकाशवाणी कार्यालयको एन्टेनाहरूका लागि धेरै जमिन चाहिन्थ्यो । एकपटक फूटबल खेल्दा लडेर मेरो मुखको दाहिनेतिरको भाग च्यातियो । अहिले पनि देब्रेतिरको भागभन्दा दाहिनेतिरको भाग छाम्दा पातलो लाग्छ । तर फूटबल मेरो सबैभन्दा रूचिको खेल थियो । पछि विराटनगरमा आएपछि पनि कक्षा १० मा हुँदा म विद्यालयको खेलाडी थिएँ र विद्यालयस्तरीय फूटबलमा मेरो पनि छनोट भएको थियो । पछि क्याम्पसमा पनि आई.कम. र बी.कम.को बीच फूटबल हुँदा म आई.कम.को टोलीमा समावेश थिएँ । फूटबलमा खेलेर पाएको दुइटा कप अहिले कता पुगे कता ?

**घ. जीवनको पहिलो कविता**

प्राथमिक तह सकेपछि जलेश्वरकै ल.च.मु.उ. विद्यालयमा कक्षा ६ मा मलाई भर्ना गरियो । मेरो दाइ दिलीप प्रधान पनि त्यही विद्यालयमा कक्षा ९ मा पढिरहनु भएको थियो । त्यो विद्यालयको पूरा नाम लक्ष्मीनारायण चण्डी मुरारका उच्चाङ्गल विद्यालय भए पनि हामी जिस्केर लङ्गडा, चण्डाल, मूर्ख, उल्लु विद्यालय भन्थ्यौँ । त्यो विद्यालय मारवाडी समाजसेवी मुरारका परिवारबाट निर्माण गरिएको थियो । त्यसबेला विद्यालयको प्रधानाध्यापक सभापति दास हुनुहुन्थ्यो । कालो वर्णको मोटो र अग्लो शरीर । देख्दैमा डरलाग्दो तर विद्वत्ताले भरिपूर्ण । त्यहाँ रामप्रसाद सिरज नेपाली शिक्षक हुनुहुन्थ्यो । आफै साहित्यकार ।

तत्कालीन रानी रत्नराज्यलक्ष्मी देवी शाहको जन्मदिन प्रत्येक वर्ष भदौ ४ गते राष्ट्रिय बालदिवसको रूपमा मनाउने प्रचलन थियो त्यसबेला । सोही उपलक्ष्यमा कविगोष्ठीमा पाठ गर्न कविता लेखेर ल्याउन सिरज सरले हामी कक्षा ६ का विद्यार्थीलाई पनि अह्राउनु भयो । भएका पाठ्यपुस्तक पढ्न नै गाह्रो पर्ने हामीले कविता कसरी पो लेख्नु र ? तर घरमा आएर समस्या बताएपछि बुबाले एक पङ्क्ति र दाइले अर्को पङ्क्ति थपिदिएपछि मेरो कविता तयार भयो । यसरी जीवनमा मैले पहिलोपल्ट कविता लेखे । सो विद्यालयबाट सिर्जना नामक पत्रिका पनि निस्कन्थ्यो । त्यस पत्रिकाका दुई अङ्कमा दाइका लेख छापिएका थिए । एउटा लेखको शीर्षक विज्ञानको चमत्कार थियो । अर्कोको बिर्से । दाइको नाम छापिएको देखेर पनि म लेखनतर्फ आकर्षित भएँ ।

सिरज सरको दुइटा कवितासङ्ग्रह प्रकाशित भइसकेका थिए सायद त्यसबेला । पहिलो सङ्ग्रहको नाम याद भएन तर दोस्रो कवितासङ्ग्रहको नाम 'म मरिसकेपछि" थियो । त्यसमा उहाँको उपनाम 'सिरज"को सट्टा 'असल" राखिएको थियो । त्यस्तै सोही विद्यालयका संस्कृत शिक्षक बदरीनारायण झाको मैथिली गीतसङ्ग्रह गीतकुञ्ज पनि त्यसबेला निस्किसकेको थियो । यसरी लचमुउ विद्यालयमा कक्षा ६ मा पढेदेखि मेरो रूचि क्रमशः साहित्यतर्फ मोडियो ।

त्यसमा घरमा भएको सोनी रेडियोबाट हामीले सुन्ने गरेको रेडियो नेपालका गीतहरूले मलजल गऱ्यो ।

**ङ. पुस्तकालय सञ्चालनको जिम्मेवारी**

कक्षा ६ सकेपछि हामी सपरिवार जनकपुर सऱ्यौँ । बुबा चिफ टेक्निसियन (कार्यालय प्रमुख) रहनुभएको आकाशवाणी कार्यालय जलेश्वरबाट जनकपुर सारिएपछि हामी सबै जनकपुर आएका थियौँ । तर दाइलाई चाहिँ विद्यालयले जान दिएन । दाइ विद्यालयको राम्रो विद्यार्थी हुनुहुन्थ्यो र एसएलसी दिँदै हुनुहुन्थ्यो । पहिलो श्रेणी आउनसक्ने भएकाले विद्यालयले दाइलाई जान दिएन, वरू सुविधा उपलब्ध गराएर त्यही राख्यो । दाइले सोही विद्यालयबाट एसएलसी २०२६ सालमा पहिलो श्रेणीमा उत्तीर्ण गर्नुभयो । पछि उहाँले रूसबाट माइनिङ इन्जिनियरिङ गर्नुभयो ।

जनकपुरमा मेरो नाम सरस्वती बहुउद्देश्यीय विद्यालयमा र दिदी प्रमी र बहिनी शशीको नाम सकलभवन कन्या विद्यालयमा लेखाइयो । हामी सँगै विद्यालय जान्थ्यौँ र एउटा दोबाटो आएपछि छुट्टिएर आआफ्नो विद्यालयतिर लाग्थ्यौँ । मैले सरस्वतीमा कक्षा ७ देखि ९ सम्म पढेँ । गङ्गाधर दत्त विद्यालयको प्रधानाध्यापक हुनुहुन्थ्यो । सरस्वतीमा शिक्षकहरू एक से एक थिए । सबै विषयका शिक्षकहरू उत्तिकै निपुण र आफ्नो विषयमा उम्दा । अब मेरो पढाइ पनि राम्रो भइसकेको थियो । कक्षा ७ बाट ८ मा जाँदा म पाँचौ भएँ भने ८ बाट ९ मा जाँदा पहिलो भएको थिएँ । त्यस विद्यालयमा कक्षा ९ का विद्यार्थीलाई पुस्तकालय सञ्चालनको जिम्मेवारी दिने परम्परा रहेछ । ८ बाट पहिलो भई कक्षा ९ मा पुगेका कारण सञ्चालनको जिम्मेवारी देवकान्त सरले मलाई दिनुभयो । मैले मेरा अन्य तीन साथीसहित पुस्तकालय सञ्चालन गऱ्यौँ । मलाई सहयोग गर्ने अन्य साथीहरूमा शशि र मणिराम गिरीको सम्झना अहिले पनि छँदै छ । विद्यालयको मध्यान्तरका बेला हामी पुस्तक लिनेदिने गर्थ्यौँ । पुस्तकालयमा चार ओटा दराज थिए । हामी चार जनाले एकएक दराजको जिम्मा लियौँ । मैले नेपाली दराजको जिम्मा लिएँ ।

जलेश्वरबाट सुरू भएको साहित्यतर्फको मेरो रूचिलाई पुस्तकालय सञ्चालनका लागि पाएको अभिभाराले थप बल पुऱ्यायो । मैले त्यसबेला मेरो जिम्मामा रहेको नेपाली दराजका सबै नेपाली पुस्तक पढेर भ्याएँ । सम्भवतः त्यहाँ त्यसबेला ३००/ ४०० पुस्तक थिए । यतिसम्म कि दीर्घबाहु, वेदव्यास, शरद् निरौलाले लेखेका जासुसी उपन्यासहरू बाह्र बजेको घण्टी, मेजरको सर्प, पानको गुलाम पनि मैले पढी सिध्याएँ । वास्तवमा त्यो पुस्तकालय सञ्चालनसँगै मेरो साहित्यिक रूचि त झाङ्गियो नै, पुस्तक सङ्कलन र अध्ययन गर्ने अर्को नशा थपियो ।

**च. जीवनकै पहिलो कविता पाठ**

२०२८ सालमा मैले कक्षा ९ उत्तीर्ण गरेसँगै बुबाको सरूवा विराटनगर भयो । यसपटक पूर्वपश्चिम राजमार्गको बाटो भएर हामी विराटनगर आयौँ । त्यसबेला अहिलेजस्तो धेरै बससेवा थिएनन् । आराथुन बस चल्थ्यो । सामान राख्न सजिलो हुन्छ भनेर बस नै आकाशवाणी कार्यालय भएको ठाउँमा

आएको थियो । हामी कार्यालयसँगैको आवासमा बस्थ्यौँ । बिहान हिँडेको बस साँझ विराटनगर पुगेको थियो ।

विराटनगरमा हामी सहिद मैदानको दक्षिणतिर रहेको आकाशवाणी कार्यालयकै क्वाटरमा बस्यौँ । त्यहाँबाट आदर्श विद्यालय सबैभन्दा नजिक भएकोले त्यहीँ कक्षा १० मा भर्ना गरियो मलाई । आदर्शमा पनि उत्तिकै धुरन्धर शिक्षकहरू थिए ॥ श्याम झा प्रधानाध्यापक हुनुहुन्थ्यो । सबैभन्दा बढी सम्झना भने गजेन्द्र सरको आउँछ । अङ्कगणित, ऐच्छिक गणित, विज्ञान, भूगोल सबै विषयको प्रगाढ ज्ञान र उत्कृष्ट शिक्षणशैली । लक्ष्मण गिरी सर, ठाकुर सर, कृपाराम झा सर, रतिकान्त ठाकुर सर सबै उस्तै ।

पढ्नमा राम्रो भएका कारण थोरै समय पढे पनि मेरा धेरै साथी थिए । वामपन्थी नेता मनमोहन अधिकारीका भाइ कृष्णमोहन अधिकारीका जेठा सुपुत्र विनयचन्द्र अधिकारी, नेपालका प्रजातन्त्रपछिका जनताका तर्फबाट प्रधानमन्त्री हुने पहिलो व्यक्ति मातृकाप्रसाद कोइरालाका कान्छा सुपुत्र सञ्जय कोइराला, आमोदप्रसाद उपाध्यायका जेठा छोरा राजीव उपाध्याय, अहिलेका ऊर्जा राज्यमन्त्री भाष्कर भद्रा, पूर्व सांसद डा. सुबोधकुमार पोखरेल, प्रभात पोखरेल, लक्ष्मीनारायण वैद्यलगायतसँग मेरो अत्यन्त घनिष्ठ मित्रता थियो । एस.एल.सी. दिने बेला हामी राति पनि कहिले कुनै साथीकहाँ कहिले अर्को साथीकहाँ पालैपालो सँगै पढ्थ्यौँ ।

२०२९ सालमा आदर्श विद्यालयबाट मैले एस.एल.सी. पहिलो श्रेणीमा उत्तीर्ण गर्दाको खुसी जीवनकै सर्वाधिक खुसीको क्षण हो । त्यतिबेला एस.एल.सी.मा पहिलो श्रेणी ल्याउनु अहिलेजस्तो सजिलो कहाँ थियो र ? त्यस वर्ष नेपालबाट जम्मा ६५ जना पहिलो श्रेणीमा उत्तीर्ण भएका थिए । विद्यार्थी सङ्ख्या पनि अहिलेजस्तो धेरै हुँदैनथ्यो । पहिलो श्रेणीमा उत्तीर्ण भएपछि बुबाले धेरै जनाबाट बधाई पाउनु भएको थियो । त्यसले मलाई पनि साह्रै उत्साहित गरेको थियो । सानो समाज र थोरै विद्यार्थी भएका कारण त्यसको चर्चा पनि खुब भयो ।

विराटनगर आएपछि मेरो सम्पर्कको दायरा फराकिलो हुँदैगयो । कविता लेखनतर्फको मेरो रूचि अझ झाङ्गिदै जानु स्वाभाविक थियो । त्यसैक्रममा २०२९ फागुन ७ गते तत्कालीन विराटनगर नगरपञ्चायतमा आयोजित कविगोष्ठीमा मैले जीवनकै पहिलो कविता पाठ गरेँ । त्यो कविताको विषय रोजगारीका लागि विदेश गएका परिवारको अभिभावकले उतै मृत्युवरण गरेपछि परिवारमा परेको समस्या । यो समस्या अहिले पनि उत्तिकै छ । कवयित्री तोया गुरूङको संयोजनमा भएको सो कार्यक्रममा प्रमुख अतिथिका रूपमा मञ्चमा प्रसिद्ध भाषाशास्त्री महानन्द सापकोटा र विशिष्ट अतिथिको रूपमा प्रसिद्ध कथाकार देवकुमारी थापा हुनुहुन्थ्यो । मैले कार्यक्रममा कवितातर्फको तेस्रो पुरस्कार पाएँ । कार्यक्रम सकिएर जाने बेलामा आदरणीय देव दिदीले दिनुभएको बधाई शब्द मेरो कानमा अहिले पनि गुन्जिरहन्छ । त्यसपछि त मेरो जीवनको एकमात्र गन्तव्य साहित्य हुन पुग्यो । अहिले पनि म साहित्यमै रमाइरहेछु । साहित्यमा लागेकोमा मलाई कुनै पछुतो छैन ।

*– विराटनगर, मोरङ*

# मेरा ती दिनहरू



● वंशी श्रेष्ठ

धुलिखेलमा त्यो ताका कुनै विद्यालय थियो वा थिएन मसँग सम्झना छैन । तर हाम्रो आफ्नै जातिय बन्धुकहाँ मलाई वर्णमाला पढ्नको लागि आमा बराबर लानु हुन्थ्यो । काठको पाटी वा सानो पातलो चौकसमा अङ्गारलाई धूलो बनाएर चिल्लो बनाई वर्णाक्षर लेखाइन्थ्यो । यसरी मेरो पढाईको प्रारम्भ भयो ओम नमो वागिश्वराय नम : लेखेर । सहपाठीहरू सबै टोल छिमेका नेवारहरू थिए अर्थात् नेपाली भाषी थिएनन्, केवल अक्षर पढ्नमा मात्र देवनागरी तर लेखन शब्द र वाक्य नेवारी थियो । अहिले पनि त्यसको क्षीण झझल्को मात्र भनेपनि छ । गुरूलाई रूपैयाँ पैसा होइन - चामल, दाल, मकै, सिमी, तरकारी स्वरूप भेटीमा हप्ता हप्तामा दिनु पर्थ्यो । त्यस समय र अहिले यो उमेरको अवस्थामा सम्झँदा एक प्रकारले आश्चर्य, आनन्द र अनौठो भाव सम्झनामा आफैलाई मानसिक आनन्द आउँछ ।

समय सालको कुनै गणित थाहा छैन । त्यस बेला काठमाडौँ उपत्यका र छिमेकी जिल्लाहरूमा हिउँ परेको थियो । आफ्नो बाल्यबय र चञ्चल स्वभाव अनि स्वतन्त्र निश्चल तथा अबोध अनि अजिम्मेवारी बालपनको अवस्थाले हिउँ थाप्न शिरमाथि नाग्लो राखेर घर अगाडि सडकमा उफ्रेको झझल्को र सम्झना आउँछ । एउटा कुनै दूर-दूरान्तर कालखण्डको भौगोलिक वा ऐतिहासिक घटना जस्तो स्मृतिको कुनै सङ्घारमा कहीँ कतै अस्पष्ट रूप, ह्यांगओभरमा लुकेर बसेको विगत एउटा विस्मृत चित्र - फ्लाशब्याक् जस्तो कहिलेकाँही आफ्नो एकान्त शान्त मनस्थितिमा यस्ता घटना सम्झँदा आफ्नो वर्तमान समय पनि बिर्सिइँदो रहेछ ।

समय तिथि मिति के कसो हो को अर्थ छैन । त्यसपछि अध्ययन गराउन र व्यवसायको लागि मलाई धुलिखेलबाट धरान लैजाने क्रममा हामी काठमाडौं आयौँ । तर त्यस घटना अघि पनि भक्तपुर काठमाडौँका देवस्थलहरू घुमेको झिनो सम्झना छ । नरदेवी मन्दिरको दक्षिण पूर्व अहिलेको देशेमरू झयाःको दक्षिण चोकमा एकजना नातेदारकोमा रात बिताएको (पछि घरमा बुझ्न जाँदा नातेदार नभएको) ज्ञात भयो । बिहान भालेको डाँकसँगै इन्द्राचोकबाट ट्रकमा चढेर थानकोट पुग्यौँ । त्यस स्थलबाट हिंडेर जानु पर्ने भएकोले म

र सँगैको बालक काकालाई भिन्ना-भिन्नै डोकोमा बोकाएर चन्द्रागिरी-चित्लाङको बाटोबाट भीमफेदी पुगियो । अनौठो र बाल आश्चर्यको सम्झना हो काठमाडौंमा देखिएका गाडीहरू कसरी पहाड चढेर काठमाडौंका सडकहरूमा गुड्दा रहेछन् ? हामीले देख्यौं भरियाले बोकेको डोकोमा बाटा बाटामा बिस बाइस जनाले बोकेको चक्का नभएका ससाना गाडी भनौं या कारहरू बोकेर काठमाडौतिर ओसारी ल्याएका, मान्छे चढने गाडी त मान्छेमाथि चढाएर वा बोकाएर ओसारिएका, यस्ता धमिला सम्झना अरू पनि छन् ।

कुलेखानीमा बास बसाइयो शायद । २००५ सालतिर होला, मैले यसबारें सोधेर निश्चित रूपमा बुझ्ने को सँग ? सँगै गएका नातेदारहरूको को-को हुन् ? छ छैनन् सम्झना छैन । कुलेखानीमा बास बस्दा रात बितेको सम्झना छैन । " तिम्रो छोरा बच्चाले ओछ्यान भिजाएछ " भनि घरपतिले विवादगरि ओछ्यान भिजाएकोमा बढी पैसा लिएछ । यस घटना बारे पछिपछि पनि मेरा वरिष्ठ नातेदारहरू मलाई जिस्काइ रमाइलो गर्थे ।

कुलेखानीको झोलुङ्गे पुल तरेर चिसापानी गढीमा राहदानी देखाएर भीमफेदीमा बास बस्न पुऱ्याइयो । भोलिपल्ट बिहान माल सामान राखेर लाने ट्रकमा बस्यौं । चुरियामाईको सुरूङ्ग पस्न लाग्दा माईको जय जयकार गराईयो । अनि अमलेखगंजबाट लामा लामा कोठाहरू भएका गुड्ने घरमा बसेर वीरगंज पुग्यौं । पछि मात्र थाहा भयो त्यो त रेलको यात्रा पो रहेछ । रक्सौलबाट शायद बरौनी - कटिहार हुँदै जोगबनी-बिराटनगर भएर हामी धरान पुग्यौ ।

मलाई कक्षा एकमा भर्ना गराइयो । शहर, मानिस, शिक्षकहरू ठाउँ वातावरण सबै अपरिचित नौलो र अनौठो । पढनु पर्ने नेपाली वर्णमाला । नेपाली भाषा अब समस्या पऱ्यो । खाँटी सय प्रतिशत नेवारी बच्चा, नेवारी भाषा बोल्ने अबोध बालकलाई, तर अनाथलाई कहिलेकँही नाथहरू भेटिँदा रहेछन् । धरान पब्लिक हाइ स्कूलमा मेरो लागि एकजना गुरू भनौं वा भाग्य बिधाता भेटिए माणिकलाल श्रेष्ठ, मेरा प्राथमिक-प्रारम्भिक गुरू । नेवारी मै बोलेर नेपाली बर्णाक्षर र शब्द-गणित सिकाउने आवश्यक परेको समयमा फकाउने, हँसाउने, माया गर्ने, उत्साहित गर्ने अनि मलाई काँधमा समातेर, गाला मुसारेर वर्णअक्षर, शब्द, भाषा, वाक्य वाक्याँश सिकाउने गुरूप्रति म अहिले पनि कृतज्ञ छु ।

धुलिखेलमा पूर्णत : नेवार नातेदार, बन्धु-बान्धव र साथीहरूसँग खेल-खेल्ने बालक धरान जस्तो बहुजाती र अनान्य भाषाहरू बोल्नेको मध्येमा पूरै वातावरण नै अनुकूल भएन, तर बस्दा-बस्तै अनि साथीहरूको संगतमा रमाइलो नै थियो । त्यसो त कक्षामा केही फरक स्थानीय नेवार भाषा बोल्ने साथीहरूले सहयोग गरेका थिए । तर पनि भाषा उच्चारणमा फरक थियो । बाहुन क्षेत्री, राई, तामाङ, अग्रवाल साथीहरू थिए । विशेष गरेर कक्षा समय बाहिर अनि खेल मैदानमा नेपाली नै बोल्नु पर्थ्यो । मलाई त टँ, थ, त, ठ, द, ड का

उच्चारणमा साथीहरू जिस्काउँथे, हैरान गर्थे तरपनि सहवास, संगत मिलेमतोले शब्द उच्चारणमा र भाषा बोल्नेमा सुधार र उन्नति भइरहेकै थियो । कक्षा एक, दुई, तीन गर्दै वर्षहरू बिते ।

मलाई लाग्छ कार्तिक महिना थियो । समय मध्यान्हको प्रारम्भ, चार पाँचजना युवकहरू चर्को स्वरमा हो-हल्लागर्दै धरानको पुरानो बजारमा दक्षिणबाट उत्तरतिर आइरहेका थिए । हातमा रातो रंग र सेतो कपडाका झण्डाहरू फहराएर फूर्ति र जोसिलो भाव-भंगिमा कराउँदै आए । पसल सबै बन्द गरियो । पछि सुन्न पाइयो काँग्रेसहरू राणा शासनको विरोधमा नारा लगाएर झण्डा बोकेर घुम्दैछन् । वातावरण शान्त तर भयप्रद र अनिश्चित अन्यौलग्रस्त थियो । त्यसरी नारा लगाउने र झण्डा फहराउनेहरूलाई प्रहरीले स्कूलको कोठामा थुनेका छन् भनेर थाहा भयो । हामी साथीहरू हेर्न गयौं, स्कूलको कोठा बाहिरबाटै देख्यौं हिजो नारा-जुलुस गर्ने दश बाह्रजना-एकै कोठामा थिए । त्यसमध्ये केही त हामीले चिनेका दाइहरू हरिकृष्ण श्रेष्ठ, रामप्रसाद श्रेष्ठलाई राम्रै चिन्यौँ ।

यसरी २००७ साल मंसीर-पुसमा वातावरण अन्यौल र अनिश्चित भएपछि,हामी मोरङको गाउँ गकुवा गयौं । त्यस थारू बस्ती शान्त र रमाइलो थियो । थारू बालवालिका र युवाहरू मलाई सानो मालिक भनेर बोलाउँथे सँगैं खेल्थ्यौ । गाउँबाट अलि टाढा बयर -झारीमा बयर खान जान्थ्यौं । नजिक खोला थुनेर बनाएको पोखरीमा माछा मार्न जान्थ्यौं । थारू नर-नारीले बाँसको दुप्पोमा जालि बाँधेर माछा मारेको हेर्दथ्यौ । कुखुरा-हाँस चोर्न आएका स्यालहरू धपाउँथे गाउँले थारूहरू । थारू नारीहरू ओखलमा चिउरा कुट्थे, ढिकीमा धान कुट्थे, जाँतोमा धान र गहुँलाई पिठो पारेर निकाल्थे ।

गाउँ बाहिरका आँप लिचीका रूखहरू चढेर हो-हल्ला गर्थ्यौ । रूखको माथिसम्म को पहिले चढ्न सक्छ भनेर धाँक लगाउँथ्यौं । समय यसरी नै बितिरहेको थियो । तर एक दिन मध्यान्हमा नदीको बगरबाट पाँच छ जना मानिसहरू बन्दुक बोकेर गाउँतिर आए । गाउँका मानिसहरू त्रसित भए । थारू नारीहरू घरभित्र लुक्न गए, हामी आफ्नै खेलमा हो हल्ला र दौडा-दौड गर्दै थियौ,ती बन्दुकधारीहरू हामीतिरै भाइ-भाइ भन्दै आए । हामीले चिनेका दाइहरू धरानमा प्रहरीले समातिएका तिनै दाइहरू रहेछन् । गाउँका वृद्ध तथा थकालीहरू कुरा गरेर अनेक प्रश्न सोध्दै थिए । हाम्रै गाउँमा दही-दूध चिउरा खाएर ती दाइहरू उत्तरतिर लागे ।

२००७ को पुस माघको समय हुनुपर्छ बा र काकाहरूले अब यहाँको वातावरण अनिश्चित भएकोले धुलिखेल फर्कने सल्लाह गर्नु भयो । हामी विराटनगरबाट जोगबनी गयौँ । रेल स्टेशनमा मानिसको भीडभाड थियो, त्यसमध्ये धेरै नचिनेका थोरै चिनेका, अहिलेको भाषामा भन्दा नेपालमा क्रान्ति मच्चिएकोले भारतमा शरणार्थी भएर समय बिताइरहेका दाजु भाइहरू, आमा-काकीहरू, दिदी बहिनीहरू, अनेकौँ ।

पहिले धुलिखेलबाट धरान गएको पुरानै बाटो भएर जोगबनी अनि रक्सौल हुँदै नेपालको वीरगंञ्ज-भीमफेदी, चन्द्रागिरी, थानकोट, काठमाडौं हुँदै धुलिखेल फर्कियौ। यस अवधिमा वातावरण-परिस्थितिमा धेर-थोर परिवर्तन र विकास भइसकेको रहेछ । धुलिखेलमा विद्यालय स्थापना भइसकेको छ । तर विद्यालय भर्ना समयको मध्यभागमा परेकोले भर्ना हुन पाएनौं। अथवा फेरि धरान नै फर्कनु पर्ने विचारले अभिभावक वा बा-काकाहरूले भर्ना गरेनन्। तर बाल्यकालका दाइभाइ र साथीहरूको पुनर्मिलनले बाल्यकालको उही पुरानै खेल तथा खेत बारीमा समय बिताउन लाग्यौँ ।

धर्म र धार्मिक परम्परामा आस्था राख्ने अनि जीवन, परिवार, समाजमा धर्म तथा धर्म-भावको भक्ति गर्ने, त्यस समयका नेवारहरू माघ महिनामा शिवमन्दिरको पोखरी-धारामा हातमुख धोएर, श्रीखण्डको चन्दन लगाएर माघे भजन अनि शिव स्त्रोत्र गाएर प्रत्येक बिहान देव-देवीका मन्दिर घुमेको सम्झना आजकल आउँछ । यसरी नै समय बितिरहेको थियो । विद्यालयको सरस्वती पुजाको समयमा मन्दिर र देवीमूर्ति सजाउने भनेर धुलिखेलको अड्डा कार्यालय दक्षिण र पूर्वमास्थित देवीथानको पर्वत, जङ्गलमा लामो लहरे झार बटुल्ने भनेर साथी भाइले मलाई बोलाए ।

जङ्गलभित्रै जाउँ, काफल खान पाइन्छ जामुन र लप्सी टिप्ने अनि झार पनि ल्याउने भनेर हामी जङ्गलभित्र पस्यौँ । समय मध्यान्हको थियो । जङ्गलको बाटोमा अड्डाबाट फर्कने र गाउँबाट धुलिखेल आउने मानिसहरू मधुरो कुराकानी र हल्ला थियो । काफलका सानासानै रूख भएकोले काफलको रूख चढेर खाँदै थियौं । साथीहरूले चर्को र भयभीत स्वरमा हल्लागर्दै बोलाए । के भयो त ? सबै छक्क र भयपूर्ण, बाघको गन्ध आयो भनेर सबै जङ्गल भित्रबाट आफ्नो सुरक्षाको लागि मानिसहरू भएका बाटातिरै भाग्दै आए । हामीलाई देखेर ती बटुवाहरू कोही छक्क परे, कोही डराए,केहीले हकार पकार गरे, तथ्य के रहेछ भने-बाघले सानो बाख्रा च्यापेर जङ्गलभित्र पसेको उनीहरूले पनि देखेका रहेछन् ।

महिना र गते निश्चित रूपमा थाहा छैन, तर फागुनको अन्ततिर वा चैत्रको पहिलो हप्तातिर होला, हामी दाजुभाइ,साथीहरू बारीमा खेल्दै थियौँ । आकाशमा घुइयको चर्को आवाज ध्वनी सुनियो । हामी सबै छक्क र अक्कमक्क पर्‍यौँ, आकाशमा हवाइ जहाज देखियो। धुलिखेल वरपर माथि एक चक्कर लगाउँदै माथिबाट कागजमा स-साना टुक्रा वा पत्र पत्रांश खसालेर हवाइ जहाज बनेपा भक्तपुर हुँदै अदृश्य बन्यो । हामी कागजका पत्रहरू बटुलेर घरतिर आयौं । पछि मान्यजन र काका-मामाहरूबाट थाहा भयो । क्रान्ति साम्य भयो र नेपालमा प्रजातंन्त्र आयो । राजा भारतबाट नेपाल फर्के ।

मोरङमा बिराटनगरको उत्तरतिर बुढीखोलाको दक्षिण हात्तीमुढा र टंकी सिनवारीको गकुवागाउँ वर-पर हाम्रो

खेत थिए । त्यस समय मैले सुने अनुसार ५५-६० बिघा थियो । पिताजी खेततिरै बस्नु हुन्थ्यो । काकाहरू धरानमा पसल खोलेर वा चलाएर बस्नु भएको थियो । हामीलाई पढाउनको लागि फेरि धरान नै लैजाने निर्णय भयो । त्यसपछि पूरै परिवार अर्थात् आमा भाइ दिदीबहिनी सबै धरान पुग्यौँ ।

२००८ सालतिर हुनुपर्छ, निश्चित रूपमा महिना भन्न सकिन्न र सम्झना पनि छैन, तर फागुन महिना जस्तो लाग्छ । धरान बजारबाट माथिको डाँडा बिजयपुर दन्तकाली मन्दिर पूर्व र पिण्डेश्वर मन्दिरको उत्तरतिरको सम्म वयर घारीको चउर साफ साफी गरि पाल लगाएको र सानो तिनो गाडी चल्नेबाटो बनाएको थियो । पछि सहरको हल्ला र स्थानीयको गफ गाफमा थाहा भयो प्रजातन्त्र प्रेमी राजा त्रिभुवनको सवारी हुने रहेछ ।

शायद म कक्षा चारको विद्यार्थी थिएँ । पुरानो बजारको सिरान छेउ मानिसहरूको हूल अनि भीडभाड थियो । झण्डा र नारा लगाउनेहरू बाटोबाट विजयपुर दन्तकाली पिण्डेश्वर मन्दिरको चउरमा जान चाहन्थे । तर प्रहरी र सेना उनीहरूलाई रोकीरहेका थिए । यस्तै थियो हल्ला भद्रगोल, हूल-भीडको मेला, जुलुस,नारा । किन्तु हामी चञ्चल उपद्रवी अबोध बालकहरूलाई त्यो भीड हल्लाको प्रभाव थिएन । आफ्नै रमाइलो चकचके चञ्चल हामी विजयपुर, दन्तकाली, पिण्डेश्वरका गोरेटो जङ्गलको बाटो, स्याल धपाउने झाडीको बाटो थाहा थियो । त्यसैले रूख, झार, बृट्यानका ससानो गोरेटोबाट हामी पिण्डेश्वर मन्दिरको चउरमा बनाएको पाल टाँगेको ठाउँतिर लाग्यौ । पाल वरिपरि डोरी लगाएर बाँस र ससाना काठे खम्बाले घेरिएको थियो । हाम्रा चञ्चलता, उत्सुकता, बाल इच्छा, रमाइलो गर्ने भावमा हामी घेरा बनाएको बारको बाहिरबाट वरपर चियाउने, हेर्ने, यताबाट उता, उत्तर दक्षिणबाट पाल वरपर हेर्न थाल्छौँ । प्रहरी, सेनाका जवानहरू भित्र नपस भन्थे र हाँस्थे । हामी तलमाथि वरपर हिंडडुल गर्थ्यौं । हामीले घेरा बाहिरबाट अलि होचो मेच (अहिलेको भाषामा शायद सोफा)मा बसेर केही मानिसहरूसँग कुराकानी वा छलफल गरिरहेका सेतो अनुहार र टोपी लाएका, दौरा-सुरूवालमा सजिएका आकर्षित व्यक्तित्व देख्यौँ । अग्रज साथीहरू कराउन थाले राजा त्रिभुवन, राजा त्रिभुवन, क्या मज्जा भयो अव भागौं । हामी पिण्डेश्वर मन्दिरको पोखरी उत्तरको बाटोबाट तल झर्न थाल्यौँ ।

कक्षामा अध्ययन, खेल-दौड, हाट-बजार जाने, वन-पाखामा घुम्न जाने,परीक्षा गर्दा गर्दै महिना-वर्ष बिते । पाँच छ -सात- आठ गर्दै उमेर बढ्यो । हामी आठ-नौ कक्षाका विद्यार्थी थियौँ होला । आफूलाई अलि युवा- सम्झन्ने, तल्लो कक्षाका भाइ बहिनी भन्दा जान्ने बुझ्ने अनि विद्यालय अतिरिक्त -कार्यक्रमहरूमा बराबर भाग लिने गर्थ्यौं । त्यसबेला धरानको छाता चोकको उत्तर-पूर्व हुलाक घरसँगै सार्वजनिक पुस्तकालय थियो। त्यहाँ केही किताबहरू थिए । नेपाली भाषा र हिन्दीका,पत्र-पत्रिका पढ्न

पाइन्थ्यो । त्यसैले त्यस पुस्तकालयमा साँझ-समयमा बराबर पढ्न जान्थ्यौ । भारती, युगवाणी, उदय अनि हिन्दीका केही पत्र-पत्रिका पढेर वाह्य-ज्ञान र साहित्य-सम्बन्धी अध्ययन गरिन्थ्यो । हामी भन्दा केही अग्रज-दाइहरू पनि आउँथे । तिनीहरूका वार्तालाप र कुराकानी सुन्थ्यौ । त्यस मध्येका केही अग्रज हुन् -बिए.कृष्णदाइ अर्थात् कृष्णप्रसाद श्रेष्ठ, भोजराज खनाल, यज्ञप्रसाद आचार्य, टिका प्रसाद जोशी, डण्डपानी नेपाल, रामप्रसाद श्रेष्ठ, गोपाल खनाल, भोजराज घिमिरे .....।

धरान सहरले धनकुटा र विराटनगर वा भारत विशेष गरेर बनारस जानेहरूको लागि पुलको काम गर्थ्यो । यसैले भोजपुर, चैनपुर, धनकुटा र पहाडी क्षेत्रका मानिस वा विद्यार्थीहरू त्यहीँ बास बस्थे । अनि भारतमा पढ्ने विद्यार्थीहरू त्यहीँ बास बसेर पहाड घर जाने गर्दथे । यस सर्न्दभमा यसरी आउने जाने गरेका केही अग्रजहरूको वार्तालाप र संसर्गबाट धेरै ज्ञान गुणका कुरा सुन्न सिक्न पाइन्थ्यो । यस प्रकारका संसर्ग र सम्बन्धले साहित्यतिर रूचि बढेको हो ।

विदाको दिन, दशैं तिहार र चाडपर्वमा हामी साथीभाइ विजयपुरको दन्तकाली मन्दिर घुम्न अनि दर्शन गर्न जान्थ्यौं । त्यहाँबाट बूढा-सुब्बा मन्दिर पुग्थ्यौं । अझ माथि जङ्गल पर्वतमा राजाको दरवार भग्नावशेष छ भनेर पनि गर्थ्यौ । भत्केको घरको पर्खाल, झ्याल, भित्तामा लेउ काइँयो झारले छोपिएको थियो । त्यस ठाउँमा पञ्चकन्या देवीको मन्दिर र केही मूर्तिहरू थिए । धेरै पछि थाहा भयो त्यो पृथ्वीनारायण शाहको आक्रमणमा भत्केको त्यहाँका किराती शासकको भग्न-दरवार रहेछ ।

पिण्डेश्वर मन्दिर कै परिसरमा पिण्डेश्वर संस्कृत पाठशाला (पछि महाविद्यालय ) सञ्चालित थियो । साथीहरू पढथे, पढ्न आएका विद्याथीहरू पनि चिन्थ्यौं । त्यसैले विदाका दिनहरूमा हामी घुम्न जान्थ्यौं । मन्दिरबाट उत्तर पूर्वको जङ्गलमा पस्थ्यौ । जामुनका रूख चढ्थ्यौ र खान्थ्यौ । रूद्राक्ष झोलामा भर्थ्यौ । रिठ्ठा भेला गर्थ्यौ अनि मन्दिरको पोखरीमा आएर रिठ्ठा पखाल्थ्यौ । पाकेका स्वादिला रूद्राक्षका बोत्रा वा फल खाएको सम्झना आजकल पनि बराबर हुन्छ । पाँचमुखे चारमुखे रूद्राक्ष कहिलेकांही भेटिन्थे । भेटिएका एघार मुखे रूद्राक्षसम्म मसँग थियो । तर अध्ययन परीक्षा र बसाइँ सराइले अब कुनै रूद्राक्ष मसँग छैन । त्यो त अब एउटा सपना जस्तो मात्र बाँकी छ ।

बाल्यवय भनेको उत्तरदायित्वको भारबाट मुक्त समय हो । यसैले हामी लहडीवाज, उरनठ्यालो, कहिलेकाँही झगडालु स्वभाव अनि मुर्ख्याई पनि गर्थ्यौ । एकपटकको घटना याद आउँछ । हालको भैँडैटारको दक्षिण पश्चिममा खोला बग्छ, । हिउँदामा पानी कम र भूमिगत बग्छ तर असार साउन उर्लेर बग्छ । हो त्यही खोलामा शायद साउनतिर होला शुक्रवार आधा दिनको विदाको बेला हामी चार-पाँच जना खोलामा हेलिन गयौं । किनाराबाट ससाना हाँगाहरू काटेर भाँचेर अनि झारभ्रूर मिलाएर ठूलो मूठो

बनाउँथ्यौ । त्यसैलाई घोडा बनाएर टाँगमुनि घुसारेर चढ्ने अनि नदीमा आएको पानीको भेलमा वगर तल तल जान्थ्यौ । पानीको ठूलो भेलबाट बच्न किनाराका ढुङ्गाहरूमा बालुवा र मसिना ढुङ्गाहरू राखेर बग्थ्यौ । यस्तो खेल रमाइलो अनि आनन्ददायक थियो । मूर्खतापूर्ण र जोखिमपूर्ण पनि थियो । माथि पहाडतिर ठूलो पानी पऱ्यो भने वा नदीमा अचानक बाढी आयो भने हामीलाई बगाएर लाने संभावना मात्र हैन मृत्युपनि हुन सक्थ्यो । भाग्य वा दुर्भाग्य यस्तैमा एकजना साथीलाई बगायो । हामी पानीबाट निस्केर उनलाई समाउन वा बचाउन दौड्यौं । तर पानीको लहर निकै तल पुगेर चौडा-खुल्ला बगरमा दायाँ-बायाँ पातलो भएर फिजिएकोले साथी बच्यो । हामी सबैको होस्-हवास् उड्यो । सातो-पुत्लो गयो, भयले सबै खङ्ग्रङ्ग भयौं । अनि विस्तारै सास फेरेर घर फर्कने सल्लाह गऱ्यौं । बाटामा वयर टिप्दै खाँदै घर फर्कदा सूर्य अस्ताउने बेला भएकोले यो घटना कसैले-कसैलाई नसुनाउने सल्लाह र मिलोमतोगरि आ-आफ्नो घर लाग्यौं । बाल्यवयका यस्ता घटनाहरू सम्फदा कहिले रमाइलो लाग्छ त कहिले आफ्नै बाल्यकाका मूर्खतामा व्यङ्गात्मक हाँसो उठ्छ । तर जीवन समय बग्छ, चल्छ र चलिरहँदो रहेछ ।

म नौ दश कक्षामा पढ्दा विद्यालयमा साहित्यिक कार्यक्रम हुन्थ्यो । कथा कविता वाचन हुन्थ्यो । म बराबर भाग लिन्थे । अनि डराई-डराई संकोचवश कविता सुनाउँथे, त्यसमध्ये शायद केही प्रकाशित होलान् तर मसँग अभिलेख छैन, सम्भवत मेरो वर्तमान जीवन र म उपलब्धीको आधार भूमि तथा जग नै त्यही थियो ।

मेरा बाल्यवयका विद्यालयका सह-पाठीहरू पनि बराबर सम्फनामा आउँछन् । केही साथीहरूका बिच आजकल कहिले कतै भेट हुन्छ । त्यस मध्येका नारी साथीहरू पनि जसलाई म सम्फन्छु, ती हुन् मसँग पढने-कमला खनाल (पछि नेउपाने भएका ) उमा घिमिरे आचार्य,उत्तरा मास्के श्रेष्ठ, दिदी समुन्द्र (विवाहपछि मल्ल) भएका, कतिका त नाम बिर्से तर मुहारको फझल्को मात्र सम्फन्छु ।

आफ्ना बाल्यवयका अनेकौं घटना, मूर्खता, प्राप्ति, उपलब्धी, हानि-नोक्सानी, आदिका सम्फनाहरू अहिले पनि कहिले कतै सर्न्दभ पर्दा वा मेरा आफ्ना एकान्त समयमा बराबर सम्फनाको स्मृति लहरमा दोहोरिएर आउँछन् । त्यो समय, त्यो वय, त्यो अवस्था अनि घटनाहरू सम्फदा प्राचीनकालका कथाहरू वा वर्णन पढेको जस्तो लाग्छ । कुनै प्राचीन पुराणका घटना पात्र-पत्रिकाहरू लाग्छन् । त्यो समय, त्यो वय, पौराणिक र मिथकिय जस्तो लाग्छ । सम्फनामा आइरहन्छन् । कहिले उन्मादित भाव वेगमा बहन्छु । कहिले आनन्द अतिरेक हुन्छु ।

सबै सबै स्वप्नमय भएर गए !

कुनै प्रविधि भए एकपटक फ्ल्यासब्याक् वा रि-वाइन्ड गरेर हेर्न मन छ ।

स्वप्नमय जीवनका स्वप्नमय - मिथकिय घटनाहरू !

# न भोक न सुर्ता



• नारायण तिवारी

वास्तवमा बाल्यकाल जीवनको यस्तो स्वर्ण कालखण्ड हो जहाँ न भोकको स्थान छ, न सुर्ताको, अर्थात् शोकको । कुनै कुराको फिक्री छैन । कुनै कुराको जिम्मेवारी छैन । जवाफदेही छैन

त्यसैगरी बितेको हो मेरो पनि बाल्यकाल । जिम्मेवारी विहीन, भोक विहीन, जवाफदेही विहीन । कुनै सुर्ता विहीन ।

म जन्मिएँ मेरी प्रातः स्मरणीय ममतामयी आमा धनमायाको कोखबाट, सुनसरी जिल्लाको सीतागञ्ज भन्ने ठाउँमा । गाविसको नाउँ– अमाही बेल्हा, वडा नं. ७ । बाले आफू पढ्न नपाउनाको क्षतिपूर्तिका खातिर होला करिब दुईकोस टाढाको विराटनगर सहरमा पहिले कोठा भाडामा लिएर र पछि सानो फूसको घर बनाएर, उहीँ राखेर थाल्नुभयो हामीलाई पढाउन ।

सीतागञ्जमा मैले २ कक्षासम्म मात्र पढें । सम्भवतः त्यसबेला सीतागञ्जको प्राथमिक स्कुलमा ५ कक्षासम्म मात्रै पढाइ हुन्थ्यो । मलाई विराटनगरमा एकैपटक ४ कक्षामा भर्ना गराइयो । मेरो स्कुलको नाम थियो सरस्वती मिडिल स्कुल । सायद पछि हाई स्कुल भएको होला । सरस्वती हाई स्कुलमा ४ कक्षामा पढिसक्नासाथ कक्षा ५ पढ्नका लागि हामी सबै विद्यार्थीलाई बजारअड्डा चौकदेखि दक्षिणतर्फ संसारीमाईस्थानमा रहेको भानु मोरङ प्राथमिक स्कुलमा सारियो । ५ कक्षा मात्र त्यहाँ पढेपछि फेरि उही साविक सरस्वती स्कुलमा हाम्रो पठनपाठन सुरू भएको थियो र कक्षा १० सम्म सरस्वती हाई स्कुल नै रहन गयो मेरो शिक्षा आर्जन गर्ने थलो ।

तर, माथि नै उल्लेख गरें– न भोक न सुर्ता, पढ्ने खाँचो कसलाई थियो होला र ! कोही कोही पढन्ता विद्यार्थी थिए हुनन् तर म थिएँ आम विद्यार्थी, औसत विद्यार्थी, अर्थात् लास्ट बेञ्चमा बस्ने विद्यार्थी । बालाई सबै छोराछोरीको पढाइको सुर्ता थियो, तर मलाई थिएन । मलाई लाग्छ, त्यतिबेलाका मभन्दा ३ वर्ष जेठाजेठी मेरा दाजुदिदीलाई पनि पढ्ने सुर्ता थिएन । तैपनि मैले उतिबेला कलेजसम्म पुग्ने काम गरेँ । दाजुदिदीहरूले त त्यतिसम्म पनि गर्नु भएन । दिदीले त पढ्दापढ्दैको उमेरमा बिहे गरेर

जानुपऱ्यो के खाएर गर्नु तर दाजुले पनि गर्नु भएन ।

सम्झिन्छु, बाले जहिल्यै भनेको- ' पढ्यौ भने मलाई दिने होइनौ, आफ्नै लागि हो । जेसुकै गर !' खेतीपाती सम्हाल्नु पर्ने, सीतागञ्जमै बस्नुभएका, कहिलेकाहीँ विराटनगर आउने सामान्य अक्षरसम्म मात्र चिनेका बाले हामीलाई भन्न सक्ने त्यतिबाहेक बढ्ता के हुन सक्थ्यो र ? फेरि हामी विराटनगर बसेर पढ्न थालेपछि बालाई लागेको हुँदो हो- यी मभन्दा जान्ने भइसकेका छन्, यिनलाई मैले के भन्नू ! पढ भनेर कसरी घच्घच्याउनू, कसरी सम्झाउनू ! तसर्थ, हामीलाई कसैको डर थिएन, लगाम थिएन । आमा बस्नुहुन्थ्यो हामीसित, हामीलाई पकाएर ख्वाउन । तर, आमालाई टेर्थ्यो कसले ? हामी स्वतन्त्र पन्छी थियौं । पढ्न मन लागे पढ्ने, नलागे घुम्ने, रम्ने । सिनेमाहल थिए, त्यसैमा चरी जसरी उड्ने, छाउने ।

म ४ कक्षामा पढ्दा मेरा दाजु ७ कक्षामा पढ्नुहुन्थ्यो । सुरू सुरूमा दाजु नै हुनुहुन्थ्यो मेरो साथी । म जहाँ जाँदा पनि दाजुसितै । खासगरेर सिनेमा हेर्न जाँदा दाजुसितै । हाम्रो मनोरञ्जनको एकमात्र महान् साधन सिनेमा नै थियो । सिनेमा हेर्न पाउनु हाम्रा लागि लड्डु खान पाउनु, अनेक मिठाइ खान पाउनु, राम्रा लुगा लगाउन पाउनुभन्दा कति-कति महान् कुरा थियो । सिनेमा हेर्न पाएपछि हामीलाई न भोक न सुर्ता- कुनै कुराको फिक्री थिएन ।

सिनेमा हेर्ने हाम्रो महान् लतको प्रारम्भ पनि हाम्रो बाबाटै भएको थियो । पढ्न थाल्ने उमेरभन्दा अघिदेखि बाले हामीलाई डोऱ्याएर जोगबनी र विराटनगर पुऱ्याएको सम्झिन्छु, सिनेमा हेर्न लगेको सम्झिन्छु ।

हाम्रो आमालाई, मालिबालाई सिनेमा हेर्न सीतागञ्जबाट विराटनगर जलजलाहलमा बाले हामी केटाकेटीलाई पनि साथमा राखेर बयलगाडामा पठाएको पनि सम्झिन्छु । त्यो हिन्दी सिनेमाको नाम थियो- भरोसा, यो पनि सम्झिन्छु ।

विराटनगरमा पहिला दाजुलाई पढाउन अर्काको घरमा कोठा लिएर आमाका साथमा राखिएको थियो । दुई आमा हुनुभएकोले बाले यो काम आमाहरूलाई पालो-पालो गर्न लगाउनुहुन्थ्यो । पहिले सरौंचियामा बाबुसाहेब ठकुरीको घरमा डेरा थियो । त्यसपछि, केशलिया रोडमा रहेको नेउपानेको घरमा डेरा सरियो । त्यसबेला म पनि विराटनगर पढ्न सरिसकेको थिएँ कि थिइनँ, सम्झिन्न । तर, नेउपानेकै घरमा डेरा छँदा मलाई छाडेर सबैजना सिनेमा हेर्न गएको चाहिँ म खुब सम्झिन्छु । त्यसबेला म खुब रोएको थिएँ, धेरै बेरसम्म रोएको थिएँ । आफूलाई चोट परेको कुरा मानिसले बिर्सँदैनन् क्यार । मलाई पनि त्यसबेला खूब चोट परेको थियो । त्यो फिल्मको नाम थियो- राजकपुर, राजेन्द्रकुमार र वैजयन्तीमाला अभिनित- संगम ! जसलाई हेर्ने मेरो धोको उही जलजला हलले धेरै पछि फेरि दोहोऱ्याएर 'संगम' हलमा लगाएपछि पूरा भएको थियो ।

विराटनगरमा पुरानो हिमालय टाकिज सिनेमा हलमा केही फिल्म हेरेको सम्झना छ । जसमा कैलाशपति, दोस्ती, शेरदिल आदि सम्झिन्छु । यी सिनेमा हेर्दा म धेरै सानो थिएँ र कसैको साथमा लागेर नै हेर्न गएको हुँला भन्ने लाग्छ । कोसित गएँ भन्ने कुरा उति सम्झनामा आउँदैन ।

हिमालय टाकिज नाम गरेको सिनेमा हल धेरै नजिक थियो । जनपथटोलमा बनाइएको हाम्रो घरबाट १० मिनेट पनि लाग्दैनथ्यो होला हामीलाई त्यो हलमा पुग्न । एकपटक छुट्टीको दिन थियो, म र दाजु घरमा थियौं । आमा सीतागञ्ज जानुभएको थियो । कहिलेकाहीँ हामी दाजुभाइ मात्रै पनि घरमा बस्दथ्यौं । दाजु छानामा चढ्नुभएको थियो सुकाएको बयर टिप्न, खान । म तलबाट आफ्नो भाग माग्न उभिएको । त्यसैबेला गीत घन्कियो- उँचे हिमालयके निचे....! १२ पनि बजेको थिएन । यो आवाज सिनेमा हलबाट आएको थियो । पहिले पहिले सिनेमा सुरू हुनु अघि यसै गरेर सिनेमा सुरू हुन लागेको संकेत गरिन्थ्यो । दाजु हतारहतार छानाबाट उत्रिनुभयो । भन्नुभयो-जाउँ सिनेमा हेर्न ।

त्यो दिन अचानक मेटनी शो देखाइएको रहेछ । मेटनी शो खास गरेर शनिबार मात्र देखाइने गरिन्थ्यो । पछि पछि मंगलबार पनि हो क्यार मेटनी शो अर्थात् १२ बजे फिल्म देखाउन थालिएको । हामीले हेरेको त्यो फिल्मको नाउँ थियो- दो दिल । विश्वजीत र राजश्री अभिनित । यो फिल्म हिमालय टाकिजको नयाँ सिनेमा हलमा हामीले हेरेका थियौं । त्यस अघि पनि नयाँ भवनमा हिमालय हल सुरू भएपछि पहिलो लागेको फिल्म 'गीत गाया पत्थरो नें' हामी दाजुभाइले सँगसँगै हेरेको सम्झिन्छु । नयाँ हलमा, प्रथम शोमा । पुरानो हलमा २५ पैसा थियो फ्रन्ट क्लासको टिकट दर । पछि, नयाँ हल बनेपछि ४० पैसा पारिएको थियो टिकट रेट । र, हाम्रो यही गान्धी क्लास प्यारो र हाम्रा लागि सुलभ थियो ।

म कहिल्यै स्कुलबाट भागेर वा स्कुल छोडेर सिनेमा हेर्न जाँदिनथेँ । तर, फिल्म बदलिन पाउँदैनथ्यो 'नाइट शो' हेर्न भने छाडिन्नथ्यो, कुदिहालिन्थ्यो । दाजुपछि मेरो सिनेमा हेर्ने बाल्य साथी बन्न पुग्यो किरण । सँगै ४ कक्षादेखि सरस्वती हाई स्कुलमा पढ्ने साथी किरण अर्थात् किरणबहादुर वर्मा । एकपटक दाजु र म हिमालय हलमा सिनेमा हेर्न जाँदा यही किरणले हामीलाई टिकट खोजिदिएको थियो । त्यो सायद नयाँ फिल्म लागेको पहिलो नाईट शो थियो र पहिलो नाईट शोमा टिकट पाउनु धेरै मुस्किल । किरणसित म सँगै त पढ्थेँ तर पहिले हाम्रो त्यति मिल्ती भने थिएन । यस टिकट मिलान घटनाले किरण मेरो मिल्ने साथी भयो । सदाको आत्मीय । अझै पनि आत्मीय सम्बन्ध कायम छ हाम्रा बीच । त्यसपछि दाजु पछाडि छुट्नु भयो र अबदेखि फिलिम हेर्ने साथी बन्यो किरण । फिल्म हेर्ने मात्रै होइन, जे गर्ने, जहाँ जाने साथी पनि किरण ।

मसित पैसा भयो भने म उसलाई फिल्म देखाउँथें भने किरणसित हुँदा ऊ मलाई देखाउँथ्यो । हामीलाई धेरै पैसा चाहिन्नथ्यो, १ रूपियाँ भयो भने काफी । ४० पैसा गरेर ८० पैसाको दुईजनालाई सिनेमाको टिकट । ५ पैसाको घुगुनी, ५ पैसाको पकौडी, मुरी । अर्थात् बाँकी २० पैसाले खाजा । यति भए हामीलाई पुगिहाल्थ्यो ।

हरेक शुक्रबार म आमालाई भेट्न सीतागञ्ज जान्थेँ कि पैसा लिन, यसै भन्न सक्दिन । तर, आमाले बाका आँखा समेत छलेर धान, तोरी गाउँ गाउँ डुल्ने बनियाँलाई बेचेर दिएको पैसा मेरा लागि स्वर्गको सुख किन्ने साधन हुन्थ्यो र म दंग पर्दथें । त्यसो त बाले पनि विराटनगर आएका बेला एक रूपियाँ हातमा राखिदिनु हुन्थ्यो । मलाई भने यो पैसा खानओर्न भन्दा पनि स्वर्गको सुख किन्न पाउने प्यारो साधन बन्दथ्यो ।

हिमालय हलमा ४० पैसा भइसक्दा पनि जलजला हलमा भने फ्रन्ट क्लासको सिनेमाको टिकट पछिसम्म नै ४ आना वा २५ पैसा नै थियो । एकपटक म फुच्चे टिकट काट्न मानिसको चेपबाट भित्र छिर्दा च्यापिएर निस्सासिएको अझै याद छ । चार आनाको दुई टिकट किरण र मेरा लागि काट्न त सकेँ तर झण्डै मरेँ । त्यो फिल्मको नाम पनि याद छ– लाबेला । जसको हिरो नै भगवान दास ।

केटाकेटीमा यसरी धेरै फिल्म हेरियो । दिलिपकुमार, शम्मी कपुर, राज कपुर, देवानन्द, मनोजकुमार, राजकुमार, सुनील दत्त, धर्मेन्द्र, राजेन्द्रकुमार सब हाम्रा नायक । उमेर हाम्रो केटाकेटी भए पनि के फरक पर्छ, हामी आफूलाई उही बडेबडे हिरोजस्तै ठान्दथ्यौं । साधना, वैजयन्तीमाला, सायराबानू, माला सिंहा, राजश्री, बबिता, नन्दा, वहिदा रहमान आदिलाई मन पराउँथ्यौं– उमेर हाम्रो बच्चा भएर के हुन्छ !

नेपाली फिल्म त्यसबेला कहाँ पाउनु ! एउटा, त्यो पनि अलिक पछि 'आमा' हेरियो । अलिक पछि 'माइती घर' । नभए त हिन्दी नै हिन्दी ।

तर, हिन्दी फिल्मले पनि हामीलाई धेरै सन्देश, धेरै शिक्षा दिएको छ भन्ने लाग्छ । 'शोक न सुर्ता, भोक न भकारी' गरेर धेरै सिनेमाका पछाडि कुदे पनि ती सिनेमाहरूले हामीलाई धेरै कुरा सिकाएका छन् भन्ने लाग्छ ।

ना हिन्दू बनेगा ना मुसलमान बनेगा, इन्सानका औलाद है इन्सान बनेगा....जस्ता गीतहरूले मानवतावादी बन्न सिकाएका छन् । जातपात, उँचनीच, छुवाछुत, धनी गरिबबीचको भेदभाव सब गलत हुन्– यो मलाई हिन्दी फिल्महरूले सिकाएको कुरा हो । जसमा म अटल छु, विश्वास गर्छु ।

यसरी शोक न सुर्ता, भोक न भकारीको बाल्यकालमा कुदीकुदी हेरिएको हिन्दी सिनेमा जगतले पनि मेरो जीवनलाई केही न केही बदल्न मद्दत नै गरेको छ । म आज केही असल छु भने ती असल फिल्महरूको पनि योगदान छ भन्न म किन कन्जुस्याईं गरूँ....?

— *विराटनगर, मोरङ*

# सङ्गीत : स्मृतिको ओइरो



• बुलु मुकारुङ

मेरो कलाकार जागिरे जीवनको आरम्भ कामु महानिर्देशक श्री भोग्यप्रसाद शाहको कार्यकालमा भयो भने कार्यकारी निर्देशक श्री सुरेशकुमार कार्कीको दोस्रो कार्यकालमा आइपुग्दा आफू सेवा निवृत्त भएको छु । यो चालीस वर्ष कति छिटो बित्यो पत्तै भएन । तर पेन्सनको टेन्सन पो चलिरहेको छ । पी.एस.बी. ल्याइन्छ भन्ने सूचना तथा संचार मन्त्री नै यतिबेला चिप्लिनु भयो भने ठूलो आशाको आँखा उघार्ने कर्मचारीहरूले गोलगप्पा खाएका छन् । घर जाने बेला मुठो नै आउँछ भन्थे र मुख मिठ्याउँथे । मोठ-मुठो आउँछ कि सिलापात टिप्नुपर्ने हो ? मैले पहिल्यै भनेको थिएँ ।

बिटो बोरामा ल्याउँछु भनेर जापान गाको, झण्डै बाकसमा आउनु पर्‍यो । निवृत्तिको नदी त सबैले तर्नै पर्ने वैतरणी हो । एक एक गरेर तर्नुपर्छ एकदिन । बिर्सिनेलाई बज्रपात पर्छ । सम्झिनलाई सजिलो हुन्छ । सम्प्रति सँधै रहन्न मार्तण्डको पनि । त्यसैले संस्थाको पुरानो परिदृष्य उद्धृत गरेको छु । क्रमशः पुरानो अभिलेख उत्खनन गरूँ ।

एउटा मात्र विद्युतीय सञ्चार माध्यम रेडियो नेपाल । सबैको ध्यान खैंचिने आकर्षणको केन्द्र । गीत गाउनु गर्वको विषय । थोरै साधकीय कलाकार । दैनिक एउटा गीत रेकर्डिङ हुने उच्च स्तरको । गला साधना भएका गायक, वादक र रेकर्डिङको क्वालिटी । यहीँ त रेकर्ड भए लोकप्रिय र सदाबहार गीतहरू । वाह ! रेडियो नेपालको गायक बन्यो । रेडियोबाट गीत बज्यो । समाजले हेर्ने दृष्टिकोण नै अलग्गै । सङ्गीतको छुट्टै माहोल मजा । यस्तै सङ्गीतको स्वर्णिम समयमा रेडियो प्रवेशको मौका । सम्झनाको तोरण तरन्नुम तानिन्छ कर्खा गीतजस्तै ।

थाहै नभइ दिन, महिना र वर्षहरू बिते । सङ्गीत अनुरागको तेलकासा चल्यो । सपनामा उडेजस्तो इद्रेनी याद । यी स्वरहरू कुन टाकुरामाथि उक्लेर अलापूँ ? स्यालजस्तो कुर्लिउँ कि भालेजस्तो बासूँ ? चुपचाप लाटोकोसेरो हुन पनि सकिएन । आफ्नो डम्फू बजाउनु सजिलो छ । फुपूको श्राद्ध गर्नु पनि उस्तै हुन्छ रे । प्रशंसाभन्दा निन्दा, कामभन्दा कुरा अनि डाह, ईर्ष्याका कित्ता बाहिर आफूलाई राखूँ

भन्थैँ । जागिरको जागित्राले लखेटी रह्यो । अप्ठ्यारा अक्करहरू नाघ्दै यहाँसम्म आइपुगियो र बाँकी रह्यो कलाकारी अनुभूतिको बन्जी जम्पिङ । अतीत खोलाको फड्के तरेजस्तो रैछ । यादका खापा, खपटा वा पाप्राहरू कति उप्काऊँ ? आफैलाई ऐठन हुन्छ विस्मृत यादले । द्विविधा ठिङ्ग उभिन्छ सामुन्ने । भयङ्कर कालो ख्याकजस्तो । मन्साउनु छ शषन्तर व्यतीत दिनको । आफै झाँक्री आफै बोक्सी । झाँक्रीलाई रूद्राक्षको माला, बोक्सीलाई काउसोको माला भन्छ नेपाली उखान । दुवै माला आफैसँग...... ।

भीर-पाखामा फुलेका फूलझैं फुल्छन् र झर्छन् अतीतहरू । तिनलाई बिस्तारै बिस्कुन बनाउनु छ । अक्षरको बिस्कुन हो यो । भावको भँगेराले टिप्दैन होला चारो । नबिच्किउन् अरिङ्गालजस्ता डाही मनहरू । जीवन छ र त खगोल छ, अनि अँध्यारो-उज्यालो छ । सुख-दुःख छन् । हर्ष र पीडाहरू छन् । अगुवा सज्जन सङ्गीतकर्मीहरूले साधनाको पथमा हिँड्न सिकाए । हिम्मत र उत्साहको पुल्ठो श्रम-सीपको कलिलो हातमा थमाइ दिए । त्यही बोकेर म आफ्नो निष्पट्ट यात्रा छिचोल्दै रहैँ र यो खैंराते उमेरको उराठ याममा आइपुगैँ । श्रम-सिर्जनाको हाडेओखर कति फुट्यो ? कति फुटेन । योगदानको दिउल कति होला ? फकिरलाई जीवनको सम्मोहन हुन्न । आसन्न समयलाई सदाबहार सलाम.......।

सङ्गीतको सम्झना-साइमुद्रो कति फुकाउनु । विगतको प्युरी-पुलाभित्र रेडियो र सङ्गीत एक आर्कासँग अँगालोमा बाँधिएका प्रेमिल जोडीजस्तै छन् । इतिहासको लामो अखेटो चढेर आएको नेपाली सङ्गीत आज ज्ञान-प्रतिष्ठाको विद्या, विषय-वस्तु बनेको छ । सेतुराम, मित्रसेन, मेलवादेवी, उ गोविन्दलाल, उ साहिँला, हिनादेवी, मीरा बाई, पारूल बालाहरू इतिहासको खौँचभित्र परे । योगदान हिजोको थियो र आज छ नेपाली सङ्गीतको । रेडियो सङ्गीतको छुट्टै डीएनए छ, नेपाली सङ्गीत यति उचाइमा चढ्नुको । आजीविकाको आकर्षक प्रशाधन बन्यो सङ्गीत । मेरो, अरूको र हाम्रो हुँदै । आफ्नो आधा उमेर नि यसरी नै बित्यो । सङ्गीत, साहित्य र कलाको त्रिजुगा नदी तर्दातर्दै ।

यो एउटा साङ्गीतिक संस्मरण हो । मेरो साङ्गीतिक जीवनको पूर्वातीत सिर्तुप । करिब चार दशक सङ्गीतलाई नै पेसा, व्यवसाय वा खाइ-जीविका बनाएर जीवन यापन गर्नु सोच्दा कहाँ हो कहाँ भोर्लेफेदीमा पुगेको अनुभव हुन्छ । नेपाली सङ्गीतको पेरूङ्गेभित्र फसेको भान हुन्छ । टाकुरो पुग्छु भन्दाभन्दै आरोहण परित्याग गरेको आभास हुन्छ । विस्मृतिका पुराना क्षितिजमा टिलपिल-टिलपिल छन् यादहरू । मरूभूमिमा टल्किने मरिचिकाजस्तो तिर्मिर-तिर्मिर छ अतीत । यी तिला र हिमा नदीजस्ता सम्झना अनि सङ्गीतलाई कहाँ दोभान पारूँ ? र बगाऊँ विगतको तीनछाँगे....... ..।

बुढ्यौलीले उमेरको उकालो र

अक्कर नाघ्न लाग्यो । गरी खानेबाट मागी खाने पो भइयो कि ? अत्यासले अगुल्ठो ठोस्छ मनमा र फर्कूँ...आजै फर्कूँ हुन्छ गाउँतिर । जहाँ निश्छल बालापन बित्यो । सहेली-पहेली, सँगिनी-सराय र वयसँगका चाक्लो चण्डी हिक्का बनेर निष्पात हुन्छ र निचोरिन्छ खुशी र पीडा एकैचोटी । जहाँ मैले प्राकृतिक उपवनमैं मुरलीको मुख फुकेँ । सङ्गीत शब्द थाहा नहुँदै सङ्गीतको समीरण सुसेली हालेँ । यादको शैलाव ओइरिन्छ मनबाट र बग्छ कताकता । उफान उठेको छ हृदय तहमा चक्रवातजस्तो सामुद्रिक कर्कटी ती दिनहरूको । जागिरे जीवनको अन्तिम पृष्टमा पनि सङ्गीतदेखि सङ्गीत नै भयो । विस्मृत अतीतका पोयाहरू कति बाटूँ सङ्गीतको डोरी ।

सङ्गीतको शिराभूषण सरक्क ओराल्दैछु । सम्झूँ मुर्चालजस्तो हुन्छ, उचाली नसक्नु । यो स्वेच्छिक निवृत्ति हो हृदयको । ऊहापोह वा हेत्वाभास पनि हो । अजम्बरी हुने हो भने मान्छे पाषाण हुन्थ्यो । पाषाण हृदयमा कसैले स्नेह, कल्याण-करूणाका दया-वाणी निर्दयी छिनाले खोप्नुपर्थ्यो । प्रसंगमा नारायणगोपाल । उनी रेडियो नेपाल विरूद्ध कहिल्यै थिएनन् । रेडियो नेपालमा आफ्ना कलागला परख गर्न नसक्ने कथित झुण्डको स्वार्थी हल्ला थियो । भोलि बच्चुकैलाश, प्रेमध्वज प्रधान, दीप श्रेष्ठ, कर्म योञ्जन, दिलमाया, ज्ञानु राणा, शम्भूजित बासकोटा आदि रेडियो नेपालका सम्मानित कलाकारका बारेमा पनि भ्रामक कुरा ननिस्केला भन्न सकिन्न । कालजयी गीत-सङ्गीत भनेर हामी उहाँहरूका सिर्जना आज पनि भजाइ रहेका छौं ।

हिजो र आजको साङ्गीतिक स्वरूप, अवस्था र आस्वादन फरक छ । अवसर र उचाइ लिन हिँडेका युवाहरू क्रस-कन्ट्री दौडमा छन् र मनले भन्छ, आजै जिम्मा दिऊँ र कुम्लो कसुँ पूर्वको । आफ्नै साङ्गीतिक विगतलाई निरावरण गर्छु म । अनि यादको सयपत्री फक्रिन्छ रेडियो नेपालसँगै । स्वर परीक्षा गरी नवकलाकारलाई विधिवत् स्वागत र पुरस्कृत गर्ने रेडियो नेपाल नेपाली सङ्गीतको सङ्ग्रहालय हो, अभिलेखालय हो । यहाँ भाषा-भाषीका लोकलयदेखि शास्त्रीय सङ्गीतसम्मको संरक्षण छ । आधुनिक, पप वा समसामयिक सङ्गीतले स्थान नपाउने कुरै छैन ।

असरल्ल अतीतको विलखबन्दमा मथिङ्गल रूमलिन्छ । गीत, सङ्गीत र गायनको तीनपाते मुना र शिक्षाको भोकमरी लिएर पैंतीसमा काठमाडौँ प्रवेश गरेपछि पाइला सङ्गीतको मूलबाटोतिर मोडियो । 'राम साहिँलौ सुरूबुरू लाँकुरीको लङ्कै पुग्यो जरा' लोकभाकामा स्वर परीक्षा दिँदा सीके रसाइली, रत्न बेहासी, कालु गुर्जू अगुवा वादक र सुपरभिजनमा नातिकाजी, शिवशङ्कर, तारादेवी, कोइलीदेवी रहनुको त्रासदी मीठै रह्यो । नेराप्रप्रले दिलाएको सङ्गीत प्रशिक्षण साथै अम्बर गुरूङ, गोपालाथ योगी, दीपक जंगम र निजी प्रशिक्षक

मदन परियार सम्भानाका सुपात्रहरू हुन् । गुरूभेटी यति भए पुग्ला ।

सङ्गीतका सपनाहरू बढ्न थाले बाँसका तामाजस्तै । हिम्मत हिमाल भएर उठ्यो । रेडियो नेपाल, राष्ट्रिय नाचघर र प्रज्ञा-प्रतिष्ठान नेपाली साहित्य सङ्गीतका अपेक्षित केन्द्रहरूमा चेपे-द्रव्य दौड दैनिकी बन्यो । तत्कालीन रेडियो नेपाल सङ्गीतकर्मीहरूका निम्ति घामजस्तै....धामजस्तै । चार धामभन्दा नि ठूलो । पलपल ध्याउन्नमैं रहैँ । जहाँ इच्छा त्यहाँ उपाय.....। अठ्तीस सालको असार २३ गते शुभसाइत भयो, साङ्गीतिक लङ-मार्चका निम्ति । दाजुद्वय गणेश रसिक र हिरण्य भोजपुरेकन शाब्दिक दक्षिणा अर्पण गर्छु । किनकी, अहिलेसम्म रेडियो नेपालमा छु म ।

कलाकारको रूपमा कार्यरत रहँदा एक वाद्य वादक मात्र होइन उद्घोषक, कार्यक्रम सञ्चालक, सङ्गीत सुपेरिवेक्षक, सङ्गीत प्रवर्द्धन समितिको सदस्य सचिव, बरिष्ट सङ्गीत संयोजक हुँदै डोटी दिपायल स्थित क्षेत्रीय प्रसारण केन्द्रमा प्रमुखको दायित्व एक वर्ष पूरा अनि सुर्खेतमा एक वर्षे जागिरे अनुभव-(२०७२-७३ र २०७३-७४) सँगाल्ने मौका उल्लेखनीय छन् । यी केन्द्रका अनुभव र रूदाली कथनी कथानक लिपि पछि आउने छ । नत्र रूवस सुदूर पश्चिमको कुमारी लोकसंस्कृति युग परिवर्तनको पत्रभित्र कहाँ हराउला कहाँ । अछाम लोकसङ्गीत संस्कृतिको मौलो हो । कसरी संरक्षित गर्ने हो ? एउटा चिन्ता पनि छ ।

सङ्गीत अचम्मको नशा हो, दुर्व्यसन जस्तो हुन्छ सङ्गीत र लाग्छ रमरम ......। मैले लोकगीत गाएँ लोकबहादुर क्षेत्रीसँग 'कड्के आँखाले झुक्यायो मलाई सान्नानी हौ कि भनेर' र 'राम साइँला सुरूबुरू लाँकुरीको लङ्कै पुग्यो जरा'-(२०३९), नवीन ढुंगेलसँग 'पानी कुवैको घरबारै छैन हो लैलै हामी दुवैको', दार्जीलिङबाट भर्खरै आएकी साधकीय गायिका कुन्ती मोक्तानसँग 'इलामै सहर चियाबारी राम्रो त्यहीँ पऱ्यो घर हाम्रो' -(२०३९), लोकगीतले स्थापित गायक बनायो । सबै गीत २०23 सालमा बनेको स्टुडियोमा रेकर्ड भए । हीरादेवी राई र सिताराम ताजपुरियाले 'लाइदिऊँ लाइदिऊँ लाग्यो मलाई सुनखरी फूल तिमीलाई'-(२०४० वैशाख ९) रचना दिलबहादुर बस्नेत, प्रमोद पाण्डे र कुन्ती सुन्दासले ' आँखैमा राखेर मुटुभरिको' -(२०४० फागुन) रचना गंगाराज मुकारूङ, दुई गीत रेडियो नेपालमा गाएपछि म सङ्गीतको अर्को तहमा दर्ज भएँ । यसअघि नै रेडियोसँग जोडिएका गीतकार वीरेन्द्र पाठक र गायक जुजुकाजी रन्जीत दुवै विद्युत प्राधिकरणका जागिरे इन्जिनियर । उनीहरूकै साथले रत्न रेकर्डिङबाट डिष्क रेकर्ड आयो, सामुहिक सिर्जनामा । त्यसपछि मेरो सङ्गीत यात्रामा कहिल्यै पगाहा लागेन । ती गीतका चर्चा-परिचर्चाले साङ्गीतिक बाइरोड खुल्यो मेरो । सङ्गीतका माध्यमले अग्रज कलाकारहरू तारादेवी, प्रेमध्वज, भक्तराज आचार्य, अरूण थापा, मीरा राणा, तारा थापा,

रविन शर्मा, सङ्गीता थापा (शाक्य)सँग आवद्ध हुँदै रचनात्मक यात्रा अगाडि बढ्यो । र मधु क्षेत्री, सुकमित गुरूङ, ओमविक्रम विष्ट, ज्ञानु राणा, ठूले राई (एआईजी), सुरेन्द्र मुखिया, भैरव खकुरेल आदि समकालीन गायक-गायिकासँग साङ्गीतिक पुल जोडियो ।

अगुवा फत्तेमान, दीप श्रेष्ठ, योगेश वैद्य, दिलमाया, प्रकाश श्रेष्ठ आदि सुरकर्मीसँग सिर्जनामा जोडिँदै निसान भट्टराई, रनु राई, समन्त कंशाकारलाई गायनका लागि साङ्गीतिक व्यस्तता बढ्यो । प्रत्येक वर्ष रेडियो नेपालले आफ्नो वार्षिक उत्सवमा गर्ने आधुनिक सङ्गीत प्रतियोगितामा २०४१ सङ्गीततर्फ पहिलो पटक प्रथम हुँदा खुशीको सीमा रहेन । स्वरमा द्वितीय ठूले राई भए, आफ्नै रचना, सङ्गीत थियो । पछि २०४७ र ५० सालमा सङ्गीत तर्फ प्रथम भई पुरस्कृत पनि भएँ । स्वरमा भाग लिने भगवती दंगाल, लेखु विवश सम्भनाका सुपात्र हुन् । जुन परिणामले मेरो साङ्गीतिक जीवन उचालियो ।

जागिरको बैतरणी तर्ने बेलासम्ममा रेडियो नाटकको सङ्गीत, एनटीभीबाट प्रसारित 'हिजोआजका कुरा', 'रूपमती', 'भोक र भित्ताहरू', 'अलिखित', 'देवी', 'चेतना', 'निमित्त नायक' 'काठमाण्डू', 'जीवन-चक्र' आदि धेरै भागका टेलिफिल्म, राष्ट्रिय, अन्तर राष्ट्रिय वृत्तचित्रका पार्श्व सङ्गीत, पैंतीस वटा सीडी, 'नेपाली सङ्गीतको अभिलेख'-२०७१, सहित १४ वटा सङ्गीत, संस्कृति र साहित्यसँग सम्बन्धित ग्रन्थ प्रकाशित भए । जागिरे जीवनकै पच्चीस वर्ष पदक साथै विभिन्न पदक, सम्मान, अभिनन्दन अनि नगद पुरस्कार सिर्जना र लोकप्रियताको ढडियामा परेका असला, बुदुना, बाम, भोटी माछाहरू थिए ।

यो उपलब्धि हो कि आत्मरतिको प्रचार ? म भन्न सक्दिनँ । अधिक विकास भएको जापान र संसार भरिका मानिसले ड्रिमल्याण्ड र सुरक्षित ठान्ने अमेरिका (युएसए) गरी एक दर्जन विदेशी भूमिको भ्रमण अनुभवको सङ्ग्रह हो । विभिन्न राष्ट्रिय महोत्सव अनि रेडियोकै सांस्कृतिक मञ्चको प्रत्यक्ष प्रसारण उद्घोषण (लाइभ कमेन्ट्री) गर्ने मौका मिल्नु जिम्मेवारी, सीप र दक्षता थियो । सत्ता, शक्तिभन्दा सङ्गीत, साहित्य वा संस्कृति नै साध्य-साधनाको पथ बन्यो । करिब पाँच सय आधुनिक वा समसामयिक गीतहरू सङ्गीतवद्ध, एक सय अधिक सङ्गीत सम्बन्धि लेख-रचना, नेपाली लोकबाजा र संस्कृतिको पाँचवटा विषयमा खोज-अध्ययन, विभिन्न समसामयिक विषयमा विचार प्रक्षेपण लेख र चौहत्तर जिल्लाको स्थलगत अध्ययन-भ्रमण गरी जन्मभूमि नेपालको भौतिक-अभौतिक जानकारी यही जागिरे जीवनले दिलायो । रेडियो नेपाल बुझ्नेलाई श्रीखण्ड हो । उन्नति, प्रगति र सिर्जनशील लक्ष्य भेदनका लागि जम्पिङ् स्टोन वा प्लेट फर्म हो । मेरो जीवन यही रितले अगाडि बढ्यो । सङ्गीतको सत्तानुराग आफ्नै शैलीको हुने रहेछ । म पुस पर्खि रहेको छु ।

# सुगा रटाइ



• माधव काफ्ले

जानेर त होइन जस्तो लाग्दछ । चिना, टिपन लेख्ने सन्दर्भमा भाश्वति पढेको र त्यसको छिपछिपे ज्ञानको पुच्छर समाएर बा अर्थको वैतरणी तर्न खोजी टोपल्नु हुन्थ्यो । ज्योतिष सम्बन्धी त्यस मानक ग्रन्थमा खगोल सम्बन्धी शब्द उल्लेख भएको र त्यसको सापेक्ष अर्थ जेजस्तो भए पनि उहाँ ख भनेको शून्य र गोल भनेको गोलो भनेर तत् सम्बन्धी जिज्ञासा राख्ता मलाई अर्थ्याउँने गर्नुहुन्थ्यो । म सानै थिएँ । चेतनाको क्रमिक विकासमा बामे सर्दै गए पनि त्यस किसिमको गुह्यज्ञान ग्रहण गर्ने र परिआएको खण्डमा परिभाषित गरेर अरूलाई बुझाउन सक्ने ल्याकत र सामर्थ्य ममा छँदा पनि थिएन । अर्थभेदको सामान्य ज्ञान नभएको काँचो कारणले खुम्चँदै आएको हुनाले पिताजी जे जे भन्ने गर्नु हुन्थ्यो म त्यसैमा सही खापी सनाखत गर्दै जान्थें ।

व्यावहारिक प्रकृयामा त्यसको टङ्कारो आवश्यकता वोध नगरेको कथुरे कारणले गर्दा पनि त्यसको सन्दिसर्पनभित्र प्रवेश पनि गर्न सकिन । जीवनको यति लामो अन्तरालमा मैले त्यस शब्दको अर्थ र महत्व बुझ्न पनि खोजिन र बाले सिकाउन पनि चाहनु भएन ।

अहिले महसुस गर्दैछु । उहाँले ठूलै कुरा भन्नु भएको रहेछ । त्यस शब्दको चुरोमा पुगेर त्यसको तहगत आशय र अर्थ उहाँले बुझ्ने चेष्टा गर्दै सोही अनुरूपको दीक्षा दिनु भएको भए म आफ्ना अज्ञानताले खुम्चिंदै गरेका लठेब्रा पाइतालाहरूलाई अझ बल लगाएर लामो फड्को मार्ने सक्ने थिएँ हुँला । उहाँले त्यति परिश्रम नगरिदिनु भएको हुनाले कुवाको भ्यागुतो बनेर टर्टराउँदै आज पनि जडवत् रूपमा एकै ठाउँमा कुवालाई नै संसारको सैभन्दा ठूलो उपलब्धी ठानी विषादको हुँड् याइलो लेदो मनभरि हुँडलेर टाक्सिइ रहेको छु ।

संसारमा जे जति भौतिक उपलब्धीहरू भएका छन् र हुँदै जाने छन् ती सवै गणित केन्द्रित रहेछन् । शून्यको सूत्र शृङ्खला अन्तर्गत ट्रक बने, बस बने, वायुयान बने, रोबोट बने, कम्प्युटर बने, विद्युत बन्यो, मोबाइल बन्यो, फेसबुक, ट्वीटर र म्यासेन्जर बनिरहेका छन् । कति वर्णनीय छन् र कति वर्णनातीत पनि

छन् तर छन् । शोध, अनुसन्धानको विश्वव्यापी बजारमा भौतिक उन्नति र प्रगतिका जादुगरी सोपानहरू जसरी निर्मित भएका छन् र हुँदै आएका छन् ती सबै गणित केन्द्रित रहेछन् । ती सबै चमत्कारी उपादानहरू गणितका बलले नै आफ्नो आयतन फैलाएर संसारलाई नै दिनानुदिन विमोहित बनाएर लगिरहेका छन्

ज्ञानगंगाका अनमोल सम्पदाहरू पूर्वमा जति छन् शायद पश्चिममा पनि त्यति नै होलान् । तर पनि सतहमा पूर्व र पश्चिममा विभेदको अजङ पहाड उभिएको देखिरहेको छु । पश्चिमाहरू खोज अनुसन्धान, विश्लेषण, व्याख्याको बलमा त्यही ज्ञानको तेजोराशिलाई जाज्वल्यमान बनाएर दिशानिर्देश गर्दै आइरहेका छन् । पूर्वियाहरू भने वासलातमा मौज्दात भएको ज्ञानरश्मिलाई गुठुरी पारेर कुना, कन्दरा पस्ने पुरूषार्थ गरिरहेका छन् ।

ज्ञानको खोजमा भोको बनेर भौतारि इरहेका निर्दोष आँखाहरू उपलब्धीका सवै सालनाल समेटेर त्यसैमा ठोक्किएर सतचूर्ण हुँदै गइरहेको विद्रुप चेतना मानसिकतामा मडारिन थालेपछि अनायास जीउ सिरिङ्ग गरेर आउँछ र म आफ्ना सबै संचेनालाई सोहोरेर लल्याक लुलुक हुँदै एकै ठाउँमा जमट लिने गरी थचक्क बस्न पुग्छु ।

पश्चिमाहरू ज्ञानको विपुलतालाई गुठुरी पारेर जोगाउनु भन्दा पनि त्यसलाई शोध, अनुसन्धान विधिद्वारा सर्वव्यापी रूपमा सार्वजनिक गर्दै आएका छन् । त्यसको प्रभाव, प्रकरणले नराम्रोसंग आज मलाई लठ्याइरहेको छ । त्यसबाट उम्किन खोज्दा पनि सजिलोसंग बाहिर निस्केर सहजताका साथ सास फेर्न सकिरहेको छैन । जव अलि होलो, खुकुलो भएर हिन्हिनाउन खोज्छु अनि अतीतका दंशले छपक्क छोप्तै लगेको पंहेलो तुवाँलो मात्र मुख वरिपरि पोतिएर ठुसुक्क गन्हाएको देख्न थाल्छु ।

त्यस ज्ञानमा फगत कोरा दर्शन र उच्याट लाग्दा उपदेश नभएर व्यवहारोपयोगी अथवा जीवनोपयोगी शिक्षाको ठूलो विराशत हुने हुनाले पनि पाठकमा एक किसिमको रूमानी चासो र जिज्ञासा बढ्दै जाने र अन्त्यमा त्यसैमा समाहित हुन पुगेको देखेपछि म आफ्नो मन थाम्न सक्तिन र त्यसैको पछि पछि लाग्दै जान थाल्छु ।

पूर्वमा दिइँदै आइएको दीक्षा अलि फरक खालको लाग्दैछ मलाई । दीक्षार्थीमा जतिसुकै चासो, जिज्ञासा र मेधावी प्रतिभा भए पनि पाठ्यक्रमको साँध अनि त्यसलाई नराम्रोसंग गोर्ख्याउँदै आएको जङ्घी सिमानाले उसको वैयक्तिक प्रतिभालाई एक किसिमले घेरेर राखेको हुन्छ । त्यसलाई नाघेर ऊ एक पाइला पनि स्वेच्छाले अगाडि बढ्न सक्तैन । बढ्न खोज्यो भने उसका सवै उत्कण्ठाहरूमाथि तातो भुत्भुते खन्याउन थालिन्छ । पास, फेलका लगामहरूले सिर्जनशील प्रतिभाहरूलाई कुँज्याउन खोजिन्छ ।

अनिच्छा हुँदाहुँदै पनि कतिपय निरर्थक र निष्प्राण हावादारी विषयमा नारिएर जोतिनु पर्ने अभिशापबाट मुक्त हुन नसकेका अलच्छिनी क्षणहरू मेरो

स्मृतिपटलमा उकुच पल्टिएर, जेलिएर, गाँठो परेर आज पनि बसेका छन् । त्यसको अमिलो हरकले मलाई घरिघरि तर्साउँदै, दर्फऱ्याउँदै, कोपर्दै आएको छ । तिनीहरूलाई सम्झदा पनि म आफूलाई नितान्त रित्तो र खोक्रो भएको भएको महसुस गर्न पुग्छु ।

पूर्वीय दर्शन र वाङ्मयको अनमोल सम्पदा हो भनिन्छ गीतालाई । अनमोल सम्पदा भएकै कारण पनि हिन्दूहरू बेलाबेला गीता पाठ पनि गर्ने गर्दछन् । त्यो पनि विशेषतः कर्मकाण्डका सन्दर्भमा धर्मको पार्श्वछायामा उभिएर यसका निस्ता श्लोकहरू भट्याउने पुरूषार्थ गर्ने परम्परा आज पनि यथावत् नै देखिन्छ । तर दुर्भाग्यको कुरा के भइदिन पुग्छ भने जान्नेले पनि यसमा उल्लिखित यी यी श्लोकहरू जीवनोपयोगी, ज्ञानवर्धक र शिक्षाप्रद छन् भनेर भन्दैनन् र जसले गीता पाठ गराउन लगाउँछ ऊ पनि यसको सार्वभौम महत्व र सर्वव्यापी प्रभावको अर्थ बुझ्न खोज्दैन । धर्मको ढ्याङ्ग्रो ठोक्तै मात्र अलिना श्लोक श्रवण गरेर साँस्कृतिक परम्परालाई अगाडि बढाउन खोजिरहन्छन् । ध्यान, भक्ति भन्दा बेसी कुनै मौलिक तत्त्व यसमा हुँदै नभएको झैं गर्दै आएका छन् पण्डित बाजेहरू ।

सानोछँदा जेठाबाले मलाई गीता र चण्डी कण्ठ पार्न लगाउनु भएको थियो । मैले करिव छ महिना जति उहाँको सान्निध्यमा टपरीमाथि बसेर यो भवसागर पार गर्ने दुस्साहस गरेको थिएँ । दुवै ग्रन्थका करिव एघार अध्याय जति मुखाग्र पनि पारें । उहासंगको सम्बन्ध विच्छेदपछि त्यसको उपयोगिता भनेको यसै हन्बेर्नुलाई ज्ञानार्जनको ठूलो उपलब्धी सम्झेर कर्मकाण्डमा मात्रै खुम्चँदै गएँ । निकै वर्षसम्म परिवेश नै थर्कने गरी जजमानको घरमा भट्याइ हिंडे पनि । जति मरिहत्ते गरेर फलाके पनि त्यसले मलाई कुनै ऊर्जा र हौसला दिन सकेन । वस्तु, पदार्थ अथवा विषयको वस्तुवादी धारणा अनुरूप सर्वपृय उपलब्धीलाई ग्रहण गर्न नसके घरको न घाटको होइने नियति मसंग लिसोजस्तै टाँसिदै गयो । अन्ततोगत्वा त्यसैको पासोमा अल्झेर जीवनका अनमोल क्षणहरू निरर्थक होम्न पुगें ।

त्यस अल्पज्ञानी प्रारम्भिक कालखण्डमा मैले त्यसको आशय, अर्थ र महत्व खोज्ने चासो राखेको भए धेरै कुरा सिक्ने, जान्ने रहेछु भन्ने लाग्दैछ । अहिले आँखा खुल्यो । तर ढिलो भइसकेको थियो । समय मेरो शिर, पाउलाई फटक्क नाघेर धेरै पर पुगिसकेको छ । जीवनका धेरै उर्वर दिनहरू निष्काम बितेका हुनाले मनमा मात्र विषादका गिर्खाहरू फतलफाँडो बनेर छरिन पुगेका छन् र त्यसले मेरो मानसिकतालाई नराम्रोसंग हल्लाइरहेको छ ।

हरेक राष्ट्रको जग अतीतमा निर्माण हुँदै आइरहेको यथार्थ सबैले बुझेका छन् । मैले पनि धेरथोर बुझ्दै आएको छु । भूगोल र सीमा भनेका त फगत आकृति र आयातन मात्र रहेछन् । परिवेश र पृष्ठभूमिको असली स्वरूप र गुदी त साहित्य, कला, वाङ्

मय र साँस्कृतिक सौन्दर्यले व्यक्त गर्ने रहेछन् । इष्ट इण्डिया कम्पनीका न्यायाधीस भएर पनि विलियम जोन्सले संस्कृत साहित्यलाई अङ्ग्रेजीमा अनुवाद गरी हिन्दू सभ्यता, विकास, परम्परा र हुतीको मुटु छामेर विश्वव्यापी तुल्याउँदै प्रचार गरे । उनले संस्कृत वाङमयको वस्तुगत यथार्थ, गरिमा, प्रभाव र महत्व बेलैमा बुझेका रहेछन् । उनको यस वन्दनीय योगदानले हिन्दू सभ्यता, संस्कृति र वैभवको प्रचार मात्र भएन सम्पूर्ण संस्कृत वाङ्मयकै शक्ति, प्रभाव र ज्ञानको गहिराइलाई सर्वव्यापी रूपमा परिभाषित गऱ्यो र यसले पश्चिमाहरूमा शोधको चासोको, जिज्ञासाको बाटो पनि खुलाइ दियो ।

पूर्वियाहरूले भने ज्ञानका अनुपम संसाधनहरूलाई रूढ बनाउँदै गए र हरेक कुरालाई देवत्वकरण गर्ने पुरूषार्थ गरे । यसले ग्रन्थमा उल्लेखित ज्ञान मिथकमा रूपान्तरित हुँदै गयो र कालान्तरमा यो कर्मकाण्डमा जेलिएर उपेक्षा र उपहासको साधन बन्यो । यसको आडम्बरी कार्य व्यापारले संस्कृतको सर्वव्यापी सौन्दर्यलाई धुमिलधुसर पार्दै लगिरहेको लाग्दैछ मलाई । यसले आम मानिसहरूलाई निरङ्कुश शक्तिद्वारा शासित हुने उत्प्रेणा जगाइरहेको छ र मानिसलाई सनातनतर्फ उन्मुख गराउँदै मिथकीय संसारतर्फ डुब्न अभिप्रेरित गरिहेको छ । यस्ता खाले अहङ्कारी कार्य शृङ्खलाले शरीरमा ऊर्जा छउन्जेल मानिस सभ्यता, संस्कृति र शिक्षाको संदिग्ध काम्लो ओढेर उचालिन्छ, उम्लिन्छ, कुर्लिन्छ तर थाकेपछि उठ्नै नसक्ने गरी सतहमा अपाहिज बनेर प्ल्यात्त पछारिन पुग्छ । यस खाले परम्पराले मानिसलाई अशक्त र असक्षम बनाउनु भन्दा कुनै ठूलो पुरूषार्थ गर्न सकेजस्तो लाग्दैन ।

समय यस्तो बलवान शक्ति हो जसले संसारलाई नै विदग्ध बनाएर संधै हुइकिरहेको हुन्छ । न यो दोहोरिन्छ, न यो फर्कन्छ, न त कसैलाई कहिल्यै पर्खेर बस्ने गर्दछ । यो अचम्मको गतिशील शक्ति, सामर्थ्य र प्रभाव बोकेर हुँइकिएको हुन्छ । समयलाई समयमै चिन्न सकेर समयमै पछ्याउन सक्ने मानिसहरूले इतिहास निर्माण गरेर संसारलाई चकित तुल्याउँदै आएका छन् । प्रभावित पार्दै आएका छन् । समयको घुर तापेर दैवी आराधनामा लीन हुन पुग्नेहरू भने बाढीले किनारामा पछारेका पाहाझैं घरका न घाटका हुँदै मक्मकिएर अतीतमा हराउँदै आएका छन् । जसरी मेरा पुर्खाहरू बिते । हजुर्बा बित्नु भयो । बा बित्नु भयो र त्यही पथको अनुयायी हुँदै म पनि बित्न लागिरहेको छु । सम्भवतः यसरी नै आउने पुस्ता काकाकुल बनेर बित्दै जानेछ । अनि यसको परिणाम प्राप्तिमा विषादको हुँड्याइलो हरक काढेर खज्मजिन पुग्नु बाहेक कुनै मौलिक संसाधन हामीसंग शेष रहने छैन ।

युगौंयुगदेखि मानसिकता भरि हुँडलिँदै आएको शिक्षाको व्यभिचारी दासत्व, दर्शनको अनुयायी हुनु गौरव ठान्ने मानिस धेरै छन् । जानेर होस् या अन्जानमा, यस खाले शिक्षा ग्रहण गररे गृहस्थको बोझिलो भारलाई सकुशल

पार लगाउने जिजीविषामा झुण्डिएर हिंड्नेहरू पनि छन् । मेरो पिताजी पनि यही खालको चिन्तन बोकेर हिंड्ने मध्यम वर्गीय मानिस हुनुहुन्थ्यो ।

म त्यो कित्ता र काँटको मानिस परिन । परम्पराले ग्रहण गर्दै आएका अनुत्पादक धेरै कुरा प्रति घोर वितृष्णा विमतिका ज्वारभाटा अन्तश्चेतनामा घरिघरि उर्लँदै आउने हुनाले पनि जीवनोपयोगी हुन नसक्ने खालका ज्ञान र शिक्षा देख्ता, सुन्दा अथवा पढ्नु पर्दा संधै मलाई अमन हुन थाल्छ, सिकसिको लाग्छ । भ्रम र आडम्बरको कालो छायामा लट्पटिएर हिंडेपछि त्यसको तामसी अभिशापबाट अमलेख हुन वर्षौ वर्ष लाग्ने र मुक्तिपछि मात्र पश्चात्तापको गहिरो चोट र खाटाहरू सुम्सुम्याएर आँसु चुहाउँदै हिंड्नु पर्ने नियति भोग्ने कुनै उत्कण्ठा मनमा थिएन र पनि म त्यसको माखे साङ्लोबाट फुत्केर बाहिर निस्कनै सकिन ।

अहिले महसुस गर्दैछु ज्ञानका नाउँमा जे जति कुरा ग्रहण गरेर अगाडि बढ्न पाइला उचालेको थिएँ, ती सबै सुगा रटाइका सामान्य एकाइ रहेछन् । आडम्बरी र अहङ्कार वोधी । त्यसको बल, बुतामा पर पुग्न सक्ने सामर्थ्य अलिकति पनि नभेटे, नलागेपछि आफू नितान्त रित्तो, खोक्रो र अपाहिज हुँदै गइरहेको छु । यही अर्ध विक्षिप्त दीक्षाको पिपिरी फुकेर निरर्थक बाँकटे हानिरहेको रहेछु ।

पूर्व पनि यही चिन्तन काखी च्यापेर बुर्कुसी मार्न थालेको देखेपछि मेरा उत्कण्ठाका कमानीहरू लल्याकलुलुक हुन पुग्छन् र अपाहिज मानसिकता बोकेर थचक्क बस्न पुग्छु ।

*- चपुर, रौतहट*

कविता

# खरानी



**• श्यामकृष्ण डंगोल**

आफ्नो मान्छे भनि माया गर्दा
विश्वासमै झूठो खेती हुँदोरहेछ ।
जनावर हैन ऊ डाम्लोले बाँधीराख्न
स्वतन्त्र छाडी दिउँ भन्दा
महादेवको तपस्या भंङ्ग गराउँदो रहेछ ।
जिन्दगीलाई कुन्ठीत तुल्याएर बाँच्नु पर्दा
जिउनुको अर्थ नहुँदोरहेछ ।
पिडालाई सम्हालेर खुसीमा रमाऊ भन्दा
हाँसो आँसु बनि झर्दोरहेछ ।
धर्तिमा स्वतन्त्र भएर बाँच्ने आधार दिदा
कलियुगमा माया जल्दोरहेछ ।
निराशालाई आशामा बदल्नु पर्दा
जिन्दगी खरानी बन्दोरहेछ ।

*— धर्मस्थली, काठमाडौं*

# ...र अन्त्यमा



● गोपाल अश्क

उसले आफ्नो जेठो छोराको बिहेमा आफूले जम्मा गरेको सारा पूँजी खुसी-खुसी खर्चेको थियो । यहाँसम्म कि उसले आफ्नो जीवनबीमालाई पनि बीच अवधिमै तोडेर त्यसबाट आएको सरेन्डर भ्यालु वापतको रकमलाई कुराकानी छिन्ने नाउँमा खर्चेको थियो । उसलाई यसरी रूपैयाँ खर्चेको कुनै पछुतो थिएन, बरू ऊ खुसी नै थियो । उसले आफ्नी पत्नी शशिकलाको कुनै कुरो सुनेन, मानेन । उसले पत्नीसँग बहस गऱ्यो, झगडासमेत गऱ्यो तर आफ्नै मनको कुरो गऱ्यो । उसको एउटै इच्छा, जे जसरी भए पनि जेठो छोराको बिहे बडो धुमधामले सम्पन्न गर्नु रहेको थियो । उसले आफ्नो जेठो छोराको बिहेमा यसरी आफ्नो शक्ति र सामर्थ्यभन्दा पनि बढी खर्च किन गरेको थियो भने उसलाई थाहा थियो यो उसको जीवनको अन्तिम जिम्मेवारी हो,अब उसले कुनै जिम्मेवारी पूरा गर्न बाँकी थिएन । त्यसो त उसको कान्छो छोरोको बिहे गर्न बाँकी नै थियो । तर उसलाई थाहा थियो, यो मौका उसको कान्छो छोरोले प्रदान गर्नेवाला छैन । किनभने उसको कान्छो छोरोले आफ्नो दाजुको कुराकानी छिन्ने कार्यक्रममा नै आफ्नी प्रेमिकालाई आमन्त्रित गरी सहभागी गराएको थियो । बुवालाई भन्न नसकेपनि घरका अन्य सदस्यहरूलाई ऊबाारे जानकारी दिँदै भनेको थियो ,-'यो अनु हो, मेरी प्रेमिका । मेरी हुनेवाली जीवनसंगिनी ।' उसको कुरा सुनेर घरका सदस्यहरू जिल्ल परेका थिए, कोही कोही त दङ्ग पनि नपरेका होइनन् । त्यस बेला यो कुरा उसको कानमा पनि परेको र उसको कानमा यो कुरा पुग्दा, ऊ अलिक चिन्तित भएको थियो, अलिक रिसाएको पनि थियो । तर मौन बस्नुबाहेक उसँग कुनै उपाय थिएन, कुनै चारा थिएन । बिहेबारीको घर, घरमा पाहुनाहरूको आगमन हुन थालेको थियो । यस विषयमा कुरा गरेर अन्तर्कलह वा द्वन्द्व उत्पन्न गर्नु कुनै किसिमले जायज थिएन । त्यसैले उसले आफूलाई शान्त तुल्याउँदै जेठो छोरोको बिहेको तयारीमा लागेको थियो । त्यसो त उसकी पत्नीले नभनेकी पनि होइनन,-'कस्तो मान्छे हुनुहुन्छ तपाईं । कान्छोको बारेमा यस्तो कुरा सुनेर पनि तपाईं चुप लागेर बस्नु भा'छ । यसरी कसरी तपाईं चुप लागेर बस्न सक्नु हुन्छ ? कम से कम एक पटक उसलाई बोलाएर केही कुरा त गर्नुस् ।' पत्नीको कुरा सुनेर उसले अलिक झर्किंदै भनेको थियो,-'के कुरा गर्ने मैले र किन कुरा गर्ने मैले ? म अहिले जेठोको बिहे गर्ने तयारीमा लागेको छु । मेरो सारा ध्यान, सारा शक्ति त्यतैतिर केन्द्रित रहेको छ ।

बेकारमा कान्छोसँग कुरा गरेर घरको वातावरण बिगार्न चाहदिँन, विघ्न खडा गर्न चाहदिँन । र एउटा कुरो, कान्छोले त मसँग आफ्नो प्रेम वा प्रेमिकाबारे कुनै कुरो गरेको छैन । अनि मैले बेकारमा उसँग उसको प्रेम र प्रेमिकाबारे किन कुरा गर्नु ? मेरो विचारमा कान्छोसँग उसको प्रेम वा बिहेबारे कुरो गर्ने सही समय होइन यो । तिमी चुप लाग र मलाई मेरो काम गर्न देऊ ।' 'ठीक छ, तपाईंलाई जे मन लाग्छ, जसरी मन लाग्छ, गर्नुस्, आइन्दा म एक शब्द पनि बोल्नेवाला छैन । पछि यो नभन्नु होला, तिमीले मलाई कुनै जानकारी नै दिएनौ ।' उसकी पत्नीको कडा र अलिक ठुलो स्वर कोठा मात्र होइन, आङ्नसम्म पनि गून्जित भएको थियो । उसले यति भन्दै कोठाबाट बाहिर निस्क्यो,-'अलि बिस्तारै बोल, घरमा पाहुनाहरू छन् । त्यत्ति मात्र होइन, ऊ त्यो ...के नाउँ हो त्यो केटीको ...अँ ... अनु ! ऊ पनि छे .... के सोच्छे हाम्रो बारेमा ।' उसकी पत्नी आफ्नो पतिको अनुहार हेरेकी हेऱ्यै भइन । मुखबाट एक शब्द पनि निस्केन । आफ्नो पतिलाई बाहिर गएको देखिइरहिन् । बस ॥

यसरी, उसले आफ्नो जेठो छोरोको बिहे गर्नमा कमर कसेर लागेको थियो । जेठो छोरोको कुराकानी छिन्ने कार्यक्रममै उसले दुई लाखभन्दा बढी रूपैयाँ खर्च गरेको थियो । त्यो बेलासम्म ऊ जागिरमै थियो । ठूलो पदमा भएकोले उसको एक इशारामा अफिसका मान्छेहरू सहयोग गर्न कुदिहाल्थे । उसका सहकर्मी साथीहरू आ-आफ्नो सवारी साधनका साथ उसको जेठो छोरोको कुरो छिन्ने कार्यक्रममा उपस्थित भएका थिए । साँच्चि भन्ने हो भने उसले कुनै अतिरिक्त सवारी साधनहरूको जोहो पनि गर्नु परेको थिएन । हालांकि उसँग सवारी साधनको नाउँमा मोटरसाइकलबाहेक अरू केही थिएन । उसको जेठो छोरोको बिहेको कुराकानी छिन्ने कार्यक्रम बडो धुमधामसँग सम्पन्न भएको थियो । कान्छो छोरोकी प्रेमिकालाई घरका सबै सदस्य मात्र होइन, बल्कि पाहुनाहरूले समेत मन पराएका थिए । उसको कान्छो छोरोले बडो बुद्धिमतापूर्वक त्यो केटीलाई आफ्ना आमा-बुवा,दाजु, दिदी भिनाजु, मामा, माइजुसामु उपस्थित गराएको थियो । उसकी प्रेमिकालाई छोरी बुहारीझैँ काम गरिरहेको देखेर घरका सदस्य तथा पाहुनाहरू सुखद् आश्चर्यचिकत भएका थिए । त्यो केटीले एक किसिमले सबैको मन जितिरहेकी थिइन् । आफूलाई त्यो घरकी बुहारीको रूपमा स्थापित हुने वातावरण बनाइरहेकी थिइन् । दुई चार जनाले सोधेका पनि थिए,-' शशि ! को हुन यिनी ? 'मेरो साथी हुन् । हामी एउटै कम्पनीमा कार्यरत छौँ । यिनले वीरगञ्ज घुम्ने रहर गरेकीले मैले दाजुको बिहेमा निम्त्याएको हुँ ।' शशि, अर्थात् उसको कान्छो छोरोले चाहेर पनि त्यस बखत 'यो मेरी प्रेमिका हो, भन्न सकेको थिएन ।

यसरी जेठो छोराको बिहेको पूर्वसन्ध्यामा कान्छो छोराको बिहेको सङ्केत पाएको थियो, उसले । उसलाई पनि आफ्नो कान्छो छोरोको रोजाइ मन परेको थियो । त्यो केटी हेर्नमा राम्ररी थिइन्, चाल स्वभावमा पनि राम्ररी नै देखिइन् । घर व्यवहारमा पनि कुशल लागिन् । र सबैभन्दा ठूलो कुरो, छोरोले मन पराएकी केटी थिइन् । पछि कुनै किसिमको आरोप-प्रत्यारोप नखेप्नु पर्ने अवस्थाको सङ्केत मिलेको थियो । मागी बिहेमा यस किसिमको

खतरा बनिरहन्छ । छोराछोरीले आफ्ना आमाबुवालाई प्रायः भन्ने गरेका हुन्छन्,–'मैले रोजेको होइनन नि, हजुरहरूले रोज्नु भा'को हो । अब भोग्नुस्, जे खोज्नु भा'छ ।' अलिक उद्दण्ड किसिमका छोराछोरीले यो आरोप लगाउन पनि पछि पर्दैन्,–'हजुरहरूले मेरो जिन्दगी बर्बाद गरिदिनु भयो । यसको बारेमा केही पतो लगाउनु भएन, आँखा चिम्लेर, केही खोजबीन नगरेर मेरो बिहे गरिदिनु भयो, जसको परिणाम म भोगिरहेको छु ।' आमाबुवा, बिचरा, यति पनि भन्न पाउँदैनन कि 'जब तिमीहरू एकअर्काको हात समातेर रेस्टुरेन्टमा खानपीन गर्न जान्छौ,एकअर्कालाई अङ्गालो मारेर म्वाइँ खाँदै रमाउँछौ र एकअर्कालाई खुसी तुल्याउन, बुढो आमाबुवालाई समेत उपेक्षा गर्छौ, त्यस्तो बेला त तिमीहरू भन्दैनौ कि बुवा हजुरले हाम्रो जीवनमा फूल फुलाइदिनु भयो ।

उसको जेठो छोराको बिहेको कुराकानी छिनिसकेको थियो,बिहेको तिथि–मिति पनि निर्धारित गरिइसकेको थियो । अझ छ महिना बाँकी थियो, परिणय सूत्रमा बाँधिन । दुवै तर्फका मान्छेहरू खुसी थिए । मौका मिलाएर उसको जेठो छोरा आफ्नी हुनेवाली पत्नीसँग भेंट पनि गरेको थियो, डेटिङ्गमा लगेको थियो, रेस्टोरेन्टमा पनि सँगै खानपीन गरेको थियो । सँगसँगै मार्केटिङ्ग पनि गरेको थियो । यसरी, उसको छोरा बुहारीले एकअर्कालाई चिन्ने मौका पाएका थिए, एकअर्कालाई बुझ्ने अवसर पाएका थिए । मोबाइलमा त दिनहुँ कुराकानी भइरहेको तथ्यबाट ऊ अनभिज्ञ थिएन । यस बीचमा, अर्थात् जेठो छोरोको बिहे हुनुअघि नै कान्छो छोरोको बिहे गर्ने बाध्यता आइ पर्‍यो । एक दिन, कान्छो छोरोले आफ्नो आमाबुवालाई आफूले गरेको निर्णबारे जानकारी दिँदै भन्यो,–'बुवा ! अनुलाई हजुरहरूले हेरिसक्नु भा'को छ । हामी एकअर्कालाई मन पराउँछौँ र बिहे गरेर अस्ट्रेलिया जान चाहन्छौँ । भिसाको तयारी गरिरहेका छौँ । त्यसैको सिलसिलामा हाम्रो बिहेको भिडियो र केही फोटाहरूको आवश्यकता पर्न गएको छ । हामीसँग समय निकै नै कम छ । तपाईंहरूले यदि मान्नु भएन भने हामी आफ्नै किसिमले बिहे गर्नेछौँ । त्यसैले हाम्रो अनुरोध के छ भने तपाईंहरूले नै मेरो बिहे गरेर खुसीपूर्वक हामीलाई विदेश जान सहयोग गरिदिनुस् ।' उसको स्थिति भीरबाट खसेझैँ भयो । त्यो बेला त ऊ झन जिउमा रगत समाप्त भएर रूखबाट झरिरहेको पातझैँ झरेको थियो, जब उसको कान्छो छोरोले आफ्नी आमाको हातमा विवाह दर्ताको प्रमाणपत्र राख्दै भनेको थियो,–' ल हेर्नुस् आमा ! कानुनी रूपमा त हामी पति–पत्नी भई नै सकेका छौँ । अब सांस्कृतिक रूपमा यहाँहरूले हाम्रो सम्बन्धलाई मान्यता दिएर हामीलाई आशीर्वाद दिँदा राम्रै हुन्थ्यो ।'

उसले यति मात्र भनेको थियो,–' बाबु ! हामीलाई थाहा छ, तिमीहरूलाई हाम्रो आशीर्वाद आदि केही चाहिँदैन । तिमीहरूले जे चाहेका थियौ, पाइसक्यौ । तैपनि हामी तिमीहरूबाट यो सुन्न चाहँदैनौँ कि हाम्रा आमाबुवाले हाम्रो चाहनाको कदर गर्नु भएन, हामीलाई स्वीकार गर्नु भएन । त्यसैले ..... तर छोरो, अहिले तिम्रो दाजुको बिहे गर्न बाँकी नै छ । यस अवस्थामा म घर परिवार तथा समाजमा घोषणा गर्दै तिमीहरूको अन्तर्जातीय बिहे गर्न सक्दिँन । मलाई तिमीहरूले क्षमा गर्नु ।

म अहिले त्यस अवस्थामा छैन । मसँग त्यत्ति रूपैयाँ-पैसा पनि छैन कि म दुई-दुई छोराको बिहे एक साथ गर्न सकूँ । यसो गर, तिमीहरूले आफ्नो बिहेको तयारी आफै गर, तिथि-मिति पनि आफैँ मिलाऊ । बुहारीको आमाबुवालाई नै आग्रह गर,-'उहाँहरूले आफ्नै रीति-रिवाजले तिमीहरूको बिहे गराइदेउन् । हामी दुई चार जना सहभागी भइहाल्छौँ । जे सकिन्छ, गर्छौं पनि । तर अहिले हामी घरपरिवार र समाजमा घोषणा गरेर बाजागाजाको साथमा तिमीहरूको बिहे गर्न सक्दैनौँ ।'

कान्छो छोरोले केही पनि बोलेन, बरू गरेर देखायो । दाजुको बिहेअघि उसले आफ्नो बिहे गरेर विदेसियो । ऊ पनि आफ्ना सीमित परिवारका सदस्यहरूसँगै उसको बिहेमा सहभागी भयो,तथाकथित आशीर्वाद दियो र मुटुमा ढुङ्गा राखेर रोइरहेकी पत्नीलाई सम्झाउँदै भन्यो,-'किन रून्छौ शशिकला ! न रोऊ ! घरबाट बाहिरिनु त हाम्रो घरको परम्परा नै हो । मेरो बुवाले आफ्नो जीवन सपार्नका लागि गाउँ छाड्नु भो, मैले आफ्नो जीवन सपार्न शहर छाडेर राजधानी आएँ र मेरो छोरोले आफ्नो जीवन सपार्नका लागि हामी सबैलाई छाडेर विदेश हिँड्यो । यसमा किन पछुतो गरिराख्ने, बरू खुसी मनाऔँ, हाम्रो छोरोले हाम्रो परम्परालाई हामीभन्दा पनि राम्रो ढङ्गले धाएको छ ।' शशिकला, अर्थात् उसकी पत्नी राम्ररी बुझिरहेकी थिइन् कि उनको पतिको यो भनाइमा कत्ति वेदना र पीडा लुकेको छ । बिरामी आमाबुवालाई साथ सहयोग दिने बेला छोरो विदेशिएको छ,फकत भौतिक सम्पन्नता र स्वार्थमय जीवनका लागि । तर उनी केही पनि भनिन् । बरू आँखाबाट बर्रररर आँसु चुहाउँदै रहिन् ।

०००

उसको जेठो छोरा बुहारीको व्यक्तिगत जीवन त्यत्ति राम्रो गुज्रिरहेको थिएन । भन्नलाई त दुवैजनाले उच्च शिक्षा हासेल गरेका थिए । तर उनीहरू शिक्षा र जीवनमा कुनै तारतम्य हुँदैन भन्ने भनाइको ज्वलन्त उदाहरणको रूपमा चरितार्थ भएका थिए । भनिन्छ शिक्षाको ज्योतिबाट मान्छेको जीवनको अँध्यारो मेटिन्छ भनेर, तर यहाँ उनीहरूको जीवनमा उलटो भइरहको थियो । उनी दुवै जना अधिक पढेलेखेको कारणले गर्दा नै मिल्न सकिरहेका थिएनन । 'को कोभन्दा कम' भन्ने अवधारणाका शिकार थिए दुवै जना । उनीहरूको बिहे किशोरावस्थामा पनि पुगेको थिएन,जम्मा दुई-चार महिनाको मात्र भएको थियो, तर उनीहरूबीचको झगडा पूर्ण रूपमा जवान भइसकेको थियो । झगडारूपी जवानीको मातले दुवै जना मातिसकेका थिए । मात लागिसकेपछि, कोही कसैको कुरा सुनिराखेका थिएनन् । उनीहरू आपसमा मिल्न नसकेको आरोप पनि आमाबुवामाथि लगाउन थाले । छोरो बुवालाई भन्थ्यो,-'तपाईंले योसँग बिहे गराएर मेरो जीवन बर्बाद गरिदिनु भो । न यसको रूप सुन्दर छ, न यसको व्यवहार । यो कुनै किसिमले मेरो लायक छैन । तपाईंहरूले के हेरेर यसलाई मेरो दुलही बनाउनु भो, बुझ्न सकिरहेको छैन ।' उसको बुवाले चाहेर पनि यो भन्न सकेको थिएन,-'मैले त यसको सिउँदोमा सिन्दूर हालेको होइन, तिमीले नै हालेको हो । मैले त प्रत्येक बुवालेझैँ तिम्रो बिहेको जोहो मात्र गरेको हुँ, केटी हेरिसकेपछि तिमीसँग सोधेको पनि हुँ । यत्रि मात्र

होइन, बिहे हुनुअघि तिमी दुवै जनाले एकअर्कासँग भेटेका हौ, डेटिङ्ग गरेको हौ । अब तिमी यो कसरी भन्न सक्छौ कि तिमीले मेरो इच्छाले मात्र यो केटीसँग बिहे गरेका हौ, आफ्नो इच्छा हुँदानहुँदै ।' तर ऊ जवान छोरोको मुख लाग्न चाहदैन्थ्यो । त्यसैले केही बोलेन । टुलुटुलु हेरि मात्र रह्यो ।

छोरा-बुहारीको वैवाहिक जीवन सप्रियोस् भन्ने उद्देश्यले उसले आफ्नो तर्फबाट निकै प्रयास गऱ्यो । समधी-समधीनीलाई आफ्नो किसिमले सम्झाउन कोसिस पनि गऱ्यो । सिद्धान्ततः उनीहरू सम्झेजस्तो पनि देखिए । तर उनीहरूको व्यवहारमा त्यो देखिएन । कैयौँ पटक छोराबुहारीमा झगडा भयो । हरेक झगडाका तथाकथित कारण ऊ र उसकी पत्नी हुन थाले । झगडा गर्थे छोराबुहारी, तर आरोप खपिनु पर्थ्यो सासु-ससुरालाई । यसरी उनीहरूको जीवन कष्टमय बित्न थाल्यो । यसैबीच उसको छोराबुहारीमा ठूलो झगडा भयो र उसको छोरोले आफ्नी पत्नीलाई उसको माइत छाडेर आयो । फर्किने बेलामा यो भन्न छाडेन,-'जबसम्म यसले म र मेरो परिवारलाई आफ्नो ठान्दिँन, तबसम्म यसलाई म आफूकहाँ लग्दिँन । आफ्नो मनले आउन जरूरी छैन, म लिन आए मात्र आउनु ।' त्यसपछिका दिनहरू झन कहालिलाग्दो भए । एक किसिमले रूँदै कल्पिँदै बित्न थाले । बूढी भइसकेकी सासुको कँधामा घरको पूरा जिम्मेवारी थपिन आयो । आराम गर्ने बेला, कोल्हुको गोरूझैँ खटनु पर्थ्यो । त्यसले गर्दा उसकी पत्नी झन झन बिरामी हुँदै गइन् । उसको छोरो आफ्नो जीवनप्रति उदासिन हुन थाल्यो । छोराबुहारीबीच कुराकानी हुन छाड्यो । यता छोरोको जीवनमा नैराश्यको बादल मडारिन थाल्यो । उता बुहारीको जीवन के कस्तो बितिरहेको छ भन्ने कुरो थाहा हुन छाड्यो । यसरी समय घिर्स्रिँदै बित्न थाल्यो ।

छोराबुहारी छुट्टिएको लगभग एक वर्षपछि अचानक उसको जेठो छोरो मोटरसाइकल दुर्घटनामा पऱ्यो । ठूलो दुर्घटनाबाट जोगिएको भएपनि उसको हात भाँच्यो । 'यही सही मौका हो छोराबुहारीलाई मिलाउन' सोचेर उसले आफ्नी पत्नीको सल्लाहमा पहिला समधीलाई फोन गऱ्यो, छोरा दुर्घटनामा परेको जानकारी गरायो । पछि समधीनीलाई पनि फोन गरेर बेलिबिस्तार लगायो । कुरो सुनेपछि उसकी समधीनीले भनिन,-' अनि, के भन्न चाहनु हुन्छ ?'

-'म के भनूँ ।' ऊ पनि झर्कियो । तपाईंलाई ज्ञान छैन, यस्तो मौकामा के गर्नु पर्छ भनेर । तपाईंको ज्वाइँ दुर्घटनामा परेको छ, र तपाईँ सोध्दै हुनुहुन्छ कि के भन्नु हुन्छ । काइदाले तपाईंहरू आउनु पर्ने होइन ।

- 'ठीक छ, म आफ्नो घरको गार्जियन, आफ्नो छोरासँग सोधेर फोन गर्छु ।'

त्यसपछि ऊ आफ्नो समधी-समधीनीको फोनको प्रतिक्षा गर्न थाल्यो । मौसमको प्रतिकूलताको बहाना बनाएर उसका समधी र छोरोको जेठान, फोन भएको एक सप्ताहपछि आए । बुहारी आइनन् । नाश्ता-खाजा गराइसकेपछि उसले नै कुरा झिक्यो । उसको छोरा पनि त्यो बैठकमा सामेल थियो । बोल्न चाहिँ केही बोलिरहेको थिएन ।

उसले भन्यो,-'समधीजी, काइदाले त बुहारी नै आउनु पर्थ्यो, आइनन् तपाईंहरू नै आउनु भो, ठीकै छ । अब भन्नोस् तपाईंहरू, अगाडि कसरी बढ्ने ?'

-'हामी के भनौँ समधीजी ।' उसको समधी भन्न थाले,-'ज्वाइँ सा'बले छाडेर आउनु भा'छ । झगडा उहाँहरूबीच भएको हो, हामीसँग त भा'को होइन । उहाँ आउनुहोस् र लिएर जानुहोस् , हामीले कहाँ रोकेका छौँ ।'

कुरा त धेरै भए, तर ती सबैको बयान गर्न न उचित छ, न समयानुकूल नै । तर कुराकानीको सारमा के भन्न सकिन्छ भने त्यो दिनको बैठकबाट सम्बन्ध सुध्रिने सम्भावना देखिएको थियो । उसले उहाँहरू फर्केकै दिन, रातमि फोन गरेर भलोकोसारिरी सोधेको थियो । सौहार्दपूर्ण कुराकानी भएको थियो । उसको समधी र छोराको जेठान फर्केको तीन सप्ताह बितिसक्दा पनि उताबाट कुनै फोन-सोन आएन, सोधपूछ गरिएन । यसैबीच उसको जेठो छोरोले एक दिन आफ्नो ससुरालाई फोन गर्‍यो, उठेन । त्यसपछि आफ्नो जेठमानलाई फोन गर्‍यो । उठ्यो र निकै सङ्क्षिप्त कुराकानी भयो ।

-'दाजु ! म केही दिनदेखि अफिसको कामले धेरै व्यस्त थिएँ, फोन गर्न सकिन । हजुरहरू सन्चै त हुनुहुन्छ ?'

-'हो, सन्चै छौँ ।' उसको जेठानले भन्यो ।

-'अनि, घरमा के कस्तो छ त ?' उसको जेठो छोरोले सोध्यो ।

-'ठीकै छ ।' को आवाज आउनासाथै मोबाइलको सम्पर्क विच्छेद भयो । मोबाइल कसरी सम्पर्क विच्छेद भयो, थाहा हुन सकेन । उसको जेठो छोरोको मन फेरि कठोर हुन थाल्यो,ऊ आफ्नो पुरानै सोचमा अडिग हुन थाल्यो । यस बीचमा उसकी बुहारीले एक पटक पनि कोहीसँग कुरा गरिनन्, न सासुसँग, न ससुरासँग र न आफ्नो पतिसँग नै ।

हिजोआज उसको जेठो छोरा विदेश जानका लागि तयारी गरिरहेको छ । आठ महिनाको पढाइ बाँकी छ, एम. बि.ए.को । ऊ प्रायः भनिरहन्छ,-'त्यस्तो केटीसँग जीवन कसरी निर्वाह गर्न सकिन्छ । उसलाई मेरो बारेमा अलिक पनि चिन्ता छैन, चासो छैन । दुर्घटनामा पर्दासमेत उसलाई कुनै मतलब भएन । कसैगरि उसलाई फर्काएर ल्याए भने पनि फेरि उही पहिलाको स्थिति न आउला भन्ने के विश्वास ? मेरो अध्ययनमा ऊ पनि मसँग अलग हुन खोजिरहेकी छे । मसँग सम्बन्धविच्छेद गर्न खोजिरहेकी छे । त्यसो भए,मै मात्र किन उसँग जीवन बिताउन मरिमेटूँ ? बाबा, आमा ! हजुरहरू पीर नलिनुस्, म आठ महिनापछि विदेश जान्छु, पक्का छ । तर जानुअघि सारा व्यवस्था मिलाएर जान्छु ।'

ऊ र उसकी पत्नीका आँखामा निद्रा छैन । उनीहरू हरदम चिन्ता लिइरहन्छन् ,-'के व्यवस्था मिलाएर जाने हो छोरो ? छोराबुहारीको जीवन बर्बाद हुन थाल्यो । नाति-नातिनाको मुख हेर्ने बेलामा, उनीहरूसँग खेलेर दिन बिताउने बेलामा छोरा विदेशिएको पीडाले बेधिइनुपर्ने अवस्था आइपरेको छ । हरे शिव ! यो कुन जन्मको पापको फल हो ? दुई जना छोराहरूमध्ये एक त पहिला नै सात समुन्दर पारि गइसकेको छ, र अर्को पनि उतै जान तम्तयार छ ।'

..... र अन्त्यमा ऊ र उसकी पत्नी दुवै जनाको जीवन कुन बेला छोराबुहारीले सम्बन्धविच्छेदको कागजातमा हस्ताक्षर गरेर आफ्नो वैवाहिक जीवनको अन्त्य गर्लान् र भन्नालन्,-'हजुरहरूले हाम्रो जीवन बर्बाद गरिदिनु भयो' भन्ने तिथि-मिथिको पर्खाइमा बितिरहेको छ...... बितिरहेको छ ।

००

# अँध्यारो गाउँको नायक



• दिला शाह

कति वर्षदेखि पूरै अँध्यारो थियो गाउँ । गाउँमा सूर्य उदाउनै छाडेको थियो । कालो बादलले आकाश ढाकेको पनि होइन । राति जुन र ताराहरू देखिएकै थिए । तर, बिहान जुन र तारा हराएपनि रात हराउँदैनथ्यो, घाम उदाउँदैनथ्यो । रातकै अँध्यारो दिनमा पनि छाउँथ्यो । घरभित्र टुकी बाल्नुपर्थ्यो ।

अँध्यारोले गर्दा नानीहरू स्कूल जान पाइरहेका थिएनन् । किताब पढ्न पाइरहेका थिएनन् । कमाइका लागि खाडी गएका आफ्ना बुबा, आमा या दाजुभाइलाई चिठी लेख्न सकिरहेका थिएनन् । घाम नभएकोले खेतमा अन्न फल्न छाडेको थियो । बारीहरू बाँझै थिए ।

छाउगोठबाट चेलीहरू हराउन थालेका थिए । गाउँमा चितुवाको बिगबिगी बढेको थियो गाउँलेहरूले आआफ्नो भकारीमा लुकाएर राखेको थोरै अन्न चोरी हुन थालेको थियो । गाउँबाट पुलिस चौकी अन्तै सरेको थियो । स्वास्थ्य चौकी पनि अर्को गाउँमा स्थानान्तरण गरिएको थियो । कतिखेर सुत्ने र कतिबेला उठ्ने भन्ने निधो थिएन । त्यसैले गाउँलेहरूको निन्द्रा बढेको थियो । अँध्यारोका अरू कहालीलाग्दा परिणाम पनि देखिन थालेका थिए गाउँमा ।

श्रीमतीलाई कुबेत पठाएको लालबाबुले छिमेकी जयरामकी छोरी जमुनालाई अँध्यारोको फाइदा उठाएर प्रेमजालमा पाऱ्यो । जमुनाले पेट बोकी । त्यसपछि भने लालबाबु जमुनासित तर्किन थाल्यो । "मलाई नछाड क्या लालबाबु बरू म तिम्री कान्छी भैना बसिजान्छु । तिम्री जेठी जहानलाई दिदी मान्यल्छु र सेवा गरेल्छु ।"

यसरी अनेक अनुनय विनय गरेकी थिई जमुनाले । तर अँध्यारोकै फाइदा उठाएर लालबाबु गाउँबाट भाग्यो । जमुना लोकलाजको भयले अँध्यारैमा जंगल गई र रूखमा झुण्डिएर आत्महत्या गरी । अँध्यारोले गर्दा कसै गरी पनि जमुनाको खोजी गर्न सकेनन् गाउँलेहरूले । उसको लाश जंगलमै कुहियो ।

रामेश्वरको छोरो लक्ष्मणले भर्खर सल्यानबाट बिहे गरेर दुलही भित्र्याएको थियो । तर, भित्र्याएको दिनदेखि गाउँमा अँध्यारो भयो । उसले दुलहीको

अनुहारै देख्न पाएन । दुलहीले पनि आफ्नो लोग्नेको अनुहार देख्न पाइनँ ।

एकरात कोही अर्कै पस्यो दुलहीको कोठामा ।

दुलहीले सोधी, 'तिमी मेरो खसम हौ ?'

त्यो खसम थिएन । नियत खराब गरेर घरभित्र पसेको कुनै दुष्ट थियो । तर, अँध्यारोको फाइदा उठाएर त्यसले जवाफ दियो, 'हो, म तेरो खसम हुँ । '

अँध्यारोमा उसले पुरूषलाई छामी । माया जाग्यो । उन्माद पनि जाग्यो । समर्पित भई । तर केही घण्टापछि लोग्ने आयो । उसले जहान रातभरि अरू नै पुरूषसँग सुतेको थाहा पायो । ऊ दिक्दार भयो । भलादमी थियो, त्यसैले यो कुरा उसले गाउँमा कसैलाई भनेन । तर, उसको मन भने कुटुकुटु खान थालेको थियो । परपुरूषसितको सहवासका कारण जहान दुई जिउकी भएपछि उसले सहन सकेन । ऊ बौलायो र घर छाडेर अँध्यारोमा कता विलीन भयो कता ।

'हाम्रो गाउँसित क्याभैना देउता औधी रिसायाछन् जस्तो छ ।'

सबैको मनमा देउतालाई खुसी पार्ने भन्ने चिन्ता थियो । उनीहरू राँको बालेर मन्दिरमा गए । अँध्यारोको फाइदा उठाएर कसैले मन्दिरबाट देउताको मूर्ति बेपत्ता पारिसकेको थियो ।

देउता हराएपछि गाउँलेहरू झन् चिन्तित भए । देउतालाई रिझाउन भजनकिर्तन गर्ने सल्लाह गरे । तर, सबै घरबाट भजन गर्दा बजाउने बाजाहरू हराइसकेका थिए । बिना बाजाको भजन निरस भयो । देउता खुसी भएर गाउँ उज्यालो पारिदिएनन् ।

अँध्यारोकै कारण गाउँबाट खानेपानीका धाराहरू हराउन थाले । अरू त अरू यही अँध्यारोको फाइदा उठाएर छेउछाउका उज्याला गाउँहरूले यो गाउँमा पस्ने कुलो आफ्ना गाउँतिर मोडे ।

अँध्यारोमा गाउँमा अनेक अनेक छाया सल्बलाउन थाले ।

'हाम्रो गाउँमा अब भूतहरू आउन थाले'

गाउँ त्रस्त भयो । तर, अँध्यारोले एउटाको अनुहारको डर अर्कोले देखेन । बिस्तारै गाउँलेहरूको अनुहारबाट भावहरू हराउन थाल्यो । अनुहारमा त्रास, खुसी, व्यथा सबै देखिन छाड्यो । अनुहार अर्थहीन भयो । अनुहारको प्रयोजन समाप्त हुन थालेपछि गाउँलेहरूको शरीर र शिर बाँकी रह्यो, अनुहार हरायो ।

गाउँमा अनुहार नभएका बालबालिकाहरू जन्मिन थाले ।

हो, गाउँमा भूतहरू आउन थालेको कुरा ठीक थियो । सेता र सुकिला छायाका भूतहरू ।

अँध्यारोले गाउँलेहरूलाई सुतुवा बनाइदिएको थियो । उनीहरू निदाएको निदायै गर्न थालेका थिए । उनीहरूलाई आफू कुन वर्ष, कुन महिना र कुन दिनदेखि सुतिरहेको भन्ने पनि थाहा हुन छाड्यो । घरघरका क्यालेण्डरमा ढुसी लागेको थियो । तोयनाथ पन्तको पात्रो कुहिसकेको थियो ।

सबै मस्त निन्द्रामा भएपछि घरघरबाट दुःखसुखका गीतहरूको

गुनगुन सुनिन छाड्यो । मादल बज्न छाड्यो । अँध्यारोमा गाउँको लय हरायो । सूर हरायो । संगीत र भाकाहरू हराए । क्रान्तिका कविता लेख्ने केही कविहरू थिए गाउँमा, तिनलाई पनि अँध्यारोले निल्यो । गाउँका कथाहरू सुनाउने हजुरबा र हजुरआमाहरू पनि कता हराए कता ।

भूतहरूले द्वन्द्वकालका बेला बैंकबाट लुटिएका रकमहरू पनि गाउँमा ल्याए र त्यही पैसाले ठुल्ठुला होटल र डिपार्टमेन्टल स्टोरहरू खोले । गाउँमा बैंक खुल्यो । सिनेमाघर खुल्यो । रेष्टुरेन्टहरू खुले । भूतहरु उज्यालोसित घृणा गर्थे । त्यसैले अँध्यारो भूतहरूका लागि काइदाको कुरा थियो । त्यसैले अँध्यारो गाउँमा भूतहरूको ओहरदोहर बाक्लो भयो । भूतको जनसंख्या बढ्यो र मान्छेहरू घटे ।

मान्छेको संख्या घटे पनि पूरै सिद्धिएको पनि थिएन ।

चेतनाको बाँसुरी बजाउने केही वाद्यवादकहरू गाउँमा अझैँ बाँकी थिए । भुइँमान्छेका गीत लेख्ने केही कविहरू गाउँमा अझै बाँकी थिए ।

तर, अँध्यारोमा बाजा बजाउन पनि गाह्रो । हातहरू गलत ठाउँमा पुग्थे र सुरताल बिग्रन्थ्यो । कविहरूले नयाँ कविता लेख्न पाएका थिएनन् र पुराना कविताहरूले अर्थ गुमाइसकेका थिए । ती गीतहरू अब भूतहरूले गाउन थालेका थिए । भूतको आफ्नै अर्केष्ट्रा थियो । उनीहरूको क्लबमा तिनै पुराना क्रान्ति गीतहरू बजिरहन्थे । पुराना गीतहरूले भूतहरूलाई नोष्टाल्जिक बनाउँथ्यो र तिनीहरू लडाइँमा आफूले कुनकुन मोर्चामा विजय प्राप्त गरेको र कुनकुन मोर्चामा साथीहरूले सहादत प्राप्त गरेको भनेर चर्चा गर्थे । तर, चर्चा गरेपनि भूतहरू अतीतको मोहबाट भने मुक्त भइसकेका थिए । उनीहरू अब ऐ यास भइसकेका थिए ।

भूतहरू गाउँमा अट्टहास गर्दै हिँड्न थालेका थिए ।

तिनको अट्टहासहरूले मान्छेलाई तर्साउँथ्यो । मान्छेहरू झन् बढी त्रस्त भएका थिए ।

एक दिन बाँकी गाउँलेहरूले सल्लाह गरे, 'अब यस्तरी हात बानेर हुन्न । हामीले उज्यालोको जोहो गर्नुपर्छ ।'

अँध्यारोले गर्दा चिसो बढेको थियो र सलाइका काँटीहरू ओसिएका थिए ।

आगो बल्ने काठ र दाउराहरू ओसिएका थिए ।

गाउँलेहरूमध्येबाट एउटा नायक निस्कियो । उसले भन्यो, 'हामीले आगो बाल्न सक्छौं ।'

नायकका कुरा सुनेर गाउँलेहरू जिल्ल परे ।

'ना सलाई छ, ना दाउरा छ । ना घाम छ । कस्तरी बल्न्या हो आगो ?'

'अँध्यारोविरूद्ध हाम्रो मनभित्र आगो बलेको छ । त्यो आगोलाई बाहिर ल्याउनुपर्छ ।' नायकले अनौठो कुरा गर्‍यो । सबै चकित भए ।

'तर, प्रयास गरे के हुँदैन ? मनको आगोले पनि राँको बल्नसक्छ । मनको आगोले पनि उज्यालो ल्याउनसक्छ । मनको आगोले पनि घाम उदाउनसक्छ ।' गाउँलेहरू झन् चकित भए । नभन्दै नायकले मनको आगोले हत्केलामा

सानो ज्योति बालेर देखाइदियो ।

'आबुई ! हो त । उज्यालो त हुनिरैछ ए ।'

गाउँलेहरूलाई अलिअलि विश्वास भयो ।

गाउँलेहरूले पनि नायकको अनुशरण गरे । उनीहरूले पनि मनको आगोलाई हत्केलामा ल्याए । आगो बल्यो । अलिकति उज्यालो भयो ।

'यसरी अलिअलि गरेर हामीले आगो जम्मा गर्न थाल्यौं भने एकदिन हामीसित हाम्रो आफ्नै सूर्य बनाउने आगो जम्मा हुन्छ ।'

सूर्यको कल्पनाले गाउँलेहरू आनन्दित भए । उनीहरूले आफ्नो आँखाबाट गायब भएका सपनाहरू फेरि देख्न थाले । गाउँलेहरूले मनको आगोलाई जम्मा गर्न थाले । उनीहरूले आफ्नो गोजीमा पनि आगो राखे । आफ्नो भकारीमा पनि आगो जम्मा गरे । घरभित्र पनि आगो थुपारे ।

भूतहरूको बैठक बस्यो । एक जनाले प्रस्ताव राख्यो, 'प्रिय भूतहरू, गाउँमा हामीविरूद्ध षडयन्त्र हुन थालेजस्तो छ । गाउँलेहरूले अलिअलि गर्दै थुप्रै आगो एकत्रित गरिसके । एक दिन उनीहरूले त्यही आगोबाट नयाँ सूर्य बनाएर गाउँको आकाशमा झुण्ड्याउने छन् । त्यो उज्यालोमा हाम्रो सक्कली मुहार देखिने छ । हामी त्यो रापले डढ्ने छौं र सखाप हुनेछौं । समय हुँदै हामीले आगो विरूद्ध ठोस कदम चाल्नु जरूरी छ ।'

भूतहरूले गाउँमा दलालहरू ल्याए ।

दलाल गाउँमा घुम्दै गाउँलेहरूलाई भन्न थाल्यो, 'यस्तो गाउँमा बसेर के फाइदा ? कोरिया जानुस् । खाडी जानुस् । जापान जानुस् । फ्रि भिसाको जिम्मा भूतको सरकारले गर्नेछ ।' गाउँलेहरू जालमा फसिहाले ।

उनीहरूले आफूसित भएको अलिअलि आगो पनि बारीमा खाल्टो खनेर पुरिदिए ।

कोही जापान गए ।

कोही कोरिया गए ।

कोही खाडी गए ।

गाउँ पूरै रित्तो भयो ।

गाउँमा भूतको साम्राज्य स्थापित भयो ।

तर, एउटा नायक अझै बाँकी थियो ।

उसले हरेक दिन अलिअलि आगो जम्मा गरी नै रहेको थियो । उसलाई अझै विश्वास थियो र एक्लै फत्फताउँथ्यो, 'एकदिन माटोमाटोबाट पैदा हुनेछन् धर्तिका लालहरू । तिनले फेरि आफ्नो मनमा बाल्नेछन् आगो । त्यही आगो जम्मा गरेर फेरि बनाउने छन् नयाँ सूर्य । एकदिन गाउँमा फेरि नयाँ सूर्योदय अवश्य हुनेछ ।'

नायकले यस्तै भावका अनेक कविताहरू लेखिरह्यो ।

नायकले यस्तै भावका अनेक कथाहरू लेखिरह्यो ।

नायकले यस्तै भावका नाटक र काव्यहरू लेखिरह्यो ।

एउटा भूत नायकको घरमा आयो र भन्यो, 'तपाईंको कविता कति राम्रो । तपाईंको गीत कति राम्रो । तपाईंका कथाहरू कति राम्रा । तपाईंको काव्य र नाटक कति राम्रो ।'

नायकले धेरै दिनदेखि आफ्नो प्रशंसा सुनेको थिएन ।

नायक गदगद् भयो ।

नायक मख्ख पर्‍यो ।

केही थप भूतहरू आए र उसलाई युगनायक भन्ने उपाधि दिए ।

नायक आफ्नो भावना र योगदानको कदर भएकोमा मख्ख पर्‍यो ।

भूतहरूले आकर्षक आवरण राखेर नायकका किताबहरू पनि सरकारी भूतघरबाटै प्रकाशित गरे ।

नायकको कविता संग्रह हिट भयो ।

नायकको कथासंग्रह पनि हिट भयो ।

नायकका काव्य र नाटकहरू हिट भए ।

नायकको आख्यान पनि हिट भयो ।

नायक विभिन्न साहित्य सम्मेलनमा वक्ता भयो ।

नायक विभिन्न सरकारी कार्यक्रमहरूमा प्रमुख अतिथि भयो ।

भूतहरूले नायकलाई दोसल्ला ओढाएर अभिनन्दन गरे । नायकलाई ताम्रपत्र पनि दिए । नायकको रथयात्रा पनि गरे । नायकलाई आजीवन भत्ताको व्यवस्था गरे । नायकका नाममा अक्षयकोष स्थापित गरेर पुरस्कार पनि बाँड्न थालियो । नायकलाई रात्रिभोजको निम्ता आउन थाल्यो । नायक लोकप्रिय भयो ।

नायकले प्रशस्त कमायो । उनले शहरमा घर बनायो ।

घरमा चिसोमा तातो र तातोमा चिसो हुने एयरकन्डिसन राख्यो ।

एक दिन भूतहरूको सरकारी मुखपत्र पढ्दै गर्दा उसलाई जाडोमा पनि कताकता गर्मीको आभास भयो । उसले आफ्नो गर्मीको कारणको खोजी गर्न थाल्यो । आफ्नो मनभित्र उहिलेउहिले बल्ने गरेको आगोले नै गर्मी गरेको भन्ने थाहा पायो उसले ।

जाडोमा पनि उसले कोठा चिसो बनायो ।

कोठाको चिसोसँगै उसको मनभित्रको रहलपहल आगो पनि निभ्यो ।

अब नायकलाई त्यो आगोको आवश्यकता पनि थिएन । उसलाई अब आफ्नो गाउँ उज्यालो पार्नु पनि थिएन । आफ्नो गाउँमा नयाँ सूर्योदय हेर्नु पनि थिएन ।

नायक भूतहरूसँगै शहर पसेपछि गाउँमा अँध्यारो अझै गाढा भयो ।

एकदिन फूल, हिमाल र झरनाको कविता लेखिरहेको बेलामा एउटा बालक नायकको घरमा आयो ।

बालकले भन्यो, 'म तपाईँकै गाउँको बालक हुँ क्या हजुर ।' नायकले पत्याएन ।

'तिमी मेरै गाउँको हौ भन्ने प्रमाण के छ ?'

'मेरो मनभित्र अलिअलि आगो अझै बाँच्याछ क्या हजुर ।'

कुनै बेला क्रान्तिको कविता लेख्ने नायक यसपटक बालकसित नराम्ररी डरायो । बालकलाई गढेर हेर्‍यो उसले । बालकको अनुहारमा आफ्नै अनुहार देखेर चकित भयो ऊ ।

आत्तिएर नायकले ऐनामा हेर्‍यो । आफ्नो अनुहार छाम्यो ।

नायकको अनुहार गायब थियो ।

*— नेपालगन्ज १८, बाँके*

# चेतावनी



● मनदेवी तण्डुकार

मौसमको गडवडीले गर्दा यू.ए.ई.बाट आउने जहाज दुई घण्टा पछि मात्र अवतरण गर्ने सूचना आगमन सूचना पाटिमा आएको देखेर आगमन कक्षमा पर्खेर बसेका आफन्तहरू सबै हाई हाई गर्दै एउटा बोझिलो पर्खाइको अनुभव गर्दै थिए । वर्षौं देखी नभेटेका आफन्तहरू भेट्न पाउनुको आनन्द कल्पना गर्दै हँसिलो अनुहार लिएका मानिसहरूको पनि भिड नै देखिन्थ्यो । बिदेशी रोजगारको अचानोमा राखेर अत्याचारको चुपीले छिया छिया पारेर दुखी मन बोकेर फर्केका भएपनि तिनीहरूलाई भेट्ने आतुर देखिएका आफन्तहरूको पनि कमि थिएन । ति मानिसहरूको भिडमा मोहनकाजी पनि आगोले पोलेको मन लिएर आगमन कक्षमा ओहोर दोहोर गर्दै थिए । पोलिन्छ जस्तो गरि कहिले यता कहिले उता अस्थिर मन लिएर हिडिरहेको देखिन्छ ।

"खासगरी महिलाहरूको रोजगारको लागि जाने गन्तव्य अरव देश होइन नजाउ त्यहाँ" भनेर कति सम्झाउँदा पनि कुरै नसुनी साथीभाइको गुलियो मिठो कुराहरू र वैदेशिक रोजगारमा पठाउने दलालहरूले देखाएका सुन्दर सपनाहरूलाई बिपनामा परिणत गर्ने अठोट लिएर मोहनकाजी कि बहिनी विष्णुमाया तीन वर्षको लागि अरव देशमा गएरै छोडिन् । तीन वर्षको लागि भनेर हिंडेकी आज पाँच वर्ष बिताएर फर्कने भने तापनि दाजु मोहनकाजी मनमा आशंकाको काँढाँले कता कता च्वास च्वास घोचेको अनुभव गर्दै थियो । खानपान सबै भूलेर आगो बलेको मेचमा बसे जस्तो गरी अस्थिर मन लिएर ति दुवै जोई पोई आफ्नै आफ्नै विचारमा डुबीराखेका थिए ।

मोहन काजीले एक्ली बहिनीको अनुहार सम्झियो । अनि उनले रूँदै मुटुको व्यथा पोख्दै फोनमा भनेकी थिइन् "दाई मैले ठुलो गल्ति गरिसकेँ दलालले होटलमा राम्रो काम मिलाई दिन्छु भनेर ल्याएको यहाँ त घरायसी काममा पो लगायो काम पनि एउटा घरको होइन । दुईटा घरको काम गर्नु पर्ने । दुई घरका मालिकनीहरूले दामाशाहीले रकम खर्चेर मलाई दलालहरूसँग किनेका रहेछन् । राति अवेरसम्म काम गर्नु पर्छ । काम सकेन भने नसकेको घरको मालिक्नीले लछारपछार गर्दै हात नै हाल्छन् ।

पेटभरी खान पनि दिँदैनन् । राम्ररी काम गरेन भने कोठीमा लग्ने धम्की पनि दिन्छन् । यो देशका मान्छेको कठोर मन छ जे पनि गर्न सक्छन् यहाँका मानिसहरूले । दाई तीन वर्ष कहिले पुग्ने होला मलाई छिट्टै नै फर्किन मन लाग्यो ।" कसैले फोन खोसे जस्तो छ लाइन काटियो । मोहन काजी झस्क्यो घडी हेर्दा घडी नै अड्के जस्तो भयो ।

अब त तीन वर्ष बित्यो बहिनी फर्किने कुरा सुन्न पाइन्छ की भनी मनमा आशाको कोपिला पलाउन थाल्यो । तीन वर्ष पछि बहिनी आउने त कता कता फोन सम्म पनि आउन छोड्यो । पाँच वर्ष बित्यो तै पनि बहिनीको अत्तो पत्तो छैन । बहिनी बाँचेको छ की छैन भन्ने समाचार समेत पाउन छाड्यो । ती दुई घरका मालिक्नीहरूले पो केही गर्यो की ? मनमा यस्ता कुराहरू आउन थाले पछि मोहन काजीलाई कसैले जीउ भरी एसिड खन्याए जस्तो हुन्छ । दलालकहाँ बुझ्न जाँदा "सबै ठिक छ" भन्ने जवाफ पाउँदा भने अलि मन सन्चो हुन्थ्यो ।

चार पाँच दिन अगाडि मात्र ओमानको नेपाली दुतावासबाट फोन आयो "तपाईको बहिनी विष्णुमाया आज घर फर्कन्छ विमानस्थलमा लिन जानु" दुतावासबाट यसरी फोन आउँदा मोहन काजीलाई झनै पिर पर्यो । दुतावासको अधिकारीले नै किन फोन गरेको होला ? आफ्नै बहिनीले किन फोन नगरेको होला ? मनमा चाहिने नचाहिने प्रश्नहरू उब्जि रह्यो । मोहन काजीको आँखाबाट आँशु बहन थाल्यो । त्यत्तिकैमा मान्छेहरूको चहलपहल र हल्ला अलि बढेको सुनियो बिमान आइपुगेको रहेछ ।

बिमान अवतरण भै सकेपछि मानिसहरू बिस्तारै बाहिर आउँदै गरेको देखियो । बाहिर पुग्नासाथ आफ्ना आफ्ना मानिसहरूलाई अंकमाल गर्दै आ–आफ्नो गन्तव्यतिर लागे । मोहन काजी पनि आफ्नो बहिनी देखी हाल्छ की भनि बाहिर निस्केका हरेक व्यक्तिहरूलाई नियाल्दै थियो । देखिएका हरेक व्यक्ति अरू नै व्यक्तिका आफन्त मात्र । सामान लिने ठाउँमा अलमल भै रहेको होला भनि आफ्नो मनलाई ढाडस दियो । हुल हुल बाँधेर मानिसहरू निस्केको देखियो तर मोहन काजीको बहिनी चाँहि देखिएन । मोहन काजीले नसोधिकन बस्नै सकेन, भित्रबाट ट्रली धकेल्दै आईरहेको एकजना सँग सोधिहाल्यो "भित्र अझै धेरै नै मानिसहरू बाँकी छ की ?" हामीले पर्खिरहेको मानिस आईपुगेन" । "भित्र दुई तीन जना मान्छेहरू मात्र बाँकी छ" यति जवाफ दिएर ट्रली धकेल्दै उनी आफ्नो गन्तव्यतिर लाग्यो ।

धेरै बेर पछि बाँकी रहेका तीनजना मानिसहरू पनि आइपुग्यो । तर उनको बहिनी त्यसमा परेन । ति तीन मध्येका एकजना मानिसले "नमस्ते अंकल" भनि संबोधन गर्यो । मोहन काजीको अलि सहास बढ्यो । "विष्णुमाया निस्किन किन अबेर भयो ?" प्रश्न सोध्नु अगाडि नै त्यो केटाले मोहन काजीको मनका कुरा बुझि हाल्यो । त्यो केटाले मोहज काजी र उनको श्रीमतिलाई मेचमा बसाल्यो आफूपनि बस्यो । उनले

विष्णुमाया फर्कन नसकेको दुःखद कथा भन्न शुरू गर्‍यो । "विष्णुमाया म अरू आठ दसजना मानिसहरू दिल्लीको बाटो हुँदै संयुक्त अरब इमिरेट्स देशमा विदेशी रोजगार एजेन्सीको मानिसहरूले हामीलाई लगेको हो । सरकारी अफिस श्रम विभागको स्विकृती विना विदेशी रोजगारको लागि मानिसहरू लानुपर्‍यो भने यसरी नै लाने हो । हामी सबैलाई भेडाबाख्रा जस्तै गरी संयुक्त अरब इमिरेट्सको अजमान भन्ने ठाउँको एउटै कोठामा राख्यो । त्यही रात नै हामीलाई काममा लगाउने मानिसहरूको जिम्मा लगाईयो । हामी सबैको पासपोर्ट पनि उनिहरूकै जिम्मा लगाइयो । वैदेशिक रोजगारका एजेन्टहरूले हामीलाई रेष्टुराँ, निर्माण व्यवसाय, गारमेण्ट कारखाना, जुत्ताको कारखानामा काम लगाउने भनेर लगेको तर कसैलाई पनि त्यो काममा लगाएन लोग्ने मान्छेलाई सडक बनाउने, ट्रकहरू चलाउने, साथै भेडा चराउने काममा लगाइयो र विदेशबाट आएका कामदारहरूलाई जोत्न सम्म जोत्ने रहेछ । महिलाहरूलाई चाँहि धेरैजसो घरको काममा राख्दो रहेछ । विष्णुमायालाई पनि ओमानी आईमाईले पैसा तिरेर लगेको हो । त्यो ठाउँमा मान्छेहरू सुकि बिकि गर्ने ठाउँ रहेछ । त्यस पछि विष्णुमायालाई कहिले पनि भेट भएन । विद्यार्थीले घोकेर कण्ठ पारेको पाठ गुरूलाई खरर पढेर सुनाएझैँ, अनि टेप रेकर्डर अन गरेझै, मोहन काजीले केहि सोध्नै नपर्ने गरी त्यो केटाले सबै कुरा भन्दै गयो । "बलिरहेको आगो जस्तो गरम ठाउँमा काम गर्नै नसकेर म र मेरा साथीहरू आफ्नो देशमा फर्कन आफ्नो देशको दुतावासमा सहयोग माग्न पुग्यौं । त्यही नै विष्णु माया भेट भयो । हामी भेट्नसाथ घरको दाजुभाई भेटेजस्तै गरी अंगालो मारेर रून थाल्यो, उनको आँसु थामिएन । धेरैबेर रोई सकेपछि उनले हामीलाई सुनाए अनुसार दुईवटा मालिक्नीहरूले गरेका अत्याचार सहन नसकेर अबेर राती नै एक सरा लुगा मात्र लगाएर त्यहाँबाट भागेको रहेछ ।" त्यहाँबाट रात दिन हिँडेर सलाह भन्ने ठाउँबाट मस्कट आएर नेपाली दुतावासमा शरण लिन आई पुगेकी रहेछिन् ।

विष्णुमायाले साह्रै नै दुखः पाएको कुरा बुझेर नेपाली राजदुतले उनलाई कुनै तरिकाबाट भएपनि नेपाल पठाउने योजना बनायो । नेपाल फर्किने एक दिन अगाडि विष्णुमाया काम गर्ने मालिक्नी ओमानी आइमाइले यो कुरा थाहा पाएर दुतावासमा आएर झगडा गर्न आइन् । त्यो खध्यामा (ओमानी भाषामा कमारीलाई खध्यामा भनिन्छ) लाई उस्को देशमा फिर्ता पठाउन पाउँदैन । उनलाई मैले दुई हजार रियाल तिरेर किनेर राखेको नपात्याए मसँग त्यसको बिल र भरपाई छ । मेरो पैसा नतिरेसम्म त्यो खध्यामा (कमारी) मेरै हक लाग्छ । विष्णुमायाको पाखुरा समातेर त्यो ओमानी आईमाइले तान्न थालिन् । खल्तीबाट दुई हजार रियालको झण्डै नेपाली पाँच लाख रूपैयाको बिल भरपाई राजदुतको टेबुलमा बजारिन् । "शरणमा आएकीलाई हामीले फर्काउन मिल्दैन" दुतावासका कर्मचारीको यस्तो जवाफ सुनेर शिकारको घाँटी रेटेर पनि रगत पिउन नपाएकी राक्षसनी जस्तै

औँला ठड्याउँदै, ठूलो ठूलो आँखा बनाएर ठूलो स्वरमा चेतावनी दिईन्, "तिमीहरूले उनलाई कसरी उस्को देशमा फर्काउँदछौ ? हेरूला । उनको पासपोर्ट पनि मसँगै छ । यदी उनलाई म कहाँ फिर्ता पठाएन भने मेरो सम्पती चोरेर भागेकी भनेर मुद्धा लगाईदिन्छु" यति भन्दै ओमानी आईमाई फर्किन । राजदूत र दुतावासका कर्मचाररीहरू केही बोल्न सकेनन् । साँच्चै नै त्यो ओमानी आईमाईले मुद्धा हाल्यो भने विष्णुमाया नेपाल फर्किन सक्छिन् कि सक्दैनन् भन्न कठिन छ ।

त्यो मान्छेको कुरा सुनिरहेको मोहनकाजी कुरा सुन्दा सुन्दै कहिले अचेत भयो भन्न सकिएन । बसिराखेको मेचबाट खस्नलाई ढल्किदै गयो । सँगै बसेकी मोहन काजीकी श्रीमतीले उसलाई सहारा दिइन नभए त मेचबाट खस्थ्यो । एकै छिनमा मानिसहरू जम्मा भयो । कस्ले एम्बुलेन्सलाई फोन गरेको रहेछ । एम्बुलेन्स पनि आई पुग्यो । सबै मिलेर मोहन काजीलाई उठाएर एम्बुलेन्समा राख्यो । एम्बुलेन्स साइरन बजाउँदै तेज गतिमा हुईकियो । एम्बुलेन्सको साइरनले विदेशमा पैसा कमाउने लोभले विदेशी रोजगार जानेहरूलाई एउटा ठूलै चेतावनी दिई रहेको जस्तो लाग्यो ।

*(नेपाल भाषाबाट अनुवाद - लक्ष्मणकृष्ण ताम्राकार)*

**कविता**

# माटो



• **दुर्गा रिमाल**

आफ्नो माटोको गर सब मिली आज रक्षा तिमीले
आफ्नो माटोको गर अब अझै दूर रक्षा तिमीले
माटो आफ्नो हो भर मगजमा नाम विशाल ऐले
माटो माताको शिर हुन गए उठ्छ नेपाल ऐले
माटो छातीको सलल बहने मेरूको झैं गरेर
माटो नेपालीबिच हुन गयो साजसज्जा भरेर
माटो ठुलो हो सब मिलिजुली गर्नुपर्ने सुसार
माटो माताको बदन हँसिलो पार्नुपर्ने जुहार
माटो आत्मा हो मनसँग मिली शास फेर्ने पियार
माटो सँगैको मिलन हुन गै कर्म आफ्नो सुधार
माटो हाम्रो हो सुन सहजको साध्य हो साधनाको
माटो प्राणीको रहर पनि हो मानताको मियालो
माटो नेपाली सुनसुन पहाडी मधेसी हिमाली
हेला माटोको पनि हुन गए रक्त बग्ला सराबी
कालापानीमा पनि हुन गए वीर हाम्रै विशेष
जाला माटोको सतह नि लुटी ढल्ला हाम्रो सुचेत

*– कलङ्की, काठमाडौँ*

# पश्चाताप



● संजु बाबा मोची

एगो बहुत सुनर गाव रहे , जवना गाव के नाम सुनरपुर रहे । ऊ गाव मे अनेक प्रकार के लोग अनेक किसिम से अपन जीवन बितावत रहे लोग । ओही गाव एगो हरि नाम के आदमी रहत रहस् । हरि के परिवार मे चार जना सदस्य रहे लोग । हरि, हरि के मेहरारू , एगो बेटी अउरी शंकर नाम के एगो बेटा रहे । उनकर छोट परिवार अउरी माटी के घर रहे ।

हरि बिरगञ्ज के चिनी कारखाना मे नोकरी करत रहस् । जवन महिना आवे ओही से उनकर घर परिवार के खर्च चलत रहे । दोसर कवनो आमदनी के स्रोत ना रहे उनका लगे । कुछ समय के बाद थोड़ा बहुत जगा-जमिन किनलन, पाका के घर बनइलन । घर परिवार अच्छा से चलत रहे ।

गाव के सब लोग उनका के बहुत अच्छा कहत रहे । गाव मे उहे एगो भोमा रेडियो रहले रहस , चार बजे भोरे से भजन बाजा के लोग के जागा देत रहस । अउरी सब लोग अपन अपन काम करे लागत रहे लोग ।

दुनु बेकत जब झगड़ा करे लोग त गाव भर के लोग के मालुम होजात रहे काहेकि हरि माइक जोड़ के झगड़ करस । दुनु बेकत मे कभो मार होखे त कभो प्यार । जीनगी अइसही बितते गइल ।

हरि के बेटी के उमर होगइल शादी करे के । सकलन जइसन घर वर देख के बेटी के वियाह करदेन । ओकरे एक वरिष के बाद हरि के निधन होगइल, अउरी घर के जिमवारी शंकर के उपर आगइल ।

शंकर के विवाह एगो बहुत सुनर लड़की से भइल । शंकर के कवनो काम ना रहे । घर-परिवार के खर्च बढ़ते गइल । शंकर गाव घर के लोग से कर्ज लेके घर-परिवार चलावे लगलन । घर खर्च मे कम अउरी गलत संगत मे फस के मदिरा सेवन मे जादा पइसा बर्बाद करे लगलन ।

दुनिया के सब सुख के आग मे डुबकी मारे लगलन । जब कर्जा देवे वाला लोग अपन पइसा मांगे लागल लोग तब जगा बेच के देवल शुरू कर देलन । जब तक बाबु (हरि) के अरजल सम्पती रहे खुब अएस कइलन शंकर । अब सम्पती के नाम पर खाली घर एगो बाचल रहे, तभो ऊ अपन आदत से बाज ना अइलन ।

कुछ समय के बाद जवनो एगो रहे खातीर रहे उहो बेचे के पड़गइल । तबहु कर्जा रहले रह गइल । कर्जा

वाला लोग अपन रोपया माङ्गे लागल लोग । काहेकी अब शंकर के नामे कुछो ना रहे जेकरा के बेच के कर्जा सधावस । संगत जवन रहे उहो सब के साथ छुट गइल, अब शंकर के दिमाग मे एकेगो रास्ता सुझल ।

एक दिन एगो चक्कु मे सान लगवा के अपना घरे लिअइलन । साझ बेरीया मदिरा पि के घरे अइलन । अपन लइका के बहुत प्यार से कोरा उठइलन अउरी बहुत हि प्यार से घर से बहरी लेके चल पड़लन । एकान्त जगह मे लेजा के बहुत बेरहमी से अपन लइकन के हत्या कर देलन ।

जब इ बात के खबर पुलिस प्रशासन के मालुम होखे ओकरा से पहिले घरे आके अपन मेहरारू के भी बहुत निर्मल तरिका से हत्या कर देलन शंकर । शंकर आज उम्र कैद के सजा काट रहल बाड़न । अउर अपन गल्ती के पश्चाताप कर रहल बाड़न ।

कलैया, बारा


## दूरसञ्चार सेवाको प्रयोग सम्वन्धमा बुझिराख्नु पर्ने केही कुराहरु

- आफ्नो नाममा दर्ता भएको कुनै पनि टेलिफोन/मोवाइल अर्केले प्रयोग गरी दुरुपयोग हुन सक्ने सम्भावना भएको र कतिपय अपराधिक घटनाहरुमा यस्ता दूरसञ्चार सेवाको प्रयोग भएको पाईएकोले आफ्नो नाममा दर्ता भएको टेलिफोन/मोवाइल दुरुपयोग हुनबाट सचेत होऔं, साथै नियमानुसार नामसारी गरेर मात्र अरुलाई प्रयोग गर्न दिने बानी बसालौं ।
- अनाधिकृत दूरसञ्चार सेवाको प्रयोग/विस्तार कानूनत दण्डनीय छ । तसर्थ नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले प्रदान गरेको सेवा मात्र प्रयोग गर्ने तर्फ सजग होऔं ।
- कुनै अपरिचित व्यक्तिलाई आफ्नो मोवाइल फोन प्रयोग गर्न नदिउँ । यदि आवश्यकता नै परेमा उसको बारेमा बुझेर मात्र प्रयोग गर्न दिउँ ।
- तपाईले खरिद गर्न लाग्नु भएको प्रि-पेड मोवाइलको सिम कार्ड Seal Open भएको, Balance कम भएको वा पहिले नै रजिष्टर भैसकेको हुन सक्ने भएकोले त्यसमा सचेत हुनुहोस् र पछि आईपर्ने झन्झटबाट मुक्त हुनुहोस् ।
- दूरसञ्चार सेवाका उपभोक्ताहरुले आफ्नो टेलिफोन/मोवाइल हराएमा वा चोरी भएमा सम्बन्धित सेवा प्रदायकको सोधपुछमा सम्पर्क राखी बन्द गराउनु होला, जसको कारणले तपाईको हराएको वा चोरी भएको मोवाइल फोन दुरुपयोग हुनबाट बच्न सक्नुहुनेछ ।

नेपाल दूरसंचार प्राधिकरण
कमलादी, काठमाडौं, नेपाल
फोन नं.९७७-१-४२५५४७४
फ्याक्स: ९७७-१-४२५५२५०
, पो.ब.नं.: ९७५४,
ई-मेल: ntra@nta.gov.np
वेभसाइट: www.nta.gov.np

# यात्रा



● कृष्ण बजगाईं

प्लेनभित्र अचानक दुई यात्रुले खिचलो गरे ।

झ्याल छेउको सिटमा बसिरहेको यात्रीको अनुहार देखेपछि छेउको सिट भएको अर्को यात्रुको मुख बिग्रियो । तिनको बिग्रेको मुख देखेपछि सिटमा बसिरहेको यात्रुले आँखा बिगारेर हेरे ।

ती दुई यात्रुमा एक यात्रु थिइन् रूपवती नारी । र अर्को यात्रु थिए पिल्टे भुँडी भएका अधवैंशे पुरूष । दुबै यात्री छेउको सिटमा सँगै बसेर यात्रा गर्नु नपरोस भन्ने चाहान्थे । रूपवती नारीले आफ्नो सिट साटेर अन्यत्रै बस्ने इच्छाले अरू यात्रुहरूलाई अनुरोध गरिन् । कुनै यात्रुले मानेनन् । ती पूरूषले पनि आफू अरू नै सिटमा गएर बस्न चाहेको बताए । उनको कुरा कसैले सुनेनन् ।

अन्त्यमा ती दुबैले परिचारिकालाई अनुरोध गरे । प्लेनका सबै सिटमा यात्रु भरिएका थिए । खाली सिट थिएन । तै पनि उनले यात्रुहरूलाई अनुरोध गरिन् । तर कोही राजी भएनन् ।

अन्तमा ती अधवैंशे पुरूषले म यात्रा गर्दिन, बरू अर्को प्लेनमा जान्छु भन्दै सिटबाट उठे । प्लेन चाहीँ उड्नका लागि 'कन्ट्रोल टावर'को आदेश पर्खेर बसिरहेको थियो । परिचारिकाले बाहिर निस्कन सम्भव नभएको बताइन् ।

अन्तमा दुबै जना सँगै जोडिएको सिटमा बसेर यात्रा गर्न बाध्य भए । एकछिन् पछि त्यहाँ विचित्र दृश्य देखियो ।

अघिसम्म एक अर्कालाई छि:छि: र दूरदूर गर्ने, सिट साट्न मरिहत्ते गर्ने ती दुबै मज्जाले गफिदै थिए । तिनीहरूको हाँसोलाई अन्य यात्रीहरूले कानमा लगाएका 'एयर प्लग'ले पनि रोक्न सकेन । तिनको चर्तिकला देखेर सबै तै चुप मै चुप भए ।

अघिसम्म सँगै बस्न नचाहाने यात्रुहरू अहिले खुब मिलेको कुरा जहाजका दुबै क्याप्टनलाई परिचारिकाले जानकारी गराइन ।

परिचारिकाको कुरा सुनेर पहिलो क्याप्टन मौन बसे ।

'को हुन् तिनीहरू ?' जहाज उडाई रहेका दोस्रो क्याप्टेनले आश्चर्य मान्दै सोधे ।

'ती दुबै एउटै पार्टीका नेता हुन् । समाजमा तिनीहरू मध्ये एक बेश्या र अर्को भ्रष्ट्रचारीको रूपमा परिचित छन् ।' परिचारिकाले जवाफ दिइन् ।

उनले त्यति भन्नासाथ प्लेन कालो बादल भित्र छिर्यो । त्यसपछि प्लेन बेस्सरी हल्लिन थाल्यो ।

— *बेलायत*

# भीमपुरे लाटो



• प्रदीप प्रधान

सँधै सहरमा डेरा सर्दा सबैले भीमपुरेलाई लाटो सम्झिन्थे ।

प्रतिभाले उसलाई आँखा लगाइरहेकी थिईन् । बाटोमा भेटे सुन्तला र केरा किनेर दिन्थिन् । प्रतिभाको माया देखेर भीमपुरे लाटो छक्क पर्दै देख्ने बित्तिकै नमस्कार गर्थ्यो ।

प्रतिभाका सन्तान थिएनन् ऊ हजारौं चोटी लोग्नेसँग झगडा गर्थी । " कस्तो नामर्द ? लोग्ने मान्छेको रूपै छैन " बेलाबेलामा भन्ने गर्थी । "एउटा सन्तान पनि दिन नसक्नेलाई के लोग्ने मानिस भन्नु ? हामीमा पनि मातृत्व शोख हुन्छ । पल्लो घरको साँहिली विवाह गरेको वर्ष दिन नपुग्दै आमा बनी तर मेरो विवाह भएको नौ वर्ष भयो " उसका आँखामा आँसु देखिए ।

एकदिन डाक्टरले भन्नुभने लोग्नेको दोष छ, आफै बुद्धि पुऱ्याएर सन्तानको जोहो गर्नुस् ।

डाक्टरको शब्दले उसको मनमा औडाहा भयो । जति पानी पिए पनि मनमा शान्ति भएन । मन परिवर्तन गर्न थाली । म पनि कालीमाँ कै सन्तान हुँ । मनलाई विद्रोहतिर धकेली ।

भीमपुरेलाई फकाउँदै घरमा ल्याएर विभिन्न परिकार बनाएर खुवाई । सुस्तरी उत्तेजित पारी । सन्तानको कामना सहित् अँगालो हाली । त्यसको शरीरमा आवश्यक नैवेद्य जाग्न थाल्यो ।

कसैलाई नभन्नु भन्दै औंलाले इशारा गरी । त्यसले टाउको हल्लायो । जाने बेलामा हरिया पाँच वटा नोट हातमा राखिदिई ।

प्रतिभाको मन चङ्गा भयो । भए भरका पिरका गाँठो फुक्यो ।

महिनावारी रोकियो । जड्याहा श्रीमान् शिवनारायण खुशी थिए ।

छोरा नै जन्मियो पायो ।

न्वारान पनि शिवनारायणले गऱ्यो । डाक्टरको सल्लाह प्रतिभाले सम्झीन् ।

केही वर्षपछि भीमपुरे लाटा देखिन छोड्यो । उनलाई डर भयो । ऊ भीमपुर पुग्यो ।

प्रतिभाले सम्झी रही । छोरो काटाकुटी भीमपुरेको झल्को दिने खालको बन्यो ।

ऊ गाउँमा गएर कोभिड १९ ले मृत्यु भै सकेछ ।

प्रतिभाले बुझेर चुरा लगाउन छोडी ।

"धन्य ! भीमपुरे मेरो जीवनमा परिवर्तन ल्याइ दियौ" सूर्यलाई पानी चढाउँदै बेलाबेलामा भन्ने गर्थी ।

*– बूढानीलकण्ठ, काठमाडौँ*

# रहर



• लीलाराज दाहाल

फेसबुकको सुरूवात भएसँगै आफ्ना सिर्जना प्रकाशन गर्ने गतिलो माध्यम बनेको थियो । ऊ गजल, मुक्तक, लघुकथा, हाइकुजस्ता साना आयामका रचना लेख्दै, पोष्ट गर्दै जान्थ्यो । लाइक र कमेन्ट आउँदा ऊ सारै खुशी हुन्थ्यो तर उसले सोचेजति लाइक र कमेन्ट नआएपछि उदास भएर बस्थ्यो ।

पहिले त लाइक र कमेन्ट नआउँदा आफ्नो रचनामा परिपाक नपुगेर होला भनेर चित्त बुझाउँथ्यो अनि मेहनत गरेर लेख्थ्यो । यसै क्रममा उसले सयौं लघुकथा लगायत अन्य रचना लेखिसकेको थियो । तर अहँ ! सोचे जति लाइक र कमेन्ट कहिल्यै आएन । त्यसपछि ऊ निकै चिन्तित देखिन थाल्यो ।

'के लेख्नु हो साहित्य पनि ! कसैले मन पराउने होइनन् !' उसले अब मनमनै सोच्न थाल्यो । एक दिन उसको मनमा एक्कासी जुक्ति फुऱ्यो ! उसले स्त्रीलिंगी नाममा आफूले पहिले लेखेका रचना भटाभट पोष्ट गरेर लाइक र कमेन्टको पर्खाइमा बस्यो ।

रचना पोष्ट गरेको घण्टा पनि बितेको छैन ! लाइकको सङ्ख्याले साथीको सङ्ख्या भेट्न आँट्दै थियो भने हजारौंको सङ्ख्यामा कमेन्टको वर्षा भइरहेको थियो ।

उसको मनमा खुल्दुली भैरहेको थियो । के म अब राम्रो लेखक भएको हुँ त ? लाइक र कमेन्टले त त्यसै भन्दैछन् ।

अचेल उसले केही लेख्न सकेको छैन ! उसको लेख्ने जाँगर पनि मर्दै गइरहेको छ । ऊ बाढी स्वरूप आएका तिनै लाइक र कमेन्टको संख्या गनेर बस्न थालेको छ ।

*— कर्मैया, बागमती-११, सर्लाही*



# श्वेत आवाज



• दामोदर पुडासैनी

विहानको उज्यालोमा
र तिम्रो सेतो आवाज सुनेपछि
आँखा खोलेको हुँ मैले
तिम्रो सेतो आवाजमा
चराहरू गुन्गुनाईरहन्छन्
सुसाईरहन्छन् नदीहरू
बूँद बूदबाट झरिरहन्छन्
प्रेमका सेता फूलहरू
साँच्चै, तिम्रो सेतो आवाज
मेरो कानमा गुञ्जिएपछि
म बिर्सन्छु आफैलाई
र थाहै नपाई पसिसक्छु
तिम्रो सेतो नै सेतोले भरिएको
श्वेत देदीप्यमान मनभित्र
सेता परेवाका पखेटाबाट निस्किरहेका
शीतल सङ्गीत
चमेली, ईन्द्रकमल र दूधकेमरा फूलका
सुवासबाट निस्करहेका जीवनका कोमल
धूनहरू
तिमीले मलाई सम्झी सम्झी गरिरहेको
मिठो माया
त्यो सबै भेटेको छु मैले
तिम्रो सेता आवाजहरूमा
म कुनैदिन तिम्रो श्वेत साम्रज्यमा
ध्यानमग्न हुन चाहन्थेँ
जव तिमीभित्र पसेँ, पस्दै गएँ
तिमी त पुरै श्वेत हिमाल रहिछ्यौ
तिम्रो श्वेत आवाज सुनेपछि
म पनि बनेकोछु
तिमीभित्रको अर्को श्वेत हिमाल
श्वेत आवाजहरू
अचेल
शिखरमा फूल बनेर फूलेका छन्
— ग्वँग:बुं,नयाँबसपार्क, काठमाडौं

# आमाको पुकार



• सीता अधिकारी

आमाको पुकार
प्यारा छोराहरू,
मेरो मुहारमा
लाली पोत्न सक्छौ कि भनेर
मैले तिमीहरूलाई घरको साँचो
सुम्पेकी थिएँ
बाबुहरू !
तिम्रा सन्तानले मरूभूमिमा
ऊँट चराउन नपरोस्
खाडीको खाडलमा
जाकिन नपरोस् भनेर मैले तिमीलाई
अभिभावकत्व प्रदान गर्न लगाएँ ।
हो छोराहरू,
तिमीहरूले मेरो प्रारब्ध
बदल्न सक्छौ कि भनेर
गोरेटो कुरीरहेकी छु ।
मेरो ख्याउटे शरीरलाई
दुवैतिरका बलिया
छिमेकीहरूले तानतुन पारिसके
म प्रतिवाद गर्न सक्दिन
दुवैको बलिया पाखुरी
मेरो चुल्ठोमा अल्भिरहेको छ,
भय छ मलाई
म दिनरात उनीहरूको चङ्गुलबाट
उम्कने प्रयास गर्दैछु ।
बाबुहरू,
छिमेकीबाट चिमोटिनुपर्दा
उनीहरूले मेरो छातीमा कुल्चँदा
म निरीह बनिरहेकी छु
छोराहरू आउँछन् र
मलाई बचाउँछन् भन्ने
झिनो आशा लिएकी छु ।
तिमीहरूले सोच्यौ ?
उतिबेलै तिम्रा पूर्वजहरूले
भोक तिर्खा नभनी
रीपुको गर्धन छिनाएका थिए
मेरा सुरक्षणका लागि ।
तर आज हठात्
म चोइटिँदैछु
हो म चिमोटिँदैछु ।
प्रिय पुत्रहरू !
मेरो मुहारमा खुसी देख्न चाहन्छौ भने
मेरो प्रारब्ध बदली देऊ
मेरो शिर ठाडो पारेर
चन्द्र सूर्य अङ्कित
ती पछ्यौरी ओढाइदेऊ ।
मलाई ती दुष्ट ब्वाँसाहरूको
चङ्गुलबाट मुक्त पारिदेऊ ।
म पराधिन होइन,
स्वाधिन हुँ, स्वतन्त्र हुँ
अनि तिमीहरूकै हुँ
मेरो पुकार सुन
म नेपाल हुँ, नेपाली हुँ ।

*– सिमरा, बारा*

# आह्वान: नारीभित्र बाँच्ने नारीलाई



● अनाकार

तिम्रा आँखाहरूमा छचल्किएका
आँशुहरू देख्दा मेरो मनमा
पटक्कै सहानुभूति पल्हाउँदैन
संवेदनाका भावनाहरू जाग्दै जाग्दैन
किनकि,
म तिम्रा आँखाहरूमा अब उसो
आँशुका निर्बल थोपाहरू होइन
आक्रोशका ज्वाला दन्किएको
हेर्न चाहन्छु ।
रोयौ त तिमी युगौं अघिदेखि
वर्तमानमा आजको दिनको
अहिलेको घडीसम्मै बेस्सरी रोयौ
अब अझै ... कति रोइरहन्छ्यौ ?
यीनै आँशुका तलाउमा डुबेर तिमी
आफ्नै कारगारभित्र बन्दी बनिरह्यौ
यीनै आँशुका धाराहरूमा बगेर तिमी
गंगा र ब्रह्मपुत्र हुँदै नील नदीको
किनारसम्मै कैयौपल्ट लावारिश फ्याँकियौ ।
इतिहासले द्रौपदीको रूपमा कहीँ
तिमीलाई पुरूषहरूको सभागृहमा
निर्वस्त्र बनाउन खोज्यो
कहीँ पत्नी धर्मको नाउँमा
पतिको चिताग्निमा जिउँदै होमीदियो
अनि भूगोलले पनि तिमीले
टेक्ने भुँइ र हिंड्ने जमीनको सिमानामा
साँघुरो लक्ष्मणरेखा कोरिदियो, किनकि
तिम्रा आँखाबाट,
ज्वालामुखीको विनाशक
तातो लाभाको साटो
स्खलित हिमखंडका
चिसा धारा बगिदिए
जो बगिरहेछन् आज पर्यन्त अनवरत ।
मर्यादाका आचार-संहिता
तिम्रै निम्ति रचिए
अनुशासनका अध्याय
तिम्रै निम्ति लेखिए
नियम र वन्धनका साङ्ला
तिम्रै निम्ति बनाइए
तर मौन रह्यौ तिमी अनि बाँधियौ
अन्यायको निस्सासीने साङ्लोमा
निर्विरोध युगौंदेखि युगौंसम्म ....!
तरै पनि सोधिनौ प्रश्न
मर्यादाको कारगारभित्र बन्दी बनाउनेहरू
किन उन्मुक्त र स्वछन्द छन् ?
कति मर्यादित र अनुशासित छन् ?
घरभित्रै तिमी छलियौ/ठगियौ/लुटियौ
तरै पनि प्रश्न गरिनौ तिमीले
बाबु अनि दाजुसित
पति अनि ससूरा-बासित
देह व्यापारका मण्डीमा लगेर
सामान झै विक्री गर्ने नामर्दहरू
किन आफू बेँचिदैनन मासु पसलमा ?
यो प्रश्न पनि सोधिनौ तिमीले
समाजका पाखण्डी ठेकेदारहरूसित ।

मनर बुद्धि/विवेक/शरीर अनि
सम्पूर्ण अस्तित्वमाथि अवलापनको
टीठलाग्दो लेवल टाँसेर तिमीले
यदि केही गऱ्यौ भने, बस् ...
त्यही आँशुको नदीमा आफ्नो
स्वाभिमानलाई बगाई पठायौ

तर तिम्रो आत्मसम्मानमाथि
विरामचिन्ह तेर्‍याउनेहरूसित
तिमीले विद्रोह गरिनौ ।
कुन संज्ञा दिउँ म
तिम्रो त्यो मौनतालाई ?
विवशता ?, समर्पण ??
अथवा मूक स्वीकृति ???
भो...... !!
शोषित अनि लाञ्छित भएको
रूञ्चे कथा सुनाउन
तिमी नआऊ मकहाँ
बलात्कृत प्रताडित भएको
व्यथा पोखाउन पनि नआउ
अब म लेख्तिनँ तिम्रा यस्ता
दुर्बल कथा र कविताहरू
अहँ लेख्तिनँ निर्धोपन र
व्यर्थका गाथाहरू
किनकि ......
तिमीभित्रको नारीमा अब
अबला द्रौपदी र निर्भया होइन,
सशक्त सूकी र इरोमको प्रतिविम्ब
देख्न चाहन्छु
शताब्दी नारीहरू कल्पना,
सुनीता ,र हिलारीको
आकांक्षा र साहस हेर्न चाहन्छु ।
जाऊ ....! भनिदेऊ आमासित
अब चूल्हा-चौकासितै
ज्ञान र विज्ञानको तालीम चाहिएको छ
जाऊ....! भनिदेऊ बुबासित
तिमीलाई कपी र कलमसितै
बुलेट र हतियारको
प्रशिक्षण चाहिएको छ
जाऊ....! चुनौतिको हुँकार
लिएर भनिदेऊ
तिम्रो सभ्य समाज र
नीति निर्माताहरूलाई
तिमी नयाँ युग निर्मात्री हौ,
क्रान्तिको ज्वाला हौ
अदम्य शक्तिको श्रोत हौ
जाऊ ....! परिवर्तित सशक्त स्वरूप लिई
तिमी मकहाँ आऊ,
अब शोषण उत्पीडनको
दु:खद् कविता होइन
लाञ्छना र वलिदानको
दयनीय कथा होइन
स्वाभिमान र शौर्यको रोचक गीत रच्न
पराक्रम र प्रगतिको प्रेरक इतिहास लेख्न
म उत्साह लिएर तिम्रो प्रतीक्षा गर्नेछु
म हातमा कलम लिएर
त्यो समय पर्खीरहनेछु ।
जाऊ ...!
अब एक नवीन अजेय स्वरूप लिई
तिमी म कहाँ आऊ ।

*– खरसाङ्ग दार्जीलिंग*

# गजल



● **रामकृष्ण काफ्ले**

खेल्दाखेल्दै तिमीसँग हारूँ जस्तो लाग्छ
तिम्रै वरपर फेरा मारूँ जस्तो लाग्छ
गरूँ कित तिम्रै पूजा भजन आरति
प्रसादमा आफैलाई पारूँ जस्तो लाग्छ
टाढिएर आज भोलि मुस्किल छ भेट
तिम्रैतिर घरडेरा सारूँ जस्तो लाग्छ
टिपुँभने हात लम्काई नभेटिने दुरी
यो मायाँको झटारोले झारूँ जस्तो लाग्छ
हैन भनौं डरलाग्छ हो भनौं त लाज
हो होइनको बीचबीचै छारूँ जस्तो लाग्छ

*– सपही, बारा*

# मेघदूत



● रामप्रसाद साह

बरखा महिना बालम चाहे ।
सदर बदर मन होला काहे ॥
विरहिन के हूक अजबे होला ।
भीतर पड़के गजबे शोला ॥
दादुल ढाबुस घोघ निकाले ।
जबले मेघा तबले गाले ॥
बरखा रिमझिम अँइठा आरी ।
बीने लइकन मारामारी ॥
कालिदास नित लिखले पाती ।
रहल विरह में कवि दिनराती ॥
सुन्दर रचना वरनन ताही ।
मेघ मिलल जस वाहक चाही ॥
मेघ दूत बन जंगल धावे ।
प्रीतम पाती तहँ पहुचावे ॥
मेघ गरज अब गावन लागे ।
झिंगुर ढाबुस निकले आगे ॥
पहिले बरसे विरहिन आंगन ।
ओकर पाछे पर्वत कानन ॥
बरखा शीतल देह बनावे ।
तत् छन पतिया हाथ थमावे ॥
हुलसि पढेली सुन्दर पाती ।
कवि दुःख पढत फाटे छाती ॥
मधुर वचन के भेज उतारा ।
कुछ दिन ठहरी उगी सितारा ॥
सबर करीं मन नाई माथा ।
प्रेमी बिछोह हिय के बाथा ॥
हरियर जंगल खेत बधारी ।
चुनरी चमकी कालि दुआरी ॥

*– कलैया १४, बारा*



# श्रध्दांजलि

● श्याम सहनी चन्द्राशुं

लुटा देलक परान जेए
मिटा देलक निशान जेए
चढाके सीस देश के
बना देलक महान जे
जन जन मे जाग गेल
बसन्त लहलहा गेल
नयाँ नसा पिया गेल
बिकराल कान्ति मे
जला जला शरिर के
गगन मे धाजा फहरा
स्वदेश जगमगा गेल
गेल अमर समर मे सुतगेल
कंलक लागल छुटगेल
लेहु के बूँद बूँद
बिजय के बिया बोआगेल
कली कली फूला गेल
गलीगली सोहा गेल
सहिद के समाधिपर
स्वतांत्रता लोभा गेल
बिनास के बिकास मे

# एकता अभियान



• प्रदिप धनञ्जय

आज पुष सत्ताइस्
महान् योध्दाको जन्म दिन
खै किन हो तर म भन्न सक्दिन
हामी दिनप्रतिदिन कृतघ्न बनिरहेछौँ
उनैको अभियानका कारण
मैले मेरो प्रतिविम्ब भेट्न सकेको हुँ
मेरो धरती चुम्न पाएको हुँ
यसमा टेकेर रम्न पाएको हुँ ।
आफ्नो धरातल बिर्सिएर
टोलटोलमा सम्राट बन्दै गएका छौँ
अचम्मको छ परिवेश
अनौठो बाटोमा परिस्थिति
यो दृश्य एकोतार चुपचाप हेरिरहेछु
बोल्न र खुल्न सकिरहेको छैन
किन, म आफैलाई थाहा छैन ।
मैले मेरो अनुहार नहेरेको धेरै भयो
अर्थात् एउटा जुग बित्यो
किन हो किन आफैलाई थाहा छैन
यथार्थ हो बुझ्न र पढ्न सकिरहेको छैन ।
हिमालतिर हिँडिरहेको देशको पाइला
यतिखेर टक्क अडिएका छन्
उल्टो दिशा हिँडाउने प्रयत्न भैरहेछ
इतिहासका पाठहरू छोप्न
मनहरूमा डढेलो झोसिदै छ ।
म आफू राम्रो देखिन
सग्लो इतिहास र वीरताको परम्परालाई
तोड्ने र फोड्ने पक्षमा छैन
तर एकहूल मानिसहरू
त्यही कर्ममा लिन छन्
आज तिम्रो जन्म दिन
तिमीलाई सम्झेर
देशको वर्तमान पढिरहेछु
र सम्झनामा हराई रहेछु

*– सिमरा, बारा*

# हिमालका आवाजहरू

• चूडामणि काफ्ले

## १. पृष्ठभूमि

दामोदर पुडासैनी 'किशोर'(२०१९) नेपाली साहित्याकाशका एक उज्ज्वल नक्षत्र हुन् । विशेषतः नेपाली साहित्यका निबन्ध (नियात्रा) र कविता विधामा उनको लेखनी निकै क्रियाशील रहेको पाइन्छ । देशविदेशका विभिन्न गन्तव्यको यात्रापछि उनको कलमबाट *यात्राका प्रेमिल तरङ्गहरू* (२०६५), *नमेटिएका चित्रहरू* (२०७०), *मायालु हुम्ला* (२०७१), *सिमानाका रङ्ग : सिमानाका तरङ्ग* (२०७३) र *पर्खालभित्रको राजधानी* (२०७३) जस्ता नियात्राकृतिहरू प्रकाशित भइसकेका छन् । साहित्यकार पुडासैनीमा नियात्राकार/निबन्धकारका साथै कवि व्यक्तित्व पनि निकै समृद्ध छ । उनले आफ्नो साहित्यसृजनाको थालनी पनि कवितालेखन (२०३४ : शहीद)बाट नै गरेको पाइन्छ । (अवस्थी , २०७६: १०) उनका हालसम्म प्रकाशित कृतिहरूको लेखाजोखा गर्दा नियात्राभन्दा कविताकृतिको सङ्ख्या नै अधिक रहेको पाइन्छ । उनका अहिलेसम्म नौ कवितासङ्ग्रह प्रकाशनको उज्यालोमा आइसकेका छन् ; ती हुन् :

(क) आफन्तका अनुहारहरू (२०४९),
(ख) आँखाको खोजीमा (२०६२),
(ग) आलोकित आयाम (२०६३),
(घ) आकारको खोजीमा (२०६३),
(ङ) समयको सहीछाप (२०६९),
(च) पहाड र प्रेम (२०७१)
(छ) उज्यालो खोजिरहेको घाम (२०७४),
(ज) सहरबिनाको सहर (२०७५),र
(झ) हिमालका आवाज (२०७६) ।

यस लेखमा कवि पुडासैनीको नवीनतम कवितासङ्ग्रह *हिमालका आवाज* (२०७६)का बारेमा चर्चा गर्ने सन्दर्भमा यहाँ विषयप्रवेश गरिएको छ ।

## २. विषयप्रवेश

हिमालका पाइला कवि दामोदर पुडासैनी 'किशोर'को नवीनतम कवितासङ्ग्रह हो । यो 'हिमालका आवाज' एउटै शीर्षक तथा भावभूमिमा रचिएका ५०कविताको सङ्कलन हो । दोभान प्रकाशन,काठमाडौंद्वारा २०७६मा प्रकाशित यस कवितासङ्ग्रहमा कवि पुडासैनीले हिमाली परिवेश र जनजीवनलाई नजिकैबाट नियालेका छन् । कविले एउटै भावविशेषमा केन्द्रित भएर यहाँ सुन्दर काव्यात्मक अभिव्यक्ति प्रकट गरेका छन् । सृष्टिसंरचनामा हिमालको मौलिक पहिचान छ । हिमाल युगौंदेखि अटल र अविचल रूपमा हाम्रो सामुन्ने उभिएको छ । हिमाल उचाइको आकाशबाट संसारका

गतिविधि अवलोकन गर्ने प्रत्यक्षदर्शी हो । ऊ संसारका उतार चढावहरूको एक्लो साक्षी पनि हो । संसारको परिवर्तनशीलताको हिमालले निर्निमेष रूपमा अवलोकन गरिरहेको छ । युगीन परिवर्तन उसका लागि क्षणभर अङ्कमाल गर्न आउने कुहिरो वा बादल जस्तै हुन् । हिमालसँग दृढता,उच्चता र कठोरता मात्र हुँदैनन् ; कोमलता र संवेदनशीलता जस्ता वैशिष्ट्य पनि भरिभराउ हुन्छन् । हिमाल स्वच्छ छ ; स्निग्ध छ ; सुन्दर छ र पवित्र छ । यो सभ्यताको पहरेदार हो । हिमाली सौन्दर्य अनुपम छ । हिमालमा दीपावलीको कुनै अर्थ हुँदैन ; यो आफैँमा देदीप्यमान र जाज्वल्यमान छ । हिमाल जलराशिको अपार भण्डार मात्र होइन ऊर्जाको अजस्र स्रोत पनि हो । अर्थात् यो जलशक्ति र ऊर्जाशक्तिको मूलाधार हो । हिमचुलीको आरोहणमा बेग्लै आनन्द र अनुभूति हुन्छ । उकालो उक्लिँदाको आकर्षण र आरोहणपछिको अतुलनीय सन्तुष्टिको महिमा अवर्णनीय छ । हिमालका यिनै अनमोल आकर्षण तथा भावसत्यलाई कवि दामोदर पुडासैनी 'किशोर'ले आफ्नो कवितासङ्ग्रह हिमालका आवाजमा अभिव्यक्त गरेका छन् ।

हिमाल चट्टानै चट्टानयुक्त निर्जन उच्च पर्वतशृङ्खला मात्र होइन । यहाँ याक,नाक,झोक्पा,भेडा,च्याङ्ग्रा,खच्चर आदिका पदचापहरू पनि छन् । हिमाली पशुका घाँटीमा झुन्डिएका घन्टीका टिङ टिङ ध्वनिले वातावरण नै गुञ्जायमान छ । चराचुरुङ्गीका सुमधुर साङ्गीतिक कलरव छन् । यहाँ डाँफे मुनालका मनोरम नृत्यमुद्रा छन् । हिमालमा मलेवाका वायुपङ्खी वेग छन् । घामको पहिलो झुल्काले हिमाललाई नै म्वाइँ खान्छ । सूर्यास्तपूर्वको अपूर्व रक्तिम आभा पनि हिमालकै स्पर्शमा हाँसिरहेको हुन्छ । लालीगुँरास र सुनगाभाको बैंसले हिमालकै तारुण्य बढेको छ । धुपी र देवदारका बोटहरूले हिमालकै शोभावृद्धि गरेका छन् । हिमालमा के छैन ? यहाँ उत्साह छ ; उमङ्ग छ ; आशा छ र विश्वास छ । जे खोज्यो त्यही छ हिमालमा । हिमालमा पुगेपछि रित्तो हात लिएर कसैले फर्कनु पर्दैन । यस्ता अमूल्य उपहारहरू लिएर हिमालले हाम्रो भव्य स्वागत गरिरहन्छ । यस्तो दिव्य आकर्षण र मोहनी धर्तीको अर्को गोलार्द्धमा पाउनु असम्भव छ भने हुन्छ । कवि पुडासैनीले हिमालका आवाज कवितासङ्ग्रहमा यस्तै अनमोल भावनाहरूलाई आकर्षक अभिव्यक्तिका माध्यमबाट अघि सारेका छन् ।

हिमाली सृष्टिमा कुहिराको साम्राज्य छ । घाम र कुहिराको पौंठेजोरी चल्छ हिमालमा । कहिले घामले जित्छ कुहिरालाई र डिलमुनि पछारिदिन्छ । कहिले कुहिरो विजयी बन्छ द्वन्द्वमा र विजयोत्सव नै मनाउँछ हिमालमा । कुहिराले घामलाई झ्याप्पै छोपिदिन्छ राहुले छोपे जस्तै गरी । त्यतिखेर वास्तविकतालाई नै विलुप्त पार्छ कुहिराले । गाउँबस्ती र भिरपाखा कता हुन्; बाटो र बटुवाहरू कता हुन्; पशुपन्छी र वृक्षवनस्पति कता हुन् र मान्छेहरू कता के गर्दै छन्; केही पत्तो हुँदैन कुहिराको रजाइँमा । सांसारिक सम्पूर्ण गतिविधिमा कुहिराको आवरण छ; कविकै शब्दमा :

किन कैदमा छन् सुकिला फूलहरू ?

किन बतासहीन बनेका छन् रूखहरू ?
बलात् हिँडिरहेका भरिया र यात्रीहरू पनि
किन परिरहेका छैनन् कसैको नजरमा ?
तिम्रो घाम पनि बेकम्मा बनेर लुकेको छ
तिम्रो जून पनि रोशनीहीन डुबेको छ कालकोठरीमा
गाउँ,बस्ती,बाटो, मान्छे,पन्छी वा पशु नै किन नहुन्
सबै धूलोका कण कणमा हराएका छन्
(पुडासैनी,२०७६:१४)

हिमाल युगौंदेखि हाम्रो सामुन्ने प्रतीक्षारत छ । प्रतीक्षामा आशा र आगमनको दृढ विश्वास हुन्छ । प्रतीक्षालाई प्रेमको पहिलो अध्यायका रूपमा परिभाषित गरिन्छ । प्रियजनसितको मिलनको कल्पनामा डुब्न प्रतीक्षा नै सहयोगी हुन्छ । कुराइका पलपलमा प्रियतमको मिठो स्पर्शको काल्पनिक संसार हुन्छ । यो एउटा कठोर तपस्या हो । तपस्याले नै सफलताको चुलीमा पुर्‍याउने गर्छ । जहाँ प्रेमीप्रमिका हुन्छन् त्यहाँ प्रतीक्षा हुन्छ । प्रतीक्षाको परिणाम नै प्राप्ति हो ; प्रसन्नता हो ; खुसी हो । प्रतीक्षामा ठूलो शक्ति हुन्छ । जीवन बँचाइ पनि एउटा प्रतीक्षा नै रहेछ । प्रतीक्षाको समाप्तिमा जीवन,खुसी,आशा,उमङ्ग र उत्साह सबै समाप्त हुन्छन् । भेटघाट र बातचितमा भन्दा प्रतीक्षामा असीम आनन्द छ; अनौठो आकर्षण छ । त्यसैले प्रतीक्षाको महिमागान गर्दै कवि लेख्छन् :

(क) बाँच्नु पनि
पर्खनु रहेछ एउटा जीवन
म मृत्युको पर्खाइमा जीवन तेजिलो पारिरहेछु

(ख) तिमीलाई भेट्नुभन्दा
पर्खनु मिठो छ कैयौं गुना
तिमी त तिमी भैहाल्यौ
ठीक यो क्षणमा
म संसारमा सबै प्रेमीलाई कुरिरहेछु
(पुडासैनी,२०७६:२३)

हिमालमा कुहिरो र घामको लुकामारी चल्छ । झरी र बादल हिमालका निकै प्रिय छन् । झमझम झरीले स्नान गराउँदा प्राप्त हुने असीम आनन्द च्वास्स पोल्ने घामले कसरी दिन सक्छ र ? घामले त पोल्छ र पगाल्छ मात्र । हिमाललाई कहिले बादल तथा कुहिराको दोलाइँ ओढ्ने मन हुन्छ र कहिले झमझम झरीमा नुहाइरहन मन हुन्छ । बादल र झरी बिना ठिङ्ग उभिनुको कुनै अर्थ छैन । बादल तथा झरीको मिठो स्पर्शले हिमालमा जीवन भरिदिन्छ । वर्षाले अझै अग्लिन्छ उचाइ । झरीले एकाग्रता दिन्छ । बादलले घुम्टो ओढाएर दुलही बनाउँछ तर घाम चाहिँ अचानक आएर घुम्टो उघारी साउती मार्न थाल्छ । हिमाली सौन्दर्यका यी अनुपम छटालाई कविले यसरी काव्यवाणी दिएका छन् :

कति निरस हुन्थ्यो होला मलाई
एकोहोरो हिमज्योति स्तम्भले
संसारभर किरण छरिरहन
कति गाह्रो हुन्थ्यो होला मलाई
एकोहोरो घामका कडा आँखाहरूले
मेरा अङ्गप्रत्यङ्गको अस्मिता बचाउन
झरी बर्षन्छ,कुहिरोले सुमसुम्याउँछ
र त जागा भैरहन्छु म घरीघरी

(पुडासैनी,२०७६ :२५)

हिमालले साहसी आरोहीलाई आरोहणका लागि आह्वान गर्छ । होस नपुऱ्याईकन गरेको आरोहण कहाँ सफल भएको छ र ? होस नपुऱ्याईकन गरिएका आरोहण मात्र असफल भएका होइनन् आरोहीले जीवन नै भन्न नपाएका धेरै दृष्टान्तहरू हाम्रै सामुन्ने प्रशस्त छन् । मनोरथले मात्र आरोहण गर्छु भन्नु पनि मनको लड्डु घिउसँग खानु जस्तै हो । हुन त चढ्नैहरूकै पाइला यदा कदा चिप्लिन सक्छन् । आरोही नै लड्न र पछारिन सक्छन् । त्यसैले कदम कदममा होस राखेर वा सचेतता अपनाएर हिमाल आरोहण गर्नुपर्छ । आरोहणमा फुकेर पाइला चाल्नुपर्छ । हिमशिखर ईश्वर सदृश छ भन्ठानेर आरोहणको आराधन गर्नुपर्छ । पाइला पाइलामा फूल चढाउनुपर्छ ; अक्षता अर्पण गर्नुपर्छ ; बत्ती बाल्नुपर्छ र धुप धुवाउनुपर्छ । लरतरो सङ्कल्पले आरोहण कहाँ सफल हुन्छ र ? त्यसैमा तन,मन र धन समर्पित गर्नुपर्छ । शिखरलाई माया गर्नुपर्छ र सर्वस्व सुम्पिनुपर्छ । तन्मयतापूर्वक गरिएको आरोहण असफल हुनै सक्तैन । आरोहणपछि प्राप्त हुने सफलता अनुपम छ ; सम्मान,इज्जत र प्रशंसा अतुलनीय छ । आरोहणको सफलताले संसारमै सुवास फैलाइदिन्छ । चढिसकेपछि लड्ने कुनै सम्भावना रहँदैन । चढाइका कठिनाइलाई सफलताले बिर्साइदिन्छ । परिश्रमको फल मिठो हुन्छ भनेझैं पीडा र कठिनाइ प्रसन्नता वा खुसीमा बदलिन्छन् । हिमाल आरोहणले जीवनका उचाइ आरोहण गर्न पनि सिकाउँदै आएको छ । एकपछि अर्को हिमशिखर आरोहणमा सफलता हासिल गरे जस्तै जीवन उद्देश्यका उच्च उचाइहरू आरोहण गर्दै जीवनलाई सफलताको शिखरमा पुऱ्याउनुपर्छ । कवितामा यसो भनेर कवि पुडासैनी जीवनलाई संसारकै सर्वोच्च शिखर आरोहण झैं आफ्नो लक्ष्यको शिखर चुम्न अग्रसर हुनुपर्ने भावना अभिव्यक्त गर्छन् ; उनी लेख्छन् :

(क) चढ या नचढ तिम्रो खुशी
नचढी फेदीमै बस्नेले
उचाईका असीम दृश्य देख्दैन
आऊ,साहस गर
साहसीले नै त हो चढ़ने म माथि
(पुडासैनी,२०७६ : २७)

(ख) चढिसकेपछि चढ़ने ठाउँ बाँकी हुँदैन
उचाइमा पुगिसकेपछि
सान, मान र आन बेग्लै हुन्छ
चढाउनेसँग पनि गाँसिन्छ इज्ज़त
चढिनै सकिएपछि
चढाउनेले नै फैलाउन थाल्छ वासना पर पर
चढिसकिएपछि खसिएला भन्ने डर नै हुँदैन (पुडासैनी,२०७६ :२६)

हिमालसँगको सङ्घर्ष कदापि सहज हुँदैन । यो निकै चुनौतीपूर्ण छ । शिखर चुम्न हिँडेको व्यक्ति बीचैमा ढल्न सक्छ । यो महत्त्वपूर्ण जीवन यति सजिलै हामीबाट टाढिन्छ पत्याउनै नसकिने सत्य । चढ्दै गरेको चौरी अचानक भिरबाट गुल्टिन्छ । के जीवन यत्तिकै लागि हो त ? गम्भीर प्रश्न खडा हुन्छ । हिमाल चढ्दै गरेको एउटा आरोही ढलेका अरू

आरोहीहरूकै शव कुल्चँदै अघि बढ्नुपर्ने हुन्छ । अक्करमा उक्लिँदै गर्दा अकस्मात् आएको हिमपहिरोले आत्मीय साथीलाई नै चुँडेर लैजान सक्छ । अर्को साथीलाई बाढी जस्तै आएको हिमनदीले नबगाउला भन्न सकिँदैन । हिमतालमा डुबेको अर्को साथी अझै माथि उत्रिएको देखिँदैन । यस्तै सङ्घर्षका बीचबाट एउटा आरोही अविचल रूपमा उकालिनुको विकल्प रहँदैन । त्यसैले चुनौतीपूर्ण आरोहणमा होसियारीपूर्वक कदम चाल्नुपर्छ ; कविकै शब्दावलीमा :

अक्करमा चढ्दा चढ्दै
हिमपहिरोले लग्यो एउटा साथी
हिमनदीले बगायो अर्को साथी
हिमतालमा डुबेको अर्को साथी अहिलेसम्म निस्किएको छैन
म भने चुचुरोमा उभिएर
एक आँखाले माथिल्लो चुचुरा हेरिरहेछु
र, अर्को आँखाले हराएका साथीहरूको बाटो खोतलिरहेछु
मनले भने भन्यो–
होशियारी र गति नहुने हो भने
तिमी पनि हराउनेछौ यतै कतै बाटोका गल्छेडाहरूमा

(पुडासैनी,२०७६:२०)

हिमालको गीत निकै कर्णप्रिय हुन्छ । गीतसँगसँगै हिमालका हर्षाश्रु बर्सेका हुन्छन् । दिनरातभरि हिमालले रागहरू अलापिरहन्छ । गीत र सङ्गीतका लयले हृदय आनन्दित भइरहन्छ । यस गायन र साङ्गीतिक लयमा प्रकृतिको अनौठो जादु प्रदर्शित हुन्छ । सङ्गीतका सुमधुर मूर्च्छनाले अनौठो अनुभूति भइरहन्छ । विशाल बादलको खास्टोमा गुटमुटिएर हिमाल जलसङ्गीतका लयहरू गुन्जाइरहेको हुन्छ । हिमालको सन्निकटतामा कविहृदयमा अनुरागका भावनाहरू तँछाड मछाड गरिहेका छन् । बिहानको झुल्के घामले मायाको सुन्दर उपहार लिएर आएको हुन्छ । हिमालका बादलराशि माथि माथि अक्कासिएका छन् र हिमनदीहरू निरन्तर तलतिर बग्दै छन् । यी बादल तथा नदीहरूको मोहनी अनौठो छ । मान्छेका मनमा विरह तथा दुःखका घाउहरू भए पनि हिमालका मायालु स्पर्शले ती सबै निको हुन्छन् ।

हिमालको कुनै खास परिधान हुँदैन । संसारमा परिधानले भ्रम सिर्जना गरेका छन् । समाजमा विकृति र विसङ्गतिको चाङ छ । आवरण र त्यसका भ्रमले सर्वत्र अन्याय,अत्याचार र विभेद मौलाएका छन् । कोही पूजाआजा र कर्मकाण्डका पीत परिधानका भ्रम छरिरहेका छन् । विकास निर्माणमा भ्रष्टाचार घुस र लुट छ । खेलकुदमा लागू औषधीको उन्माद छ । समाजका अङ्गप्रत्यङ्गमा विश्वासघात र कृतघ्नता मौलाएका छन् । व्यापारमा कालोबजारीको बिग्बिगी छ । फूलको सुवासमा पनि विषाक्तता भरिएको हो कि भन्ने आभास हुन्छ । यत्र तत्र सर्वत्र कृत्रिमताको भ्रम व्याप्त छ । धर्ती र आकाशले पनि भ्रम फैलाइरहेको पो हो कि भन्ने अनुभूति हिमालले गरेको छ ।

हिमाल कदापि स्वाभिमान बिर्सँदैन । उसलाई कुर्सीको खेलमा कुनै चासो छैन । संसार कुर्सीको खेलमा प्रतिस्पर्धारत छ । हिमालका आफ्नै इच्छा, आकाङ्क्षा, चाहना र सपना छन् । आफ्नै उज्याला आशादीपहरू छन् । हिमालसँग मान्छे मान्छे बीचको सम्बन्धमा जस्तो कालो कुहिरो छैन; कुनै कल्मष छैन । हिमाल

संसारको युद्ध, लडाइँ र झैझगडामा सामेल हुँदैन; मात्र माया, प्रेम, स्नेह र सद्भावनामा साथ दिन चाहन्छ हिमाल । हिमालको भौतिक स्वरूप मात्र सबै थोक होइन । उसभित्र मन र मुटु पनि लुकेका हुन्छन्; हिमालभित्र उत्साह,उमङ्ग र खुसीका छालहरू छचल्किएका हुन्छन् । साहस,आँट र शूरताका विशाल फाँटहरू फैलिएका हुन्छन् । हिमाल जून र ताराका गीतको गुनगुनाहटमा आह्लादित हुने गर्छ अनि सूर्यास्त र सूर्योदयलाई महोत्सवका रूपमा मनाउने गर्छ । कवि पुडासैनीले यस्तै यस्तै उत्कृष्ट र उच्च भावतरङ्गहरूले *हिमालका आवाज* कवितासङ्ग्रहलाई सजाएका छन् ।

### ३. अन्त्यमा

*हिमालका आजाज* मुक्त लयमा रचिएका कविताहरूको सङकलन हो । कविले २०७६सालका भदौ र असोज महिनाको सगरमाथाको सन्निकटतालाई कविता सिर्जनामा सार्थक तुल्याएका छन् । भावतारल्यको गम्भीरतालाई सुन्दर शब्दावली, प्रतीक, विम्ब अलङ्कारहरूले मूर्तता प्रदान गरेका छन् । बाह्य लयको आयोजन नभए पनि भावलाई आन्तरिक रूपमा सजाइएका कवितारू उत्कृष्ट बन्न पुगेका छन् । यस्तो उत्कृष्ट सिर्जनाका सर्जक तथा कवि पुडासैनीलाई हार्दिक बधाई ज्ञापन गर्दै यस वर्ष अर्को कृतिमा सफलता प्राप्त होस् भन्ने शुभकामनाका साथ यो कलम बन्द गर्ने अनुमति लिन्छु ।

**सन्दर्भ सामग्री**


अवस्थी, महादेव (डा.) (२०७६),' पुडासैनीको साहित्ययात्रागत परिपक्व जैविकीका नवीन प्राप्तिका रूपमा *हिमालका आवाज* '*हिमालका आवाज*, काठमाडौं : दोभान प्रकाशन, पृ ८–१९ ।

पुडासैनी 'किशोर', दामोदर (२०७६), *हिमालका आवाज* , काठमाडौं : दोभान प्रकाशन ।


# गजल



● वैकुण्ठ नेपाल

दैनन्दिन चेलीहरू हर्दा तिमी जन्मान्ध छौ
जहिले पनि जङ्गे पिलर सर्दा तिमी जन्मान्ध छौ

मेची काली हिमाल पारी हुइँकिराछन् वैरीहरू
लिपुलेकमा रिपुहरू चर्दा तिमी जन्मान्ध छौ

बुट परे पराइका काला पानी सुस्तामा पनि
परायाले ताण्डवनृत्य गर्दा तिमी जन्मान्ध छौ

निर्मला र भागीरथीले जीउँदै मर्नु पर्छ यहाँ
ब्वाँसाहरूका गिद्धेनजरमा तिमी जन्मान्ध छौ

वितण्डा नै मच्चाएर नाच्छौ तिमी सेतो घरमा
मेची काली शत्रुहरू तर्दा तिमी जन्मान्ध छौ

*स्वाभिमानबस्ती, जीतपुरसिमरा-१६, बारा*

# निर्मोहीको मायामहलभित्र हराउँदा



• श्रीराम पाण्डे

स्मृतिको झिल्कोले तरङ्गित मस्तिष्क र दुःखको भुमरीमा डुबेको मनको औडाहा मान्छेको जिन्दगीको अभिन्न साथी बनेर कति लामो समयसम्म रहिरहन्छ भन्ने कुराको ज्वलन्त उदाहरण हो निर्मोही व्यासको 'मायामहल' ।

भावनाको उत्ताल छालमा उचालिँदै पछारिँदै, भोगिएका मर्मान्तक पीडाका क्षणहरू, विवशताले उभ्याएका दुर्लङ्घ्य परिस्थितिहरू, उच्छ्वाससँग साटिएका कैयौँ रातहरू, विश्वास रेटिएका अनगन्ती घातहरू सर्लक्क समयको लामो अन्तरालपछि पनि जस्ताको त्यस्तै गरी प्रस्तुत गर्नसक्नु व्यासको तीक्ष्ण स्मरणशक्तिको द्योतक हो । अझ आफूले भोगेको परिस्थितिसित तत् तत् कालखण्डमा आफूसित पाठकलाई सँगसँगै हिंडाउन सक्नु संस्मरणकारको अद्भुत क्षमता हो ।




कोरा वर्णन वा विवरण निषेधित वा वर्जित गरिएझैं,सरसता र जीवन्तताले अभिभूत संस्मरणहरू पढिरहँदा लाग्छ समय स्थिर छ, लाग्छ वर्तमान हराएको छ, लाग्छ आफू पनि व्याससितै सँगसँगै ती सारा घटनाको साक्षी भएर उभिएको छु । आफू स्वयम् त्यो समय भएर फेरिएको छु । व्यास रूँदा रूने, हाँस्ता हाँस्ने, विवश हुँदा किंकर्तव्यविमूढ हुने, उत्साहित हुँदा फुर्किने र समयचक्रमा पेलिँदा पिल्सिने भएको छु म ।

मलाई थाहा छ व्यास मदनमणि, धनुषचन्द्रको घरघर धाएको कुरा, विद्यावारिधि अध्ययनका क्रममा देवमन्दिरमा लामो समय पलैँटी कसेर बसेको कुरा, गौरा दिदीको काइँयो प्रयोग गरेर पछुतो मानेको कुरा सबैको म प्रत्यक्षदर्शी बनेको छु । दीनताको निर्मम प्रहारले थलिएका बेला आमाको उपचारका निम्ति दशतिर हारगुहार गर्दा पनि अर्थाभावले उपचार हुन नसकेकोले लाचार बनेका बाबाले 'मरता क्या नहीं करता ?' भनेझैं आमाको थुनिलो भएर रौँकिएको स्तनको शल्यक्रिया आफैँले नरिवल-छोडा काट्ने सानो चक्कूद्वारा गरेको दृश्यले भयभीत केटाकेटीको मनोदशा र त्यो असह्य पीडा खप्न विवश आमाको छटपटीको दारूण दृश्य टुलुटुलु हेर्न बाध्य बबुरो व्यासको मुटु छियाछिया

हुने अनुभूतिले आफैँ कामेको छु म ।

बिरामी पत्नीको उपचारमा भौँतारिँदै सहयोगको अपेक्षा गर्दागर्दै पनि विभिन्न शर्त तेर्स्याउने संवेदनाहीन सहचर र 'पत्नी मार्न चाहेको' आरोप लगाउने दुच्छर डाक्टरको व्यवहार पनि सबै मेरा अगाडि भएका हुन् र ती सबै मेरो मुटु दुखाउन पर्याप्त छन् । तर, सहृदयी मित्रहरूको उदारमन र सहयोगप्रतिको कृतज्ञताले नुहेको व्यासको शिर पनि देखेको छु । आफ्नो सम्पूर्ण बुता लगाएर पनि प्राणभन्दा प्रिय पत्नीलाइ बचाउन नसक्ता लागेको मुटुको चोटले बर्सिएका आँखा र अनिँदा रातहरूको स्मृतिबिम्ब मेरो मस्तिष्कमा फन्का मारिरहेका छन् ।

सोझो, स्वाभिमानी र इमान्दार मान्छे बनेर यो सांसारिक मायामहलमा प्रवेश गर्दा आफ्नो सोचाइ र समझभन्दा परको दुनियाँ र त्यसको वास्तविकताको भेउ पाउन नसकी आफ्नो पुर्पुरो फुटाउन पुग्ने नियति मैले पनि भोगेको छु । बाहिरी चकाचौँधले तिर्मिराएको आँखाले देख्न नसक्ने भित्री रूपको छनक मिलेको छ मलाई । पसाहाखोलाको रौद्ररूप देखेर तर्सिएको व्यासलाई बलियो मान्छेले पाखुरा समातेर खोलो तार्दा आत्तिएर धमिलो पानी खाँदै निसासिएको टीठलाग्दो दृश्य देखेर म आत्तिएको छु ।

गौशालाको बस बिसौनीको अरूका लागि सामान्य लाग्ने घटनाले छोएको व्यासको मन बुझेको छु मैले । मृत्युञ्जय स्रष्टाप्रतिको श्रद्धा, सम्मान र स्मृतिले द्रवीभूत व्यासको करूणाविगलित मनको संवेदनशीलताको अपरिमित दायरा महसुसको भएको छमलाई । व्याससँगै स्रष्टाप्रति श्रद्धासुमन अर्पण गरेको छु मैले । धरहरी हाइ स्कूलको अध्यापन र सोझो विद्यार्थीको 'मेरो फोटो खिचाएर ल्याइदिनुस्, म किन गइराख्नुपऱ्यो र ?' भन्ने भनाइ,गुरूप्रतिको विनयशीलता आदि सारा अनुभूत गरेको छु मैले व्यासको प्रतिच्छाया भएर ।

त्यो दुर्भाग्य-यात्राको दुर्दान्त परिस्थितिको पीडामा आकुल, विवश र विह्वल व्यासलाई सहानुभूतिसम्म दिन नसकी रनभुल्ल परको छु म । त्यसैगरी प्रतीकको कार्यकक्षमा रातरातभर जाग्राम रहेर उहाँकै सहकर्मी भएर काम गरेको अनुभूति भएको छ मलाई । र दिवङ्गत पुराना मित्रको कृति प्रकाशन गर्न सकेकामा हलुङ्गिएको मनले म पनि व्याससितै फुर्फुरिएको छु ।

हो, यथार्थमा म 'मायामहल' को संस्मरणयात्रामा निर्मोही व्यासकै छाया बनेको छु । म त्यो समय बनेको छु, त्यसैमा बगेको छु र हरेक घटनाको प्रत्यक्ष साक्षी बनेको छु । अर्थात् व्यासको चामत्कारिक शब्द-जादूगरीको मोहनीमा लट्ठिएर,भावसागरको गहिराइमा डुबेर आफू र आफ्नो वर्तमानभन्दा परको स्थिति आत्मसात् गर्दै चरम तृप्तिको चास्नीमा डुबेको छु म । संस्मरणकार व्यासको 'मायामहल' को भुलभुलैयामा हराएको छु म ।

पाठकलाई आफूसित सँगसँगै यात्रा गराउन सफल यो कृति पठनीयमात्रै होइन, सङ्ग्रहणीय पनि । यस्तो कृतिका रचनाकार निर्मोही व्यास र प्रकाशन गर्ने शिखा बुक्स दुवै धन्यवादका हकदार छन् । आगामी दिनमा पनि यस्तै उत्कृष्ट कृति-रचनामा व्यासको तन्मयता रहिरहोस् । हार्दिक शुभकामना !

# 'बुद्धिको पाइला'मा एक दृष्टि



• बाबुराम लम्साल

ज्ञाननिष्ठ ज्ञवाली नेपाली साहित्य, प्राध्यापन र अनुसन्धान क्षेत्रमा नाम चलेका व्यक्ति हुन् । डेढ दर्जन बढी कृति प्रकाशित गरिसकेका उनी 'बुद्धिको पाइला' नामक कवितासङ्ग्रह लिएर उपस्थित भएका छन् । करिब साढे दुई दर्जन जति कृति सम्पादन गरिसकेका उनले यस कृतिमा राष्ट्रकवि माधवप्रसाद घिमिरको हस्ताक्षरमा अत्यन्तै छोटो र पुस्तकको सार झल्कने मन्तव्य राखेका छन् । ८० पृष्ठको फैलावटको यो सङ्ग्रहमा २१ कविताहरूले पहिलो पटक सङ्कलित हुने मौका पाएका छन् ।




पूर्वीय शास्त्रीय छन्दको गहिरो ज्ञान प्राप्त गरेका कवि ज्ञवालीले छन्दात्मक कविता पस्किएर ह्रासोन्मुख अवस्थामा पुगेको छन्द कविता लेखनलाई पुनर्जीवन दिने काम गरेका छन् । अन्त्यानुप्रासको कुशल संयोजनले कविता निकै प्रभावकारी र सौष्ठव बनेको देखिन्छ । काव्यिक शिल्पशैलीलाई उजिल्याउने काम गरेका उनले कृतिको आफै समीक्षात्मक भूमिका लेखेर कृतिकारको फरक पहिचान दिने सुकर्मको सुरूवात गरेका छन् ।

ज्ञवाली बौद्धिकता र अनुभवले खारिएका उच्च कोटिका कलमजीवी हुन् । उनका कवितामा राष्ट्रियता, देशप्रेम, जातीय एकता र नेपाली जनमानसको एकत्व भाव समेटिएको छ । विभेदरहित समाजको स्थापना गर्न तराइँ, पहाड र हिमाली भेगमा बसोबास गर्ने नेपालीलाई एक हुन आह्वान गरिएको छ । कवितामा एकताको उद्घोष, सामाजिक न्याय र विश्ववन्धुत्वको भावनालाई उजागर गर्ने प्रयास छ । अव्यवस्थित, अराजकता, राजनीतीकरणको खिचातानीले गर्दा प्रशासनिक ढिलासुस्ती अनि देशको दुर्दशा भएको दुखेसो कवि कवितामा गर्दछन् ।

"भाँडियो नीति नै खेलमा हारियो
काम क्यै छैन लौ दुर्दशा पारियो"

(पृ : ६१)

कविताले आन्तरिक कलह अनि एकतामा खलल पुगेकाले शत्रु पक्ष हावी भई राष्ट्रवादी भावना कमजोर बन्दै गएकोले दक्षिण र उत्तरबाट क्रमिक रूपमा प्रहार भइरहेको भावना कवितांशबाट प्रकटित छ ।

कवि ज्ञवालीले

प्रकृतिको सन्देशमूलक आकर्षण र वर्णले हिमाली, पहाडी अनि तराइँलाई जोडेको छ । नेपाली सौन्दर्य, ऋतुराज वसन्तले धर्तीको कौमार्यभित्र लठ्ठिएका प्रेमिल भावनालाई वसन्तको सुसेलीसँगै मानवीय जीवन उन्मत्त र स्वच्छन्द बनेको छ । मन्द पवनको स्पर्शले समेत काउकुली लगाएको भावलाई बढो मार्मिक र जीवन्त रूपमा कवि प्रस्तुत गर्दछन् ।

"वसन्तको आगमन अब हुन्न क्यार
तिमीलाई दिएँ मैले आफ्नै नौलो
प्यार ।" (पृ.: ३७)

बौद्धिकताको कसीमा घोटेर हेर्नुपर्ने कृतिमा कहीँ कतै कविमा प्रेमाङ्कुर भाव उदीप्त हुनु मानवीय सहृदयता पनि हो जसले मायावी भाव प्रदीप्त पार्दछ । नत्र सिङ्गो कवितासङ्ग्रहमा बुद्धि विलासले एकछत्र राज गरेको देखिन्छ । हुन त कवि खोज अनुसन्धानका साथै प्राध्यापनका क्षेत्रमा सिद्धहस्त र नाम चलेका समीक्षक र सर्जक पनि हुन् । त्यसले बुद्धि विलासको आभाष हुनु पनि न्यायसङ्गत नै देखिन्छ ।

कविले अहिलेको समयमा आएर कोरेका कविता नभई ती त पहिले (२०५६-२०७६) देखि विभिन्न पत्रपत्रिमा छापिएर छरिएर रहेका र मौका पाउनासाथ सङ्कलित हुने अवसर पाएको हुन् । त्यसैले कहीँ कतै प्रेमभावका कविता प्रविष्टी हुनुले जवानीको राग मात्रै पोख्ने मौका पाएका हुन्नन्, त्यसमा समयको छिटा पनि लतपतिएर आएका हुन्छन् भन्ने कुरा बुझ्नुपर्छ । यसकारण प्रकृति र मानवबिच सादृश्यता देखाउन खोज्नु ज्ञवालीको वैशिष्ट्य नै हो ।

कवि हरेक कविताका पङ्क्तिपुञ्जमा राष्ट्रियताको भाव मुखरित गर्न पुग्छन् । उनी साहस र धैर्यका साथ प्रत्येक कवितामा देशसँग जोडेर आफूमा भएको देशभक्तिको गाथा सुसेल्दै गाउँदै यो धर्ती ऋषिमुनिहरूको तपोभूमि हो । जहाँ जन्मभूमिको गाथा गाएर कहिल्यै नथाक्ने कवि आफू दूरदेशमा भए पनि बाल्यकाल र शैशावस्था मनभरि आफ्नै बाल्यकाल बिताएको स्थान टाँस्दै सपनीमा पनि त्यही भूस्वर्गमा डुबुल्की मारिरहन पाउने कल्पनानुभूति गर्दछन् । आफू र बुद्धको जन्मस्थल एकै क्षेत्रमा भएको खुसी व्यक्त गर्दै कवि सुखको रङ्गीन रागमा तत्पर्तिदै चुर्लुम्म डुब्दै कवि कवितामा पोखिन पुग्छन् ।

कालीको तटमा उचा शिखरमा
गुल्मी रमेको छ नि
धर्ती व्योम सफा र निर्मल हुँदा
लाली जमेको अनि
आनन्दी वन, शैल, भृङ्ग, चिडिया
पार्थे मनै चञ्चल
हो जन्मस्थल बुद्ध र कविको त्यो
लुम्बिनी अञ्चल । (पृ.:२७)

युवाकवि मोतीरामको सम्झनाका लागि समस्यापूर्ति कविता लेखेर उनीप्रति शब्दगुच्छा अर्पण गरेका छन् । बालसाहित्यमा समेत दख्खल राख्ने ज्ञवालीको प्रस्तुत कृति सङ्ख्यात्मक दृष्टिले सानो छ । छन्दगत साधनामा पारङ्गत कविको प्रस्तुत कृतिमा पन्ध्रओटा वर्णमात्रिक, चारओटा झ्याउरे र तीनओटा सवाई छन्दका कविताहरू समेटिएका छन् । कृतिमा अन्त्यानुप्रासको कुशल संयोजन पाइन्छ । पूर्वीय ग्रन्थहरूको गहिरो अध्ययन गरेका कवि कवितामा त्यसको प्रभाव प्रच्छन्न रूपमा अभिव्यक्त गर्दछन् । सुकोमल शैलीमा प्रस्तुत गरिएका कवितापुञ्जमा विभिन्न अलङ्कार र बिम्बको कुशल समायोजनले बौद्धिकताको छनक दिन्छ ।

# 'बस्तीमा आगो' भित्र वासुदेव अधिकारी



• समीर पाखिन

नेपाली साहित्यमा आफ्नो अलग पहिचान बनाई सकेका समकालिन स्रष्टा वासुदेव अधिकारीको आठौँ कृतिको नाम हो 'बस्तीमा आगो' । प्रस्तुत सङ्ग्रहमा उनका कोरोनाकालभित्रको पनि चैत महिनादेखि साउन महिनासम्म लेखिएका ६१ कविताहरू सङ्कलित् छन् ।

विश्वव्यापी रूपमा फैलिएको कोरोनाले संसारलाई नै हल्लायो रूवायो र तर्सायो । धेरैलाई बेरोजार बनाएर सडकमा समेत ल्यायो । हुन त यसको मारबाट धनीहरू पनि बचेनन् तर पनि सबैभन्दा ठुलो मार दैनिक ज्याला र मजदुरीमा जीवनको डुङ्गा चलाईहरूलाई पऱ्यो । त्यो अकल्पनिय माहामारीको सेरोफेरोभित्र मनव जातीले भोग्नु परेको पीडाको केन्द्रविन्दुमा यो कृति जन्मेको हो




त्यतिखेर कोरोना मानव सभ्यताको लागि सर्वाधिक चुनौतीको विषय बनेको थियो । विश्वव्यापी रूपमा यसले पारेको आर्थिक, सामाजिक, सांस्कृतिक र मानवीय क्षतिको पहाड विशाल थियो र त्यो श्रृङ्खला अहिले पनि तोडिएको छैन । तर भर्खरै आएको भ्याक्सिनले मानिसहरूका मनमा आशाका विरूवाहरू उम्रन थालेको अवस्था भने छ ।

कोरोनाकालको पछिल्लो अवधिमा मानिसहरूले त्रसित हुने, विभिन्न आपत्तिजनक व्यवहार गर्ने, परस्पर भेदभाव, घृणा र अवहेलनाको भाव राख्ने चिन्तनलाई विस्तारै छाड्दै गएका छन् र उनीहरू भित्र सकारात्मकताले ठाउँ लिन थालिसकेको छ । सावधानी अपनाउन सकेमा यो रोगबाट बच्न सकिने रहेछ भन्ने आत्मविश्वास पलाउँदै गएको पनि छ ।

देशमा कोरोना देखिएसँगै सरकारले ११ चैत २०७६ देखि देशव्यापी रूपमा बन्दाबन्दी अर्थात् लकडाउन घोषणा गऱ्यो । यस्तो अवस्थामा कसरी सुरक्षित हुन सकिन्छ र हामी के गर्नु पर्छ भन्ने सन्दर्भमा कवि कोरोनालाई प्रतिप्रश्न गर्दै लेख्छन् –

हात धोइरहन्छु
कसरी सर्छौ ?
भीडभाडमा जान्नँ
कसरी भेट्छौ ?
परे मास्क लगाउँछु
कसरी सङ्क्रमित हुन्छौ ? (पृ.३)

कवि अधिकारी कोरोनाकाल र कोरोनाले ल्याएको विश्वव्यापी मानवीय समस्याका बारेमा लेख्दालेख्दै हामी नेपालीमा झाङ्गिँदै गैरहेको अरूको

आङ्को जुम्रा देख्ने तर आफ्नो आङ्को भैँसी समेत नदेख्ने प्रवृति माथि तिखो प्रहार गर्न पनि चुक्दैनन् । हाम्रो बिचमा गाली संस्कृति विकसित भैरहेकोप्रति कटाक्ष गर्दै उनी लेख्छन् –

प्रिय बन्दाबन्दी,
आफूलाई छाम्दै छु
आफैँलाई हेर्दै छु
विगतसँग बात मार्दै छु
संसार बनाउन
मुलुक सपार्न
अरूलाई कति गाली गरेँ
आफूले कति काम गरेँ
एक एक जोखिरहेछु
एक एक हिसाब निकालीरहेछु ( पृ.२०)

सहर कोरोनाले आक्रान्त बनिरहेका बेला गाउँ सुरक्षित ठानेर मानिस त्यता लागिरहेका छन् । जग्गा जमिन बाँझा छन् र घरहरू जीर्ण छन् । हामी भयावह अवस्थातिर गइरहेका त छैनौँ भन्ने सङ्केतका साथ कवि लेख्छन्–

एउटा कुरा सोधुँ ?
गाउँलेलाई रमाइलो छ गाउँ ?
हराभरा छ जमिन ?
पोटिलो छ तिनको भकारी ?
युवा छन् गाउँमा ?
कि कोरोना आतङ्कले रूँदै छन् कतारमा ?
तिनले समयमा बिउ किन्न पाएका छन् ?
मूल्य लिएर फसल बेच्न पाएका छन् ?
धेरै विषय छिमलेपछि
असङ्ख्य काँडाहरू टिपेपछि
बल्ल उदाउँछ गाउँमा घाम (पृ३३–३४)

देश सदियौँदेखि दु :खी रहेको छ । स्वार्थ समूहका आवाज बोक्नेहरू बाहेक सबैका मन कुँडिईरहेका छन् । जब हामी अप्ठेरोमा पर्छौ तब देश र देशको मानचित्र माथि गीद्दे नजर लगाउनेहरूको सक्रियता बढ्न थाल्छ । ती स्वार्थ समूह तयार पार्छन् र कार्य प्रारम्भ गर्छन् । दु :खको बेलाको यो परिस्थितिलाई कसरी सम्योग भन्नु भन्दै उनी लेख्छन्–

प्रिय बन्दाबन्दी
म थुनिनु
र माटो चोरिनु के
संयोग मात्र हो ?
रात पर्नु
र जङ्गे पिलर हराउनु
के संयोग मात्र हो ?
बाख्रा हराउँदै जानु
र चितुवा मोटाउँदै जानु
के संयोग मात्र हो ?
चकित छु म
जमिनदारलाई गबिको सुर्को
किन मन पर्छ ?
कयौँ मुखियालाई
मालिककै थुक किन मन पर्छै ? (पृ३९)

रोग न कसैले ल्याइदिएको हो न त हामीले आमन्त्रण गरेका हौँ तर पनि यो आयो । बेहार्न हामी वाध्य बन्यौ । हामी मात्र कहाँ हो र ? सारा संसार नै योबाट पीडित छ । निराकरण नभएसम्म हामीले दुख बोकिरहनु पर्छ भन्ने सन्देशका साथ यसरी लेख्छन् –

तिमीले कडैसित तर्सायौ
र हामी मात्तिएनौँ
तिमीले मजैले सिकायौ
र हामी आत्तिएनौँ
तिमीलाई गाली गरी गरी
हामी सुरक्षित भयौँ
हात धोई धोई
हामी सङ्क्रमण मुक्त भयौँ
(पृ.९०–९१)

बन्दाबन्दीको समयमा लेखिए पनि कविको आँखा धेरैतिर पुगेको छ र अनेकौ विषयवस्तुलाई आत्मसात गरेका छन् । यो नै सफल कविको पहिचान पनि हो । महामारीको समयमा पनि यति राम्रो कविताकृति तयार पार्नेलाई कविलाई हार्दिक बधाई तथा शुभकामना !

# सहुलियतपूर्ण कर्जा उपयोग गरौँ, स्वरोजगार बनी जीवनस्तर उकासौँ

युवाहरूलाई स्वरोजगार, व्यावसायिक र उद्यमशील बनाउने उद्देश्य राखी सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि २०७५ लागू गरिएको छ । यस कार्यविधि अन्तर्गत् ९ प्रकारका सहुलियतपूर्ण कर्जा जुनसुकै बैंक तथा वित्तीय संस्थाबाट प्राप्त गर्न सकिन्छ ।

क. व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा पाँच करोड रूपैयाँसम्म ।

ख. शिक्षित युवा स्वरोजगार कर्जा सात लाख रूपैयाँसम्म ।

ग. विदेशबाट फर्केका युवा परियोजना कर्जा दश लाख रूपैयाँसम्म ।

घ. महिला उद्यमशील कर्जा पन्ध्र लाख रूपैयाँसम्म ।

ङ. दलित समुदाय व्यवसाय विकास कर्जा दश लाख रूपैयाँसम्म ।

च. उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा पाँच लाख रूपैयाँसम्म ।

छ. भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा तीन लाख रूपैयाँसम्म ।

ज. कपडा उद्योग सञ्चालनको लागि पाँच करोड सम्म ।

झ. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट मान्यता प्राप्त संस्थाबाट लिइने तालिम आदिको लागि दुई लाख रूपैयाँसम्म ।

थप जानकारीका लागि नजिकको बैंक तथा वितीय संस्थामा सम्पर्क राखौँ ।

## नेपाल राष्ट्र बैंक

# काठमाडौँ महानगरपालिकाको
# सूचना तथा जानकारीमूलक सन्देश

१. यस नगरपालिकामा बस्ने नगरवासीहरूले जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाई सराई, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू ३५ दिनभित्र नै सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराउनु हुनको लागि सूचित गरिन्छ ।

२. नगरपालिकाद्वारा लागू गरिएको एकीकृत सम्पत्ति कर, करले होइन रहरले तिरौँ, नगर विकासमा आ-आफ्नो क्षेत्रबाट सहयोग गरौँ ।

३. यस नगरपालिकाबाट निर्धारण गरिएका मापदण्डहरू कार्यान्वयनमा सबैले सहयोग गरौँ :
   - फोहोरमैला आफ्नै जग्गामा मात्र फाल्ने व्यवस्था गर्नु पर्नेछ ।
   - अनिवार्य रूपमा शौचालय निर्माण गर्नुपर्नेछ र निकास नभएको ठाउँमा सेफ्टी ट्याङ्की निर्माण गर्नु पर्नेछ ।
   - निर्माण कार्य गर्दा सार्वजनिक जग्गा, प्रति जग्गा, पानी घाट, कुलो बाटो आदिको साँध सीमाना मिची कसेलाई हानी नोक्सानी पुऱ्याउन पाइने छैन ।
   - कसैको व्यक्तिगत जग्गा अतिक्रमण गरी हानी नोक्सानी पुऱ्याउन पाइने छैन ।
   - मापदण्डभन्दा बाहिर गएर घर, पर्खाल, टहरा, भऱ्याङ्, सेफ्टी ट्याङ्की, इनार आदि कुनै पनि प्रकारका निर्माण कार्यहरू गर्न पाइने छैन ।

**यदि यसरी कसैले निर्माण गरिसकेका छन् भने त्यस्ता निर्माणहरुलाई क्रमशः हटाइँदै जाने व्यहोरा जानकारी गराइन्छ ।**

## काठमाडौँ महानगरपालिका
**बागदरबार, काठमाडौँ**

**शीतलहरको समयमा चिसोका कारण मानिसको मृत्यु समेत हुनसक्छ, त्यसैले :**

१. न्यानो कपडाको जोहो समयमै गरौँ ।

२. शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घर बाहिर निस्कनु परेमा वा धेरै समय विताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ ।

३. रातको समयमा सिरक, कम्बल जस्ता न्यानो कपडा ओढ्ने गरौँ । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ ।

४. शीतलहर चलेको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खानेकुराहरु खानेबानीको विकास गरौँ ।

नेपाल सरकार

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

सूचना तथा प्रसारण विभाग

**कोसेली पठाउनु हुने साहित्यकार भवानी तावालाई**
**नवप्रज्ञापनको विशेष धन्यवाद !**



# एऽ कुरा त्यस्तो ?

